मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

गण्डकी प्रदेश, पोखरा, नेपाल

प्रतिवेदन

" प्रदेश नीति/ऐनहरुको उत्तर विधायिकीको परीक्षण "

{१. गण्डकी प्रदेश सुशासन ऐन, २०७६ २. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ ३. गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ ४. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ ५. स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन, २०७५ ६. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ ७. गण्डकी प्रदेश सहकारी ऐन, २०७५}

अन्तिम प्रतिवेदन

उत्तर-विधायकी परीक्षण (PLS) संयन्त्र स्थापनामा सहयोग

पेश गर्ने:	क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी (Creative Media & Research Consultancy), काठमाडौं, नेपाल
पेश गरिएको कार्यालय:	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, नेपाल
सम्झौता नं.:	OCMCM-PLGSP-QCBS-05-08283
पेश गरिएको मिति:	29 june, 2026

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

*प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (**PLGSP),***

गण्डकी प्रदेश, पोखरा, नेपाल

कार्यकारी सारांश

गण्डकी प्रदेश सरकारद्वारा तर्जुमा गरिएका प्रमुख ७ वटा प्रादेशिक ऐनहरूको कार्यान्वयनको अवस्था, संवैधानिक तादाम्यता, व्यावहारिक प्रभावकारिता र समावेशीता पहिल्याउन यो उत्तर-विधायिकी परीक्षण (Post-Legislative Scrutiny - PLS) अध्ययन गरिएको हो । ऐन निर्माण भए पश्चात् तिनले निर्दिष्ट गरेका लक्ष्यहरू हासिल भए/नभएको, तल्लो तहका नागरिक र सीमान्तकृत समुदायसम्म कानुनको लाभ पुगे/नपुगेको र संघीय तथा स्थानीय कानुनसँग क्षेत्राधिकार बाझिएको वा नबाझिएको यकिन गरी ठोस दफावार सुधारका सुझावहरू यो प्रतिवेदनमा समेटिएको छ ।

सरोकारवालासँगको परामर्श र नागरिक पृष्ठपोषण अध्ययनका क्रममा ऐन लक्षित् सबै मन्त्रालय, सहकारी रजिष्टारको कार्यालय, **मुख्य न्यायाधिवक्ता कार्यालय,** जिल्ला समन्वय समिति, कास्की, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, देवचुली नगरपालिका र मुस्ताङको घरपझोङ गाउँपालिकासहित विभिन्न स्थानीय तहमा स्थलगत परामर्श, मुख्य सूचनादाता अन्तर्वार्ता र लक्षित समूह छलफल सञ्चालन गरिएका थिए ।

परीक्षण गरिएका कृषि, पर्यटन, बालबालिका र सहकारी संग सम्बन्धित ऐनहरूमा संघीय कानुन र स्थानीय तहको एकल अधिकार क्षेत्रबीच दोहोरोपन र अस्पष्टता देखिएको छ । कृषि, पर्यटन र सहकारी ऐनमा स्थानीय तहले गर्ने नियमन र प्रदेशको क्षेत्राधिकार स्पष्ट नहुँदा कार्यान्वयनमा अन्योल छ । पर्यटन ऐनमा होटल वर्गीकरण र होमस्टे दर्ता प्रक्रिया अझै पनि झन्झटिलो रहेको पाइएको छ । विदेशी मुद्रामै कारोबार गर्नुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंक ऐनसँग बाझिएको, व्यवसाय इजाजतपत्र नवीकरणको पाँच वर्षे अवधि लामो भई निष्क्रिय फर्महरूको अभिलेख अद्यावधिक हुन नसकेको र अनधिकृत व्यवसाय सञ्चालनमा हालको जरिवाना अत्यन्त कम भई निरुत्साहित गर्न नसकेकोले ऐन संसोधन गर्नु आवस्यक देखिएको छ । स्थानीय तहले कृषिमा आफ्नो नियमावली बनाउँदा प्रदेशको ऐनलाई प्रतिकुल गर्न नपाउने ब्यबस्था भएपनि व्यवहारमा स्थानीय तहहरूले आफ्नो 'स्वायत्तता' देखाउन फरक नियम बनाउने गरेका छन् , र प्रदेशले त्यसलाई खारेज गर्ने कानुनी आधारमा मौन बसेको देखिएको छ। अनुदानलाई उत्पादन वा प्रतिफलमा आधारित बनाउने, डिजिटल बजार र न्यूनतम समर्थन मूल्यको ग्यारेन्टी दिने, र सीमान्तकृत किसानलाई ब्याज अनुदान तथा प्रविधिमा पचहत्तर प्रतिशतसम्म सहुलियतको प्राबधान ऐनमा राख्नुपर्ने सुझाब आएका छन् । गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ को अध्ययनले सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोक्नेबाहेक नागरिकको सहज पहुँचका लागि व्यावहारिक व्यवधानहरू कायमै रहेको औंल्याएको छ ।

सुशासन र सूचनाको हक सम्बन्धी ऐनहरूमा प्रविधिमैत्री खुला डाटा , डिजिटल हस्ताक्षर र स्वचालित सामाजिक परीक्षणको स्पष्ट कानुनी बाध्यता नहुँदा पारदर्शिताको पाटो कमजोर देखिएको छ । बालबालिका

अधिकार र GESI मूलप्रवाहीकरण,: बालबालिका सम्बन्धी ऐनमा प्रादेशिक बाल कोष र बाल न्यायको विषय समेटिए पनि स्थानीय तहका एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र अन्य सुरक्षा सञ्जालसँग एकीकृत आबद्धताको कमी छ । प्रदेश बालबालिका सम्बन्धी ऐनको बाल संरक्षण समिति सञ्चालन निर्देशिका र बाल न्याय प्रक्रिया मार्गदर्शन तत्काल बनाउन आबस्यक देखिन्छ ।

गण्डकी प्रदेश सुशासन ऐन, २०७६ को परीक्षणका क्रममा प्रशासनिक जवाफदेहिता र सेवा प्रवाहको न्यूनतम मापदण्डबीच तालमेल नमिल्नु मुख्य चुनौतीका रूपमा देखिएको छ । सबै ऐनहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को दृष्टिकोण त राखिएको छ, तर महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको 'गुणस्तरीय र निर्णायक' सहभागिता सुनिश्चित गर्ने प्रावधानको अभाव छ । साथै, स्थानीय तह र प्रदेशस्तरमा सूचनाको स्वतः प्रकाशन, नागरिक बडापत्रको पूर्ण पालना र गुनासो व्यवस्थापन संयन्त्रको बाध्यात्मक कानुनी पालना कमजोर पाइएको छ ।

छलफलका सहभागी नागरिकहरु अध्ययन गरिएका कानुन संग कम जानकार रहेको पाइयो । नागरिक पृष्ठपोषणका क्रममा स्थानीय सभा सञ्चालन ऐन "बजेट पास गर्ने परम्परागत थलो" मा मात्र सीमित भएको, पर्यटन र सहकारी नियन्त्रणमुखी भएको तथा सूचनाको हक व्यावहारिक रूपमा नागरिकको पहुँचमा पुग्न नसकेको जस्ता सवालहरू उठाएका छन् । नगर/गाउँ सभा र मन्त्रालयहरुले गर्ने हरेक महत्वपुर्ण बैठक तथा निर्णयहरु प्रत्यक्ष सार्वजानिकीकरण गर्नु पर्ने माग नागरिकहरुको छ ।

परिक्षण गरिएका कानुनहरुको अध्ययन गर्दा, सुदृढ र जनमुखी शासन व्यवस्थाका लागि वैज्ञानिक एवं प्रभावकारी कानुन निर्माण गर्न तथ्य र तथ्याङ्कमा आधारित प्रमाणमुखी नीति निर्माण र पूर्व-विधायिकी परीक्षण प्रणाली लागू गर्न आवश्यक छ। कानुन कार्यान्वयनको वास्तविक प्रभाव बुझ्न प्रदेश सभाको नियमित अभ्यास, निरन्तर जनमत सङ्कलन र सरोकारवालासँगको व्यापक विमर्श मार्फत उत्तर-विधायिकी परीक्षणलाई संस्थागत गर्न अपरिहार्य देखिन्छ। नजिरको रुपमा स्थानीय जनप्रतिनिधिहरूको सुविधा सम्बन्धी ऐन खारेजीले स्थानीय सभा संचालन ऐनलाई. रात्रीकालीन पर्यटन ब्यबसायको पक्षमा आएको फैसलाले पर्यटन ऐनलाई तथा, सहकारीहरूले बचतकर्ताको रकम फिर्ता नगरेपछि प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय र प्रदेश सरकारलाई विपक्षी बनाई उच्च अदालत पोखरामा संयुक्त र व्यक्तिगत प्रकृतिका रिट परेको र फैसलाले सहकारी ऐनलाइ चुनौती दिएको छ ।यसै गरी, नीतिहरू तर्जुमा गर्दा संघीय कानुन प्रतिकुल नहुने गरि, स्थानीय स्वायत्ततामा असर नपर्ने गरि र अदालतका फैसलाहरूलाई पूर्ण आत्मसात् गर्दै कानुनी नजिरको पालना गर्न जरुरी छ, जसले निर्मित कानुन बदर हुने जोखिमलाई न्यूनीकरण गर्दछ। अन्ततः, साझा उत्तरदायित्व र पूर्ण सफलता हासिल गर्नका लागि राजनीतिक प्रतिबद्धता, प्रशासनिक सुधार तथा पर्याप्त स्रोत व्यवस्थापनसहित प्रदेश सरकार, स्थानीय तह र नागरिक समाज लगायत सबै सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक छ। अन्तमा, मुख्य ऐन जारी भएको निश्चित समयभित्र त्यसको नियमावली, कार्यविधि र वित्तीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनिवार्य रूपमा तयार गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू गर्न सुझाव दिइएको छ ।

बिषय सुची

कार्यकारी सारांश iii
परिच्छेद -१ः परिचय १
१.१ अध्ययनको पृष्ठभूमि १
१.२ उत्तर-विधायिकी परीक्षणको औचित्य र आवश्यकता १
१..३ अध्ययनका उद्देश्यहरू २
परिच्छेद २ः अध्ययन विधि ५
२.१ अध्ययनको समग्र ढाँचा ५
२.२ तथ्याङ्क संकलनका विधि तथा औजारहरू ५
२.३ संस्थागत तथा प्रक्रियागत परीक्षण ५
परिच्छेद ३ः कानुनी तथा नीतिगत विश्लेषण ७
३.१ संवैधानिक तादात्म्यता र क्षेत्राधिकारको विश्लेषण ७
३.२ सहायक कानुनको अवस्था ७
३.३ न्यायिक व्याख्या र नजिरहरूको प्रभाव ८
परिच्छेद ४ः संस्थागत तथा प्रक्रियागत परीक्षण ९
४.१ कानुन कार्यान्वयन गर्ने निकायहरूको क्षमता र संरचनागत अवस्था ९
४.२ साधन-स्रोतको उपलब्धताः बजेट, जनशक्ति र पूर्वाधार ९
४.३ अन्तर-तह तथा अन्तर-निकाय समन्वयको अवस्था र चुनौतीहरू १०
परिच्छेद ५ः प्रभाव, नतिजा र समावेशीकरण मूल्याङ्कन ११
५.२ सामाजिक-आर्थिक प्रभाव र सेवाग्राहीको सन्तुष्टि ११
५.३ रूपान्तरणकारी लैंगिक तथा सामाजिक समावेशीकरण १२
परिच्छेद ६ः ऐनहरुको कानूनगत छलफल तथा दफावार सुझावहरू १४
६.१ गण्डकी प्रदेश सुशासन ऐन, २०७६ .... १४
६.१.१ ऐनका मुख्य प्रावधानहरू १४
६.१.२ सरोकारवाला संग छलफल तथा सुझाब १५
६.१.३ संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू १७
६.१.४ नयाँ थप गर्नुपर्ने दफाहरू १८
६.१.५ कानुनको प्रभावकारिता, दक्षता, प्रासंगिकता १९
६.१.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) दृष्टिकोण १९

६.२ गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ .... २०
१. ऐनका प्रमुख प्रावधानहरू २०
६.१.२ सरोकारवाला संग छलफल तथा सुझाब २०
६.१.३ महिला तथा सीमान्तकृत समुदायको अधिकार र पहुँचको विश्लेषण २१
६.१.४ ऐनको संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू २२
६.३ गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ .... २५
६.३.१ ऐनका प्रमुख प्रावधानहरू २५
६.३.२ सरोकारवाला संग छलफल तथा सुझाब २६
६.३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण २६
६.३.४ दफावार संशोधनका सुझावहरूः २७
६.४ प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ .... ३०
६.४.१ ऐनका प्रमुख प्रावधानहरू ३०
६.४.२ संघीय कानुन, संविधान र स्थानीय तहका अधिकारसँग तादाम्यता एवं क्षेत्राधिकारको स्पष्टता ३१
६.४. ३ सरोकारवाला संग छलफल तथा सुझाब संकलन ३२
६.४.४ सीमान्तकृत समुदायको अधिकार र पहुँचमा प्रभावको विश्लेषण ३२
६.४.५ कानुनमा भएका ब्यबस्थामाथि ठोस सुझावहरू ३३
६.४.६ दफावार संशोधनका सुझावहरूः ३४
६.४.७ थप गर्नुपर्ने नयाँ दफाका लागि सुझाब ३६
६.५ 'स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५' ३७
६.५.१ प्रमुख प्राबधान ३७
६.५.२ सरोकारवाला संग छलफल तथा सुझाब संकलन ४०
६.५.३. संघीय कानुन, संविधान र स्थानीय तहका अधिकारसँग क्षेत्राधिकारको स्पष्टता ४४
६.५.४ महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायमा प्रभाव ४५
६.६ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ .... ४८
६.६.१ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ का प्रमुख प्राबधान ४८
६.६.२ संवैधानिक अनुकूलता र क्षेत्राधिकारको स्पष्टता (बाझिएको/नबाझिएको) ५०
६.६.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण ५०

६.६.४ संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू ५१

६.६.५ ऐनमा थप गर्नुपर्ने नयाँ व्यवस्थाका सुझाबहरु ५२

६.७ गण्डकी प्रदेश सहकारी ऐन, २०७५ .... ५४

६.७.१ ऐनका प्रमुख प्रावधानहरू ५४

६.७.२. क्षेत्राधिकारको स्पष्टता ५५

६.७.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण ५५

६.७.४ कानुनमा गर्नुपर्ने संशोधन, खारेजी वा नयाँ व्यवस्थाका लागि ठोस सुझावहरू ५६

परिच्छेद ७: प्रमाणमा आधारित सिफारिस खाका तथा निष्कर्ष ६०

७.१ प्रादेशिक ऐनहरूः विवाद, मुद्दा मामिला र न्यायिक नजिरहरूको अवस्था ६२

७.२ कानुन निर्माण ढाँचा संस्थागत संयन्त्र ६४

७.२.३ नजिरको बिस्तृत फैसला तथा असर ६५

७..३ समग्र सिफारिसहरू (तत्काल, मध्यकालीन, र दीर्घकालीन) ७०

अनुसूची १ नीति निर्माताहरू विषयविज्ञ, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको सुची ८२

अनुसूची २ कानूनको ऐन कार्यान्वयन मापन, कार्यविधि (खाका) ८४

अनुसूची ३ : गहन अन्तर्वार्ता प्रश्नावली ८८

परिच्छेद -१ः परिचय

१.१ अध्ययनको पृष्ठभूमि

नेपाल सरकारको राष्ट्रिय कार्यक्रम 'प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP)' को मुख्य उद्देश्य संघीयतालाई संस्थागत गर्ने, शासकीय सुधार ल्याउने र संघ, प्रदेश तथा स्थानीय सरकारहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नु हो। नेपालको संविधानको धारा १९७ बमोजिम गण्डकी प्रदेश सभालाई प्रदेश सूची र साझा सूचीका विषयहरूमा कानुन निर्माण गर्ने पूर्ण अधिकार प्राप्त छ। सोही अनुरूप प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रभित्र पर्ने प्रशासनिक, आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रलाई व्यवस्थित गर्न विभिन्न नीति तथा ऐनहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

यद्यपि, कानुन निर्माण हुनुमात्र पर्याप्त नभई त्यसले परिकल्पना गरेका लक्ष्यहरू प्राप्त भए/नभएको र ती कानुनहरू व्यवहारमा कत्तिको सान्दर्भिक छन् भनी निरन्तर समीक्षा गर्नु लोकतान्त्रिक विधिशास्त्रको अभिन्न अङ्ग हो। यसै सन्दर्भमा, गण्डकी प्रदेशमा निर्मित कानुनहरूको गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्दै समावेशी र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न तथा विधायिकी शून्यता एवं दोहोरोपन अन्त्य गर्न यो 'उत्तर-विधायिकी परीक्षण' (Post-Legislative Scrutiny - PLS) अध्ययन सुरु गरिएको हो।

१.२ उत्तर-विधायिकी परीक्षणको औचित्य र आवश्यकता

गण्डकी प्रदेश सरकारले निर्माण गरेका कानुनहरूको कार्यान्वयनको प्रभावकारिता मापन गर्न र 'कानुनी ग्याप' पहिचान गर्न यस परीक्षणको आवश्यकता रहेको छ। कानुन निर्माण भएपछि सो अनुसारका नियमावली, निर्देशिका र आवश्यक संस्थागत संरचनाहरू पूर्ण रूपमा बने/नबनेको र विनियोजित बजेट तथा जनशक्तिको सही सदुपयोग भए/नभएको जाँच गर्न यो परीक्षण अपरिहार्य छ। यसले कानुनलाई केवल दस्ताबेजमा मात्र सीमित नराखी नागरिकको जीवनमा सकारात्मक प्रभाव पार्ने जीवन्त संयन्त्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउँछ।

साथै, प्रदेशका कानुनहरू संघीय र स्थानीय कानुनहरूसँग बाझिएको अवस्थामा सुधार गर्न, कार्यक्षेत्रको दोहोरोपन हटाउन र रूपान्तरणकारी लैंगिक तथा सामाजिक समावेशीकरण (Transformative GESI) को मर्म अनुरूप महिला तथा सीमान्तकृत समुदायको हित सुनिश्चित गर्न यस अध्ययनको विशेष औचित्य रहेको छ। यसले आगामी दिनमा कानुन निर्माण प्रक्रियालाई हचुवाको भरमा नभई तथ्य र प्रमाणमा आधारित बनाउन जग बसाल्नेछ।

१..३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको प्रमुख उद्देश्य गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएका प्रमुख नीति/ऐनहरूको कार्यान्वयनको अवस्था, प्रभावकारिता र सान्दर्भिकताको वैज्ञानिक मूल्याङ्कन गरी ती कानुनहरूलाई थप जनमुखी, परिमार्जित र कार्यान्वयनयोग्य बनाउन आवश्यक नीतिगत सुझावहरू प्रस्तुत गर्नु हो। यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन ।

- छनोट गरिएका नीति/ऐनहरू कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि, निर्देशिका र संस्थागत संरचनाहरूको निर्माण तथा क्रियाशीलताको अवस्था पहिचान गर्ने।
- प्रादेशिक नीति/ऐनका व्यवस्थाहरू नेपालको संविधान, संघीय कानुन र स्थानीय तहका अधिकारहरूसँग बाझिएका छन् वा छैनन् भनी परीक्षण गर्ने र क्षेत्राधिकारको स्पष्टता सुनिश्चित गर्ने।
- नीति/ऐनले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त भए/नभएको मापन गर्ने र कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक चुनौती तथा अवरोधहरू पत्ता लगाउने।
- नीति/ऐनका प्रावधानहरूले महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको अधिकार, पहुँच र सहभागितामा पारेको प्रभावको सूक्ष्म विश्लेषण गर्ने।
- अध्ययनका निष्कर्षका आधारमा नीति/ऐनमा गर्नुपर्ने आवश्यक संशोधन, परिमार्जन, खारेजी वा नयाँ कानुनी व्यवस्थाका लागि प्रदेश सरकार र प्रदेश सभालाई ठोस एवं व्यावहारिक सुझावहरू उपलब्ध गराउने।
- कानुन निर्माणपछिको निरन्तर अनुगमन र समीक्षा गर्ने परिपाटीको विकास गरी प्रदेशको विधायिकी प्रणालीलाई थप पारदर्शी र उत्तरदायी बनाउन सहयोग पुर्‍याउने।

१.४ परीक्षण गरिएका ७ वटा प्रादेशिक ऐनहरू

यस उत्तर-विधायिकी परीक्षण अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र सम्बन्धित मन्त्रालयहरूको समन्वयमा गण्डकी प्रदेशका देहायबमोजिमका ७ वटा प्रमुख ऐनहरूको अध्ययन गरिएको छ ।

१. गण्डकी प्रदेश सुशासन ऐन, २०७६

२. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९

३. गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९

४. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८

५. स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन, २०७५

६. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७

७. गण्डकी प्रदेश सहकारी ऐन, २०७५

१.५ अध्ययनको दायरा

यस अध्ययनको दायरामा माथि उल्लेखित ७ वटा ऐनहरूको विस्तृत समीक्षा समेटिएको छ। यस अन्तर्गत कानुनी र नीतिगत विश्लेषण (संविधान र संघीय कानुनसँगको तादात्म्यता एवं न्यायिक नजिरहरूको अध्ययन), संस्थागत र प्रक्रियागत परीक्षण (कार्यान्वयन गर्ने निकायको क्षमता, बजेट, जनशक्ति र अन्तर-निकाय समन्वयको अवस्था), र प्रभाव तथा नतिजा मूल्याङ्कन (सामाजिक-आर्थिक प्रभाव र सेवाग्राहीको सन्तुष्टि) पर्दछन्। यसका अतिरिक्त, 'Transformative GESI' को दृष्टिकोणबाट ऐनका प्रावधानहरूले सामाजिक विभेद अन्त्य र समावेशिता प्रवर्द्धनमा पुऱ्याएको योगदानको विश्लेषण र सरोकारवालाहरूसँगको स्थलगत जनमत संकलन यस अध्ययनको प्रमुख कार्यदायरा भित्र पर्दछ।

१.६ अन्य देशको अभ्यास

उत्तर विधायिकी परीक्षण (Post-Legislative Scrutiny - PLS) भनेको कानुन निर्माण भएपछि त्यसले तोकेको उद्देश्य पूरा गर्यो कि गरेन, कार्यान्वयनमा के-कस्ता व्यावहारिक जटिलताहरू आए र त्यसले समाजमा कस्तो प्रभाव पार्यो भनी गरिने अध्ययन हो। यसको सुरुवात र अभ्यासको कुरा गर्दा, जर्मनीलाई युरोपमा कानुनको प्रभाव मूल्याङ्कन र PLSको जग बसाल्ने अग्रणी देश मानिन्छ, जहाँको तल्लो सदनले सन् १९७०/८० को दशकदेखि नै कानुन निर्माण हुनुभन्दा अघि (Ex-ante) र लागू भइसकेपछि (Ex-post) को प्रभाव मूल्याङ्कनलाई जोड दिन थालेको थियो र त्यहाँको 'सङ्घीय तथ्याङ्क कार्यालय' ले कानुन लागू भएपछि नागरिक र प्रशासनमा परेको वित्तीय तथा प्रशासनिक भारको निरन्तर प्राविधिक परीक्षण गर्छन्। त्यसैगरी, बेलायतमा PLS लाई औपचारिकता दिँदै सरकारी ऐनहरू लागू भएको ३ देखि ५ वर्षभित्र अनिवार्य रूपमा तिनको समीक्षा गरिनुपर्ने सिफारिस गरियो र सन् २००८ देखि सरकारले ऐन कार्यान्वयनको संक्षिप्त प्रतिवेदन सम्बन्धित संसदीय समितिलाई बुझाउने र संसदले त्यसको विस्तृत परीक्षण गर्ने प्रणालीगत अभ्यास सुरु भयो। विकासोन्मुख र एसियाली मुलुकहरूमध्ये इन्डोनेसियामा PLS को संस्थागत संरचना निकै बलियो छ, जहाँ सन् २००९ मा संसदमा 'विधान

समिति' लाई कानुनहरूको उत्तर विधायिकी परीक्षण गर्ने कानुनी म्यान्डेट नै दिइयो र यो समितिले कुनै पनि कानुन अदालतका फैसला, नागरिकका गुनासा र व्यावहारिक कार्यन्वयनसँग कत्तिको मेल खान्छ भनी नियमित अनुगमन गर्दछ। भारतमा PLS को लागि कुनै छुट्टै वा विशिष्ट 'उत्तर विधायिकी परीक्षण समिति' नभए पनि त्यहाँको संसदीय प्रणालीमा विभिन्न समितिहरू मार्फत यसको अभ्यास अप्रत्यक्ष रूपमा लामो समयदेखि हुँदै आएको छ।

नेपालमा भने, संबिधान जारी भएपछि बनेको राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५७ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले यसलाई संस्थागत रूपमा अगाडि बढाएको हो । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले न्यूनतम तीन वर्ष पुराना कानूनको PLS गर्ने प्रक्रिया तय गरेको छ । खेलकुद विकास ऐन, २०७७ मा ऐन प्रमाणीकरण भएको ५ वर्षपछि यसको प्रभावकारिता मूल्यांकन गर्नुपर्ने व्यवस्था राखिएको छ। हाल प्रदेश सभाहरूले समेत आफ्ना विषयगत समितिहरू मार्फत कानुनहरूको उत्तर-विधायिकी परीक्षण गर्ने अभ्यास सुरु भएको छ ।

परिच्छेद २: अध्ययन विधि

२.१ अध्ययनको समग्र ढाँचा

यस उत्तर-विधायिकी परीक्षण (PLS) ले कानुनी दस्तावेजका सैद्धान्तिक व्यवस्थाहरू र तिनको व्यावहारिक कार्यान्वयन बीचको अवस्था मापन गर्न मिश्रित अध्ययन विधि अवलम्बन गरेको छ। यस अध्ययनले नीति/ऐनका प्रारम्भिक लक्ष्यहरू र हालसम्म प्राप्त भएका वास्तविक उपलब्धिहरूको तुलनात्मक अध्ययन गर्दै कानुन कार्यान्वयनको खाडल पहिचान गर्नेछ। यसका लागि कानुनी विश्लेषणका साथै गुणात्मक र परिमाणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण गरिएको छ ।

२.२ तथ्याङ्क संकलनका विधि तथा औजारहरू

यस अध्ययनका लागि आवश्यक पर्ने अध्ययन प्रश्नावली, चेकलिस्ट र वैज्ञानिक सूचकहरूको विकास गरी देहायका विधिमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ :

- **अभिलेख समीक्षा र कानुनी विश्लेषण :** छनोट गरिएका ७ वटा प्रादेशिक नीति/ऐनहरू र सो अन्तर्गतका सहायक कानुनहरू (नियमावली, मापदण्ड र कार्यविधि) बीचको सामञ्जस्यताको परीक्षण गरिएको छ । प्रादेशिक ऐनका प्रावधानहरू नेपालको संविधान, संघीय कानुन र स्थानीय तहको अधिकार क्षेत्रसँग बाझिएका छन् वा छैनन् भनी तुलनात्मक विश्लेषण गरिएको छ । साथै, सर्वोच्च अदालत वा अन्य अदालतबाट यी नीति/ऐनहरूको व्याख्या गर्दै भएका फैसला र नजिरहरूको विस्तृत अध्ययन गरिएको छ ।

- **मुख्य सूचनादाता अन्तर्वार्ता :** कानुन कार्यान्वयनको अवस्था र चुनौतीहरूबारे बुझ्न नीति निर्माताहरू, कार्यान्वयन गर्ने निकायका अधिकारीहरू र विषयविज्ञहरूसँग गहन परामर्श गरिएको छ ।

- **लक्षित समूह छलफल र स्थलगत अध्ययन :** कानुनका उपभोक्ता र सेवाग्राहीहरूसँग कानुनको प्रभावबारे प्रत्यक्ष छलफल गर्न छनोट भएका नीति/ऐनहरूको प्रभाव क्षेत्रमा पुगी स्थलगत अध्ययन तथा जनमत सङ्कलन गरिएको छ । यस क्रममा विशेष गरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायसँग लक्षित समूह छलफल संचालन गरिएको छ ।

२.३ संस्थागत तथा प्रक्रियागत परीक्षण

ऐनले परिकल्पना गरेका संरचना तथा समितिहरूको गठन र तिनको क्रियाशीलताको अवस्था जाँच गरिएको छ । कानुन कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको प्रशासनिक क्षमता मूल्याङ्कन गर्नुका साथै ऐनले तोकेका

लक्ष्यहरू प्राप्त गर्न विनियोजित बजेट, जनशक्ति र भौतिक स्रोतसाधनको पर्याप्तताको समीक्षा गरिएको छ । यसका अतिरिक्त, कार्यान्वयन प्रक्रियामा संघ, प्रदेश र स्थानीय तह बीचको अन्तर-निकाय समन्वयको अवस्था र त्यसमा देखिएका बाधाहरू पहिचान गरिएको छ ।

सङ्कलित तथ्याङ्कहरूलाई **रूपान्तरणकारी लैंगिक तथा सामाजिक समावेशीकरण (Transformative GESI)** को दृष्टिकोणबाट विश्लेषण गरिएको छ । नीति/ऐनका प्रावधानहरूले सामाजिक विभेद अन्त्य गर्न, समावेशिता प्रवर्द्धन गर्न र सीमान्तकृत वर्गको पहुँच एवं सहभागितामा ल्याएको परिवर्तनको तथ्याङ्कीय र गुणात्मक मूल्याङ्कन गरिएको छ । अन्ततः सबै तथ्य र तथ्याङ्कहरूको विश्लेषण गरी कानुन कार्यान्वयनमा देखिएका खाडल (ग्याप) पहिचान गरिएको छ र नीति/ऐनमा गर्नुपर्ने खारेजी, परिमार्जन वा दफावार संशोधनका लागि प्रमाणमा आधारित सुझावहरू तयार गरिएको छ ।

परिच्छेद ३: कानुनी तथा नीतिगत विश्लेषण

यस परिच्छेद अन्तर्गत गण्डकी प्रदेश सरकारद्वारा छनोट गरिएका ७ वटा प्रमुख ऐनहरूको गहन कानुनी समीक्षा प्रस्तुत गरिएको छ। कानुनको प्रभावकारी कार्यान्वयनका लागि यसको संवैधानिक आधार, क्षेत्राधिकारको स्पष्टता, सहायक कानुनहरूको निर्माणको अवस्था र न्यायिक व्याख्याहरूको विश्लेषण देहायबमोजिम गरिएको छ ।

३.१ संवैधानिक तादात्म्यता र क्षेत्राधिकारको विश्लेषण

कुनै पनि प्रादेशिक कानुनको वैधता नेपालको संविधान र संघीय कानुनसँगको तादात्म्यतामा निर्भर रहन्छ। यस खण्डमा परीक्षण गरिएका ७ वटा ऐनहरू (सुशासन, पर्यटन, सूचनाको हक, बालबालिका, सभा संचालन, कृषि व्यवसाय प्रवर्द्धन, र सहकारी ऐन) संविधानको धारा १९७ बमोजिम प्रदेशको एकल वा साझा अधिकार सूचीको सीमाभित्र रहे/नरहेको तुलनात्मक विश्लेषण गरिएको छ।

- **संविधान र संघीय कानुनसँगको तादात्म्यता:** प्रादेशिक नीति/ऐनका व्यवस्थाहरू नेपालको संविधान, संघीय कानुन र नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग बाझिएका छन् वा छैनन् भनी विस्तृत रूपमा परीक्षण गरिएको छ। बाझिएको हदसम्म कानुन अमान्य हुने कानुनी सिद्धान्तका आधारमा पहिचान गरिएका 'कानुनी ग्याप' र त्रुटिहरूलाई यहाँ सूचीकृत गरिएको छ।

- **क्षेत्राधिकारको स्पष्टता (संघ, प्रदेश र स्थानीय तह):** विशेष गरी साझा अधिकार सूचीमा पर्ने कृषि, पर्यटन र सहकारी जस्ता विषयहरूमा प्रदेश कानुन र स्थानीय तहको अधिकार क्षेत्र बीच देखिएको दोहोरोपन र अधिकारको टकरावलाई यसमा विश्लेषण गरिएको छ।

३.२ सहायक कानुनको अवस्था

मूल ऐनलाई व्यवहारमा उतार्न र कार्यान्वयन योग्य बनाउन आवश्यक पर्ने नियमावली, कार्यविधि र निर्देशिकाहरूको अभावमा 'विधायिकी शून्यता' सिर्जना हुने गर्दछ। यस खण्डमा देहायका विषयहरूको समीक्षा गरिएको छ ।

- परीक्षण गरिएका ७ वटा नीति/ऐनहरू कार्यान्वयनका लागि अनिवार्य मानिएका सहायक कानुनहरू (नियमावली, मापदण्ड र कार्यविधिहरू) निर्माण भए/नभएको अवस्थाको पहिचान।

- निर्माण भइसकेका सहायक कानुनहरू मूल नीति/ऐनको भावना र उद्देश्य अनुरूप रहे/नरहेको र तिनले ऐनको अधिकार क्षेत्र नाघेको/ननाघेको भन्ने कुराको सामञ्जस्यता परीक्षण।

३.३ न्यायिक व्याख्या र नजिरहरूको प्रभाव

कानुनको अन्तिम व्याख्या गर्ने अधिकार अदालतमा निहित रहने भएकाले, अदालतका फैसलाहरूले कानुन कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पार्दछन्।

- गण्डकी प्रदेशका उक्त ७ वटा नीति/ऐनहरू वा यससँग सम्बन्धित विषयवस्तुहरूमा सर्वोच्च अदालत वा अन्य तहका अदालतबाट (उच्च अदालत पोखरा लगायत) भएका कानुनी व्याख्याहरूको अध्ययन गरेको छ ।
- ती अदालतबाट जारी भएका परमादेश वा अन्य फैसला र नजिरहरूले यी नीति/ऐनहरूको कार्यान्वयनमा पारेको प्रभाव उल्लेख छ । गण्डकी प्रदेशसभाले स्थानीय जनप्रतिनिधिहरूको सुविधा सम्बन्धी बनाएको ऐन सर्वोच्च अदालतमा चुनौती परेपछि उक्त नजिरले स्थानीय तहको सभा सञ्चालन र वित्तीय अधिकारको सीमालाई प्रभावित पारी प्रदेशहरूलाई कानुन संशोधन गर्न बाध्य बनायो भने गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ अन्तर्गत विदेशी मुद्रामै कारोबार गर्नुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंक ऐन तथा विदेशी विनिमयसम्बन्धी संघीय कानुनसँग बाझिएको भन्दै व्यवसायीहरूले कानुनी आपत्ति जनाए, जसले साना व्यवसायीका लागि अव्यावहारिकता सिर्जना गर्यो। त्यसैगरी, पोखराको लेकसाइड क्षेत्रको रात्रिकालीन व्यवसायसम्बन्धी विवादमा उच्च अदालत पोखराले प्रदेश र स्थानीय सरकारलाई मापदण्ड बनाई व्यवसाय व्यवस्थित र मर्यादित गर्न निर्देशनात्मक आदेश जारी गर्दै यस क्षेत्रमा पनि नयाँ कानुनी नजिर स्थापित गर्यो।
- गण्डकी प्रदेश यी बाहेक आध्ययन गरिएका ऐनहरुमा, अन्य गम्भीर प्रकृतिका मुद्दा मामिला तथा नजिरहरु स्थापित भएको देखिएको छैन ।

फैसलाको बिस्तृत विबरण परिच्छेद सातमा उल्लेख गरिएको छ ।

परिच्छेद ४: संस्थागत तथा प्रक्रियागत परीक्षण

कानुन जतिसुकै उत्कृष्ट भए पनि त्यसको कार्यान्वयन गर्ने संस्थागत संरचना, जनशक्ति र स्रोतसाधनको अभावमा त्यसले लक्षित नतिजा दिन सक्दैन। यस परिच्छेदमा गण्डकी प्रदेशका छनोट गरिएका ७ वटा ऐनहरूको कार्यान्वयनमा प्रत्यक्ष संलग्न निकायहरूको क्षमता, बजेट, र समन्वयको अवस्थाको मूल्याङ्कन गरिएको छ ।

४.१ कानुन कार्यान्वयन गर्ने निकायहरूको क्षमता र संरचनागत अवस्था

यस खण्डमा ऐनले परिकल्पना गरेका विभिन्न समिति, बोर्ड, र प्रशासनिक एकाइहरूको गठन तथा तिनीहरूको कार्यक्षमताको परीक्षण गरिएको छः

- **संरचनाहरूको निर्माणः** सुशासन ऐन, पर्यटन ऐन, बालबालिका सम्बन्धी ऐन लगायतले व्यवस्था गरेका प्रादेशिक समितिहरू, बाल कल्याण बोर्ड, सूचना अधिकारी संयन्त्र वा अन्य तोकिएका संरचनाहरू समयमै गठन भए/नभएको अवस्था।
- **प्रशासनिक क्षमता र क्रियाशीलताः** गठन भएका संरचना र कार्यान्वयन गर्ने मुख्य मन्त्रालयहरू (जस्तैः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) को दैनिक प्रशासनिक क्षमता, निर्णय प्रक्रिया र सेवा प्रवाहको चुस्तता को मूल्याङ्कन।
- **जिम्मेवारीको स्पष्टताः** कानुनले तोकेको जिम्मेवारी र कर्मचारीहरूको कार्यविवरण बीचको तालमेलको अवस्था।

४.२ साधन-स्रोतको उपलब्धताः बजेट, जनशक्ति र पूर्वाधार

कानुनले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न साधन-स्रोतको अपरिहार्यता रहन्छ। यस खण्डमा देहायका विषयहरूको समीक्षा गरिएको छः

- **बजेट विनियोजन र खर्चको अवस्थाः** ऐन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय वा निकायलाई विनियोजित वार्षिक बजेटको पर्याप्तता। (जस्तैः कृषि व्यवसाय प्रवर्द्धन र सहकारी क्षेत्रको विकासका लागि छुट्याइएको अनुदान वा कोषको यथार्थपरक मूल्याङ्कन)।

- **जनशक्तिको पर्याप्तता:** कानुन कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक दरबन्दी रिक्त रहे/नरहेको र कार्यरत कर्मचारीहरूको क्षमता कानुनको मर्म अनुरूप काम गर्न पर्याप्त रहे/नरहेको अवस्था।

- **भौतिक पूर्वाधार:** सूचनाको हक प्रचलन, बाल सुधार गृह, वा पर्यटन प्रवर्द्धन जस्ता विषयहरू सञ्चालन गर्न आवश्यक भौतिक संरचना र प्राविधिक औजारहरूको उपलब्धता।

४.३ अन्तर-तह तथा अन्तर-निकाय समन्वयको अवस्था र चुनौतीहरू

नेपालको संघीय ढाँचामा कानुनको सफल कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ। यस खण्डमा कानुनी र व्यावहारिक समन्वयको अवस्था विश्लेषण गरिएको छ ।

- **अन्तर-तह (संघ, प्रदेश र स्थानीय तह) समन्वय:** विशेष गरी साझा अधिकार सूचीमा पर्ने कृषि, पर्यटन र सहकारी जस्ता विषयहरूमा प्रदेश सरकार र स्थानीय तहका सरकारहरू (गाउँपालिका/नगरपालिका) बीच कार्यसम्पादनमा देखिएका समन्वयका अभाव र चुनौतीहरू।

- **अन्तर-मन्त्रालय समन्वय:** गण्डकी प्रदेश सरकारभित्रै एउटा ऐन कार्यान्वयन गर्दा अर्को मन्त्रालय वा निर्देशनालयसँग गर्नुपर्ने समन्वय (जस्तैः सुशासन ऐन कार्यान्वयनमा मुख्यमन्त्री कार्यालय र अन्य मन्त्रालयबीचको समन्वय) को अवस्था।

- **नीतिगत र व्यावहारिक बाधाहरू:** स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन, २०७५ जस्ता स्थानीय तहलाई प्रत्यक्ष प्रभाव पार्ने ऐनहरू कार्यान्वयन गर्दा फिल्ड स्तरमा देखिएका असमझदारी र क्षेत्राधिकार सम्बन्धी व्यावहारिक बाधाहरूको पहिचान।

परिच्छेद ५ः प्रभाव, नतिजा र समावेशीकरण मूल्याङ्कन

कुनै पनि कानुनको सफलता त्यसको कानुनी सुन्दरतामा मात्र नभई त्यसले नागरिकको जीवनमा ल्याएको सकारात्मक परिवर्तन र नतिजामा निर्भर गर्दछ। यस परिच्छेदमा गण्डकी प्रदेशका ७ वटा नीति/ऐनहरूको कार्यान्वयनले समाजमा पारेको वास्तविक प्रभाव, सेवाग्राहीको सन्तुष्टि र रूपान्तरणकारी लैंगिक तथा सामाजिक समावेशीकरण (Transformative GESI) को अवस्था मूल्याङ्कन गरिएको छ ।

५.१ लक्ष्य र वास्तविक उपलब्धि बीचको अवस्था

कानुन निर्माण गर्दा राखिएका प्रारम्भिक लक्ष्य र व्यवहारमा प्राप्त भएका नतिजा बीचको भिन्नतालाई यस खण्डमा विश्लेषण गरिएको छ ।

- **तुलनात्मक अध्ययनः** गण्डकी प्रदेश सुशासन ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, र पर्यटन ऐन लगायतका कानुनहरूले परिकल्पना गरेका सैद्धान्तिक लक्ष्यहरू (जस्तैः कृषकलाई अनुदान, पर्यटन प्रवर्द्धन, पारदर्शी सेवा प्रवाह) र हालसम्म प्राप्त भएका वास्तविक उपलब्धिहरूको तुलनात्मक अध्ययन गर्ने ।
- **कार्यान्वयनका बाधाहरूः** ऐनले निर्दिष्ट गरेका लक्ष्यहरू समयमै प्राप्त हुन नसक्नुका पछाडि रहेका नीतिगत, व्यावहारिक र व्यवस्थापकीय चुनौतीहरूको पहिचान गर्न नसक्नु र सचेतनाको अभाव पनि रहेको छ।

५.२ सामाजिक-आर्थिक प्रभाव र सेवाग्राहीको सन्तुष्टि

कानुन कार्यान्वयनले लक्षित वर्गको आर्थिक तथा सामाजिक स्तरमा कस्तो परिवर्तन ल्याएको छ भन्ने कुराको स्थलगत मापन यस खण्डमा गरिएको छ ।

- **सकारात्मक तथा नकारात्मक प्रभावः** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन र सहकारी ऐनको कार्यान्वयनले स्थानीय स्तरमा रोजगारी सिर्जना र आयआर्जनमा पारेको सकारात्मक प्रभाव, वा सूचनाको हक सम्बन्धी ऐनले सुशासनमा ल्याएको परिवर्तनको गुणात्मक विश्लेषण। साथै, कानुन कार्यान्वयनका क्रममा सिर्जना भएका कुनै नकारात्मक असरहरू भए सोको पहिचान।
- **जनमत र सन्तुष्टि मापनः** मुख्य सूचनादाता अन्तर्वार्ता र स्थलगत लक्षित समूह छलफल बाट प्राप्त तथ्याङ्कका आधारमा कानुनका उपभोक्ता, सेवाग्राही र सरोकारवालाहरूले प्रदेशका निकायहरूबाट पाएको सेवाप्रतिको सन्तुष्टि स्तर को मूल्याङ्कन।

५.३ रूपान्तरणकारी लैंगिक तथा सामाजिक समावेशीकरण

कानुनले समाजमा रहेका संरचनागत विभेदहरूलाई सम्बोधन गर्न सकेको छ वा छैन भनी 'Transformative GESI' को दृष्टिकोणबाट यस खण्डमा सूक्ष्म विश्लेषण गरिएको छ ।

- **पहुँच र सहभागितामा परिवर्तनः** ऐनका प्रावधानहरूले महिला, दलित, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका सीमान्तकृत समुदायको राज्यका संरचनाहरू र सेवा-सुविधाहरूमा पहुँच कत्तिको बढाएको छ भन्ने कुराको तथ्याङ्कीय मूल्याङ्कन।

- **सामाजिक विभेदको अन्त्यः** प्रदेश बालबालिका सम्बन्धी ऐन, स्थानीय तहको सभा संचालन ऐन लगायतका कानुनहरू व्यवहारमा कत्तिको समावेशी छन् र तिनले समाजमा विद्यमान लैंगिक तथा जातीय विभेद अन्त्य गर्न कस्तो भूमिका खेलेका छन् भन्ने परीक्षण।

- **कानुनी अड्चनहरूको पहिचानः** कुनै कानुनका प्रावधानहरूले अन्जानमै सीमान्तकृत वर्गलाई सेवा लिनबाट वञ्चित गरेको वा प्रणालीगत अवरोध खडा गरेको भए सोको पहिचान गरी सुधारका लागि सिफारिस।

५.४ सम्बन्धित ऐनहरुको नियमावली / कार्यविधिको अवस्था

क्र.सं.	ऐनको नाम	सम्बन्धित मन्त्रालय/निकाय	नियमावली/कार्यविधि बनेको/नबनेको अवस्था	बनेको नियमावली/कार्यविधिको नाम
१	प्रदेश सुशासन ऐन, २०७६	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**बनेको**	प्रदेश सुशासन नियमावली, २०७७
२	गण्डकी प्रदेश पर्यटन ऐन, २०७९	उद्योग तथा पर्यटन मन्त्रालय	**बनेको**	गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९
३	सूचनाको हक प्रचलन ऐन, २०७९	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**बनेको छ**	गण्डकी प्रदेशमा सूचनाको हक सम्बन्धी नियमावली, २०७९

४	प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८	सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय	**बनेको छ**	प्रदेश बालबालिका सम्बन्धी नियमावली २०८१
५	कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	**छ**	कृषि व्यवसाय प्रवर्धन नियमावली, २०८०
६	प्रदेश सहकारी ऐन, २०७५	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	**बनेको**	गण्डकी प्रदेश सहकारी नियमावली, २०७६
७	स्थानीय तह सभा सञ्चालन ऐन, २०७५	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**बनेको छैन** *(स्थानीय तहहरूले आ-आफ्नो कार्य सञ्चालन नियमावली/कार्यविधि स्वयं निर्माण गरी कार्यान्वयन गर्छन्)*	स्थानीय तह सभा सञ्चालन ऐन लाई स्थानीयकरण गरेको

परिच्छेद ६ः ऐनहरुको कानूनगत छलफल तथा दफावार सुझावहरू

यस परिच्छेदमा अघिल्ला परिच्छेदहरूमा गरिएको कानुनी, संस्थागत र प्रभाव मूल्याङ्कनका आधारमा गण्डकी प्रदेशका ७ वटै नीति/ऐनहरूमा देखिएका कार्यान्वयनका सवाल तथा तिनको समाधानका लागि गर्नुपर्ने दफावार संशोधन, परिमार्जन वा खारेजीका ठोस सुझावहरू प्रस्तुत गरिएको छ ।

६.१ गण्डकी प्रदेश सुशासन ऐन, २०७६

यस ऐनले प्रशासनिक कार्यलाई पारदर्शी, जवाफदेही र छिटो छरितो बनाई नागरिकलाई प्रतिफल उपलब्ध गराउने मुख्य उद्देश्य रहेको छ।

६.१.१ ऐनका मुख्य प्रावधानहरू

प्रशासनिक कार्य सञ्चालनका आधार र नीतिः

ऐनले विधिको शासन, समन्वय र समावेशीकरण, पारदर्शिता, जवाफदेहिता, आर्थिक अनुशासन, तथा भ्रष्टाचारमुक्त र जनमुखी प्रशासनलाई प्रशासनिक कार्य सञ्चालनको मुख्य आधार मानेको छ। साथै, गरिबी निवारण, सामाजिक न्याय, लैङ्गिक न्याय, र सीमान्तकृत वर्गको उत्थान जस्ता नीतिहरू अख्तियार गरेको छ।

प्रशासनिक नेतृत्वको जिम्मेवारी बाँडफाँडः

- मन्त्रीः मन्त्रालयको नीतिगत विषय लगायत सम्पूर्ण कार्य समयमै सम्पादन गर्ने/गराउने समग्र जिम्मेवारी मन्त्रीको हुनेछ।
- प्रमुख सचिवः प्रदेशको मुख्य प्रशासनिक अधिकारीको रूपमा सचिवहरूको कार्य सुपरिवेक्षण गर्ने, सरुवा, पदस्थापन काज खटाउने (१०औं तहसम्म), र उत्कृष्ट कर्मचारीलाई ग्रेड थप वा पुरस्कार दिने अधिकार तोकिएको छ।
- सचिव र विभागीय प्रमुखः आ-आफ्नो मन्त्रालय र विभागको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, मातहतका कर्मचारीको नियन्त्रण, र आयोजनाहरूको निरीक्षण गर्ने जिम्मेवारी सुम्पिएको छ।

निर्णय प्रक्रियामा पारदर्शिता र स्वार्थ बाझिन नहुने व्यवस्थाः

निर्णय गर्दा स्पष्ट आधार र कारण खुलाउनुपर्ने, मातहतका कर्मचारीको राय लिन सक्ने र प्रत्येक तहका अधिकारीले स्पष्ट रायसहित फाइल पेश गर्नुपर्ने व्यवस्था छ। आफ्नो वा निजको नजिकको नातेदारको प्रत्यक्ष स्वार्थ बाझिने विषयमा पदाधिकारीले निर्णय गर्न पाउने छैनन् र पदमुक्त भएको १ वर्षसम्म सम्बन्धित निजी क्षेत्रमा संलग्न हुन पाउने छैनन्। प्रदेश सुशासन ऐन, गण्डकी प्रदेश, २०७६ को दफा १३ देखि १७ सम्मले निर्णय प्रक्रियाका लागि अनिवार्य मापदण्ड तोकेको छ, जसअन्तर्गत कुनै पनि पदाधिकारीले निर्धारित वा उपयुक्त समयावधिभित्र निर्णय गर्नुपर्ने, निश्चित मापदण्डको आधारमा पारदर्शी ढङ्गले निर्णय गर्नुपर्ने, निर्णय किन र कुन आधारमा गरियो भन्ने स्पष्ट रुपमा कारण खुलाउनुपर्ने, आफ्नो वा नजिकको नातेदारको सरोकार वा हित परेको अवस्थामा त्यस्तो निर्णय प्रक्रियाबाट अलग रहनुपर्ने, र पद छोडेपछि पनि एक वर्षसम्म सम्बन्धित क्षेत्रको कुनै गैरसरकारी वा निजी व्यवसायमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुन नपाउने व्यवस्था गरेको छ।

कार्य सम्पादन करार :

निश्चित अवधि वा परिमाणको उपलब्धि हासिल गर्नुपर्ने प्राथमिकता प्राप्त आयोजनाहरूका लागि पदाधिकारीहरूसँग कार्य सम्पादन करार गर्न सकिने कानुनी मार्ग खोलिएको छ।

नागरिकमैत्री संयन्त्रहरूः

जनसम्पर्क हुने कार्यालयहरूमा नागरिक बडापत्र अनिवार्य राख्नुपर्ने, कार्यालयको प्रकृति अनुसार कम्तिमा ३ दिन देखि बढीमा एक महिनामा खोल्ने गरी गुनासो पेटिकाको व्यवस्था गर्नुपर्ने, र जनगुनासोको द्रुत सम्बोधनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा "हेलो मुख्यमन्त्री कक्ष" रहने प्रावधान छ।

अत्याधुनिक अनुगमन (विशेष कक्ष):

विकास आयोजनाहरूको विद्युतीय माध्यमबाट प्रत्यक्ष अनुगमन र संवाद गरी समस्या तत्काल समाधान गर्न मुख्यमन्त्रीको प्रत्यक्ष नियन्त्रणमा रहने प्रविधियुक्त विशेष कक्ष को व्यवस्था गरिएको छ।

६.१.२ सरोकारवाला संग छलफल तथा सुझाब

गण्डकी प्रदेश सुशासन ऐन उत्तरविधायिकी परीक्षणका सन्दर्भमा प्रदेश सभा सचिवालय, आर्थिक मामिला मन्त्रालय, मुख्य न्याधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, नगरपालिका लगायत सरोकारवाला मन्त्रालय तथा अन्य व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । छलफल बाट विविध सुझावहरू प्राप्त भएको छ । ती सुझावहरूलाई नीतिगत रूपमा र दफाबार रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

कार्यसम्पादन सूचकको कार्यान्वयन : कार्यसम्पादन सूचक सम्बन्धी व्यवस्था निकै उत्कृष्ट रहेको छलफलका क्रममा प्राप्त भएको छ । कार्यन्वयन गर्न सक्नेगरि कामगर्नु पर्ने सुझाब छ ।

अन्तर-प्रदेश समन्वय : ऐनमा व्यबस्था गरे अनुरुप सुशासनका सूचकहरूमा एकरूपता ल्याउन सातै प्रदेशका प्रमुख सचिवहरूको संयुक्त बैठक मार्फत प्रदेश सुशासन नियमावलीहरूमा रहेका कार्यविधिगत प्रक्रियाहरूलाई सरलीकृत र समान बनाउन गण्डकी प्रदेशले नेतृत्व लिन सक्छ।

संघीयता र तहगत समन्वयका अस्पष्टताहरू: ऐनले प्रादेशिक प्रशासनको कुरा गरे पनि जिल्ला समन्वय समिति (जिसस) र स्थानीय तहहरूसँग सुशासनका सूचकहरूमा कसरी समन्वय गर्ने भन्ने कुरा अझै स्पष्ट छैन।

प्रदेश सुशासन ऐन, गण्डकी, २०७६ सङ्घीय (केन्द्र) वा स्थानीय तहका ऐनहरूसँग प्रत्यक्ष रूपमा बाझिएको छ कि छैन अध्ययन गरिएको छ । नेपालको संघीय शासन प्रणाली (तीनै तहको अधिकार क्षेत्र) र यस ऐनका प्रावधानहरूलाई प्रशासनिक र व्यावहारिक दृष्टिकोणबाट हेर्दा केही क्षेत्रमा क्षेत्राधिकार दोहोरिने देखिएको छ ।

बाझिन सक्ने अवस्थाः प्रदेशका प्रमुख सचिव र सचिवहरू सङ्घीय निजामती सेवाका कर्मचारी हुने संवैधानिक व्यवस्था छ। उनीहरूको सेवाका सर्त, आचरण र विभागीय कारबाही सङ्घीय अन्तरगत, सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ द्वारा निर्देशित हुन्छ। यदि सङ्घीय कानूनले तोकेको आचरण वा कार्यविधि र प्रदेश सुशासन ऐनले तोकेको सजाय वा कार्यविधि (जस्तैः दफा १७ को उपदफा ६ बमोजिम प्रमुख सचिवले जरिबाना गर्ने व्यवस्था) फरक परेमा, सङ्घीय ऐनसँग बाझिन पुग्छ। संविधानको धारा १३३ र दफा १ बमोजिम सङ्घीय कानूनसँग बाझिएका प्रदेश कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्।

स्थानीय तहलाई निर्देशन दिने भन्दा पनि **"समन्वय र सहकार्य"** गर्ने भाषा प्रयोग गरी ऐन परिमार्जन गरेमा सङ्घ र स्थानीय तहका ऐनहरूसँगको सम्भावित टकराव कम हुने बिषय छलफलमा सरोकारवालाहरुले औंल्याएका छन् ।

क्षेत्राधिकार : गण्डकी प्रदेश सुशासन ऐनमा प्रमुख सचिवले मन्त्रालयका अधिकृतस्तर छैटौं तहसम्मका कर्मचारीलाई सरुवा वा कामकाजमा खटाउन सक्ने व्यवस्था छ। तर संघीय निजामती सेवा ऐन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कर्मचारीको सरुवा, श्रेणी र परिचालनको अन्तिम अधिकार संघीय मन्त्रालय वा प्रादेशिक निजामती सेवा ऐनलाई सुम्पेको छ। सुशासन ऐनमै कर्मचारी सरुवाको तह तोकेर अधिकार दिनु क्षेत्राधिकारको हिसाबले गलत रहेको छलफलमा आएको छ ।

सार्बजनिक सुनुवाई : गण्डकी प्रदेश सुशासन ऐनले क्षतिपूर्तिसहितको नागरिक वडापत्र" र "सार्वजनिक सुनुवाइ" अनिवार्य गरेका छन् । नेपालको संविधानको अनुसूची-८ ले स्थानीय तहलाई आफ्नै सेवा प्रवाह र सुशासनको एकल अधिकार दिएको छ। यदि प्रदेशको सुशासन ऐनले स्थानीय तहमा रहेका प्रादेशिक कार्यालय वा स्थानीय तहकै समन्वयका कार्यक्रममा हस्तक्षेप गर्ने गरी नियमावली बनायो भने त्यो स्थानीय स्वायत्तता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन पुग्छ।

६.१.३ संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू

गण्डकी प्रदेश सुशासन ऐन, २०७६ मा संघसँग सिधा द्वन्द्व हुने गरी कानुनी बाझिएको अवस्था छैन। प्रयोगका लागि निम्न दफाबार सुझाब दिईएको छ ।

संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू

हालको दफा / उपदफा	वर्तमान व्यवस्था (ऐनको प्रावधान)	प्रस्तावित संशोधन / परिमार्जन	परिमार्जन गर्नु पर्ने कारण (औचित्य)
दफा ९ (२) (ङ) *(प्रमुख सचिवको अधिकार)*	उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कारस्वरूप तीन ग्रेडसम्म थप वा एकमुष्ट १० हजार रुपैयाँसम्म पुरस्कार दिने।	पुरस्कारको नगद राशि "कम्तीमा पचास हजार रुपैयाँ वा सो सरहको सम्मान" रहने गरी परिमार्जन गर्ने।	हालको बजार मूल्य र समय सापेक्षता अनुसार रु. १०,००० को नगद राशि निकै कम र अनुत्प्रेरक भएकाले यसलाई बढाउन आवश्यक छ।
दफा १७ (६) *(स्वार्थ बाझिएमा जरिवाना)*	अवकाशप्राप्त व्यक्तिले स्वार्थ बाझिने गरी निजी क्षेत्रमा काम गरेमा प्रमुख सचिवले १० हजार रुपैयाँसम्म जरिवाना गर्ने।	जरिवानाको रकम निजले लिएको आर्थिक लाभ बराबरको रकम असुलउपर गर्ने व्यवस्था गर्ने।	ठूला ठेक्कापट्टा वा नीतिगत भ्रष्टाचारमा संलग्न भई अवकाशपछि निजी स्वार्थ लिनेहरूका लागि १० हजार रुपैयाँको जरिवाना प्रभावहीन र कमजोर सजाय हो।
दफा २० (३)	जिम्मेवारी पन्छाउने वा कार्य सम्पादन नगर्ने पदाधिकारीलाई चेतावनी	चेतावनीका साथै "कार्य सम्पादन सूचक मा नकारात्मक अङ्क दिने र सो वर्षको कार्यसम्पादन	केवल मौखिक वा लिखित चेतावनीले मात्र कर्मचारीहरूमा जिम्मेवारीप्रतिको उत्तरदायित्व

(जिम्मेवारी पन्छाउने)	मात्र दिन सक्ने व्यवस्था।	मूल्याङ्कन (कासमु) मा नम्बर कट्टा गर्ने" व्यवस्था थप गर्ने।	कडा रूपमा स्थापित हुन सकेको देखिँदैन।
दफा २४ (५) *(नागरिक बडापत्र र क्षतिपूर्ति)*	नागरिक बडापत्र बमोजिम सेवा नपाउँदा सेवाग्राहीलाई हानि नोक्सानी भएमा सोको क्षतिपूर्ति तोकिए बमोजिम हुने।	"मनासिब कारण बिना ढिलाइ भएमा बडापत्रमा तोकिएको क्षतिपूर्ति रकम ३० दिनभित्र सेवाग्राहीलाई उपलब्ध गराउनुपर्ने र सो रकम ढिलाइ गर्ने कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिने" व्यवस्था ऐनमै स्पष्ट गर्ने।	'तोकिए बमोजिम हुने' भनी नियमावलीमा छाडिँदा हालसम्म नागरिकले प्रभावकारी रूपमा क्षतिपूर्ति पाउन सकेका छैनन्। कर्मचारीलाई जवाफदेही बनाउन 'टाइम-बाउन्ड' क्षतिपूर्ति आवश्यक छ।
दफा ३० (३) *(गुनासो व्यवस्थापन)*	प्रत्येक तीन दिनमा एक पटक अन्य कर्मचारीको रोहबरमा गुनासो पेटिका खोल्नुपर्ने।	"प्रत्येक तीन दिनमा गुनासो पेटिका खोल्ने वा बैकल्पिक रुपमा प्रबिधिको प्रयोग गरि, डिजिटल गुनासो बक्स/क्यूआर कोड (QR Code) मार्फत प्राप्त गुनासाहरू दैनिक रूपमा हेरी दर्ता गर्ने" व्यवस्था थप गर्ने।	परम्परागत काठ वा फलामको बाकसभन्दा हालको प्रविधिको युगमा अनलाइन र डिजिटल माध्यमबाट गुनासो लिने र त्यसको दैनिक निगरानी गर्ने प्रणाली प्रभावकारी हुन्छ।

६.१.४ नयाँ थप गर्नुपर्ने दफाहरू

ऐन निर्माण भएको लामो समय भइसकेको र संघीयता कार्यान्वयनको अनुभवका आधारमा सार्वजनिक प्रशासनलाई अझै चुस्त बनाउन देहाय बमोजिमका **नयाँ दफाहरू** थप गर्नुपर्ने देखिन्छः

- **दफा १५ (क) - पूर्ण डिजिटल र कागजविहीन सेवा प्रवाहः**
    - प्रस्तावित व्यवस्थाः प्रदेश सरकारका सबै मन्त्रालय र अन्तर्गतका कार्यालयहरूले आन्तरिक कार्यप्रणाली (फाइल स्वीकृत गर्ने प्रक्रिया) मा अनिवार्य रूपमा डिजिटल हस्ताक्षर र सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी 'कागजविहीन प्रशासन' अवलम्बन गर्नुपर्नेछ।
- **दफा २९ (क) - सार्वजनिक परीक्षण र सामाजिक परीक्षण :**

- *प्रस्तावित व्यवस्था:* प्रदेश सरकारद्वारा सञ्चालित प्रतिवर्ष ५० लाखभन्दा बढी बजेट भएका प्रत्येक विकास आयोजना र प्रत्येक सार्वजनिक निकायले आर्थिक वर्ष सकिएको ३ महिनाभित्र अनिवार्य रूपमा तेस्रो पक्ष वा नागरिक समाजको रोहबरमा सामाजिक परीक्षण गराउनुपर्नेछ।
- *औचित्य:* दफा २९ मा रहेको सार्वजनिक सुनुवाइ को दायरालाई अझ फराकिलो बनाई आयोजनाको गुणस्तर र वित्तीय पारदर्शिता नागरिकस्तरबाटै गराउन।

६.१.५ कानुनको प्रभावकारिता, दक्षता, प्रासंगिकता

प्रदेश सुशासन ऐनको प्रासंगिकता संविधानको मर्म अनुरूप प्रादेशिक प्रशासन सञ्चालन गर्न अत्यन्त आवश्यक र सान्दर्भिक रहेकाले यसको मूल्याङ्कन उच्च देखिन्छ। यद्यपि, कार्यसम्पादनको प्रभावकारिता भने मध्यम रहेको छ, किनकि ऐनमा जवाफदेहिता र नागरिक सेवाका राम्रा प्रावधानहरू भए तापनि "प्रदेश सुशासन नियमावली, २०७७" पूर्ण रूपमा कार्यान्वयन नहुँदा प्राथमिकीकरण अनुसार काम फस्यौंट हुन नसकेको र योजना अनुसार सार्वजनिक सुनुवाइमा कमी आएको देखिन्छ। त्यसैगरी, ऐनमा कार्यसम्पादनको दक्षता पनि सीमित रहेको देखियो । यसमा निश्चित समय सीमा र डिजिटल सेवाको राम्रो व्यवस्था गरिए तापनि "यो काम कसरी गर्ने" वा "कसको जिम्मेवारी हो" भन्ने कुरामा कर्मचारी र सेवाग्राही दुवै अल्मलिने वा आ-आफ्नो ढङ्गले व्याख्या गर्ने जोखिम को सम्भावना रहन्छ । अधिकार प्रत्यायोजनमा सरलता नभएका कारण, प्रशासनिक कामहरू समयमै हुन नसकी समग्र दक्षता घट्ने जोखिम रहेको छ।

६.१.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) दृष्टिकोण

ऐन पारित भएको (२०७६ साल माघ १३ गते) करिब ६ वर्ष भएको छ। गण्डकी प्रदेश सुशासन ऐन, २०७६ को अध्ययन गर्दा, यसले प्रशासनिक कार्य सञ्चालनका आधारमा "समन्याय र समावेशीकरण" (दफा ५-घ) तथा प्रदेश सरकारले अख्तियार गर्ने नीतिमा "महिला सशक्तिकरण तथा लैङ्गिक न्याय" र "सिमान्तकृत वर्गको उत्थान" (दफा ६-ज, झ) जस्ता सकारात्मक पक्षहरूलाई समेटेको देखिन्छ।

अहिलेको व्यवस्था:: दफा ४ मा विषयगत मन्त्रालय, विभाग र सचिवालयहरू गठन गर्ने व्यवस्था छ, तर त्यहाँ GESI सम्बन्धी संयन्त्रको अनिवार्यता नियमावली समेत तोकिएको छैन।

सुधार:: प्रदेशका हरेक मन्त्रालय र विभागमा एउटा **'GESI फोकल डेस्क'** वा एकाई अनिवार्य हुनुपर्ने व्यवस्था ऐनमै किटान गरिनुपर्छ, जसले सुशासनका हरेक क्रियाकलापमा समावेशीकरणको अनुगमन गरोस्।

६.२ गण्डकी प्रदेश पर्यटन ऐन, २०७९

प्रस्तुत राजपत्रको प्रतिलिपि (दस्तावेज) को अध्ययन तथा सरोकारवालाहरु संगको छलफलको आधारमा **"गण्डकी प्रदेश पर्यटन ऐन, २०७९"** को उत्तर-विधायकी परीक्षण, यसका प्रमुख प्रावधान, कानुनी तादात्म्यता, सामाजिक समावेशीकरण (GESI) को प्रभाव र आवश्यक सुधारका लागि ठोस सुझावहरू निम्नानुसार तयार गरिएको छ।

१. ऐनका प्रमुख प्रावधानहरू

राजपत्रमा प्रकाशित ऐनले गण्डकी प्रदेशको पर्यटन क्षेत्रलाई नियमन र संवर्द्धन गर्न देहायका प्रमुख व्यवस्थाहरू गरेको छः

- **एजेन्सी तथा पथप्रदर्शक नियमनः** प्रदेशभित्र ट्राभल र ट्रेकिङ्ग एजेन्सी सञ्चालन गर्न तथा पथप्रदर्शक (टुर/ट्रेकिङ गाइड) को रूपमा काम गर्न मन्त्रालय मातहतको कार्यालयबाट अनिवार्य इजाजत पत्र लिनुपर्ने र हरेक ५ वर्षमा नबिकरण गर्नुपर्ने व्यवस्था छ।

- **होटेल तथा रिसोर्टको स्तर निर्धारणः** होटेल, लज, रेष्टुराँ, रिसोर्ट वा बारलाई 'पर्यटकस्तर' मा दर्ता गर्ने र तिनको वर्गीकरणका लागि पर्यटन महाशाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय **"स्तर निर्धारण समिति"** रहने व्यवस्था गरिएको छ।

- **विविध पर्यटन व्यवसाय र होमस्टेः** प्राकृतिक, धार्मिक, सांस्कृतिक, साहसिक, खेल र कृषि पर्यटनका अतिरिक्त ग्रामीण क्षेत्रमा सञ्चालन हुने **'होमस्टे' (घरबास)** लाई तोकिए बमोजिम दर्ता र नियमन गर्ने आधार तय गरिएको छ।

- **संस्थागत संरचना र कोषः** पर्यटन क्षेत्रको विकास, प्रचारप्रसार र विपद् व्यवस्थापन (श्रमिकहरूको आपतकालीन खोज तथा उद्धार) का लागि "प्रदेश पर्यटन कोष" र पर्यटकीय क्षेत्रको पहिचान तथा प्रवर्द्धनका लागि "प्रदेश पर्यटन बोर्ड" गठन गर्ने व्यवस्था छ।

- **सुरक्षा र यातायातः** पर्यटकीय क्षेत्र र पर्यटकको सुरक्षाका लागि प्रदेश प्रहरीसँग समन्वय गरी 'पर्यटक प्रहरी' र गुणस्तरीय भ्रमणका लागि 'पर्यटक यातायात सेवा' सञ्चालनको प्रावधान छ।

६.१.२ सरोकारवाला संग छलफल तथा सुझाब

म्याद थप नबिकरणः गण्डकी प्रदेश पर्यटन ऐनको सन्दर्भमा उद्योग तथा पर्यटन मन्त्रालयमा महाशाखा प्रमुखहरू, पर्यटन शाखा प्रमुख लगायत अन्य कर्मचारीहरूसँग छलफल सम्पन्न भयो । त्यस अवसरमा मुख्यरूपमा ट्राभल एजेन्सीहरूको एक वर्षको म्याद कट्ने बित्तिकै नबिकरण नहुने ब्यबस्था छ, यस्तो खालको प्रावधानलाई ब्यबहारिक रुपमा समाधान गर्न आबस्यक रहेको देखिन्छ । यसका लागि नवीकरण गर्न आउँदा पैतिस दिन तोक्दा उपयुक्त हुने छलफलमा सुझाव प्राप्त भएको छ। बैङ्क ग्यारेन्टीको कुरो पनि उठेको छ नियमित रूपमा

चाहिन्छ भन्ने विषयको आशय स्पष्ट हुन नसकेको विविध कारणले पर्यटन व्यवसायीले बीचमा प्रत्येक व्यवसाय गर्न सकेन भने अथवा एक दुई वर्ष ज्ञाप भयो भने पनि कसरी ग्यारेन्टी दिन सकिन्छ । एउटा बैंकमा कारोवार भैरहँदा कसरी बैङ्क सार्न सकिन्छ । बैङ्क ग्यारन्टी पनि व्यवसाय सञ्चालन गरेको समयमा मात्र राख्नुपर्ने प्रावधान हुनुपर्दछ त्यसैगरी ट्राभल एजेन्सीले सबै देशको परिवर्त वेशी मुद्रमा बिल भुक्तानी हुने गरी कारोबार गर्नुपर्ने छ भन्ने विषय पनि त्यति सहज र व्यावहारिक छैन। पर्यटन प्रवर्द्धन, होमस्टे सञ्चालन र पर्यटन व्यवसायीहरूको दर्ता/नवीकरणमा प्रदेश र स्थानीय तहबीच देखिएको क्षेत्राधिकारको दोहोरोपन रहेको छ । पर्यटन क्षेत्रमा सीमान्तकृत समुदायको अपनत्व बढाउन समावेशी दफाहरू थप्नुपर्ने देखिन्छ।

अधिकार प्रत्यायोजनको अन्योलः दफा ३८ ले मन्त्रालयलाई प्राप्त अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्ने ऐच्छिक व्यवस्था गरेको छ। तर, संविधानले नै रैथाने पर्यटकीय सेवाको अधिकार स्थानीय तहलाई दिइसकेको अवस्थामा प्रदेशले 'अधिकार प्रत्यायोजन गरे मात्र स्थानीय तहले काम पाउने' जस्तो देखिनु संवैधानिक मर्म विपरीत हुन जान्छ।

स्थानीय तहको अधिकारमा संकुचन (होमस्टे र साना व्यवसाय): नेपालको संविधानको अनुसूची ८ ले 'स्थानीय कर र स्थानीय सेवा' को अधिकार स्थानीय तहलाई दिएको छ। ग्रामीण पर्यटनको मेरुदण्ड मानिएको 'होमस्टे' र साना रेस्टुरेन्टहरूको दर्ता, मापदण्ड र नियमन प्रदेशको पर्यटन कार्यालय मातहत राख्दा स्थानीय सरकारको स्वायत्तता र एकल अधिकार क्षेत्रमा संकुचन आएको छलफलमा सुझाव प्राप्त भएको छ ।

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ को धारा ९ ले प्रदेश सरकारलाई संरक्षित क्षेत्र (संरक्षण क्षेत्र, निकुञ्ज) मा पर्यटन पूर्वाधारको अनुमति दिने अधिकार दिएको छ। तर, संघीय **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९** अनुसार यस्तो अधिकार सङ्घीय वन मन्त्रालय र राष्ट्रिय निकुञ्ज विभागमा निहित छ।

६.१.३ महिला तथा सीमान्तकृत समुदायको अधिकार र पहुँचको विश्लेषण

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट हेर्दा यो ऐन सीमान्तकृत समुदायको अनिवार्य र अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चितता गरिएको देखिदैन ।

पहुँच र प्रतिनिधित्वमा शून्य ग्यारेन्टीः ऐनको दफा १० मा उल्लेखित 'स्तर निर्धारण समिति' वा दफा ३६ को 'प्रदेश पर्यटन बोर्ड' जस्ता नीतिगत र कार्यकारी संरचनाहरूमा महिला, दलित वा सीमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्व (कोटा) कतै पनि किटान गरिएको छैन। यसले गर्दा पर्यटन नीति निर्माणमा सधैं टाठाबाठाहरुले नै नीति नियमका छिद्रहरू राम्रोसँग बुझ्दछन् र आफ्नो अनुकूल प्रयोग गर्ने सम्भावना रहने जोखिम रहन्छ।

विपन्न र दलित समुदायलाई निषेध जस्तैः ट्राभल, ट्रेकिङ्ग वा होटल व्यवसाय दर्ताका लागि तोकिने शुल्क र चुक्ता पूँजीका कारण पूँजीविहीन दलित, अल्पसङ्ख्यक वा सीमान्तकृत समुदायका व्यक्तिहरू 'व्यवसायी' का रूपमा स्थापित हुन सक्ने अवस्था छैन। ऐनले उनीहरूका लागि वित्तीय सहुलियत वा प्रवद्र्धनात्मक प्याकेजको परिकल्पना गरेको छैन।

अपाङ्गतामैत्री पर्यटनको अभाव: गण्डकी प्रदेशमा आउने अपाङ्गता भएका आन्तरिक तथा बाह्य पर्यटकका लागि पर्यटकीय पूर्वाधार, होटल, सार्वजनिक स्थल वा पैदल मार्गहरू (दफा २ को 'ट') अपाङ्गतामैत्री हुनुपर्ने कुनै पनि बाध्यकारी वा निर्देशनात्मक मापदण्ड ऐनमा समावेश गरिएको छैन।

सांस्कृतिक समूहको व्यवस्था (दफा २४): जातजाति वा समुदायले सांस्कृतिक समूह गठन गरी पर्यटन प्रवर्द्धन गर्न सक्ने व्यवस्था त छ, तर यसलाई केवल पर्यटक आउदा कार्यक्रम देखाउने 'प्रदर्शनी' को रूपमा मात्र हेरिएको छ। सीमान्तकृत समुदायको सांस्कृतिक बौद्धिक सम्पत्तिको संरक्षण र त्यसबाट हुने आम्दानीमा उनीहरूको अधिकारको सुनिश्चितता छैन।

६.१.४ ऐनको संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू

हालको दफा / उपदफा	**वर्तमान व्यवस्था (ऐनको प्रावधान)**	**प्रस्तावित संशोधन / परिमार्जन** सुझाव	**परिमार्जन गर्नु पर्ने कारण (औचित्य)**
दफा ३ (३) *(इजाजत पत्र नवीकरण)*	जारी गरिएको इजाजत पत्र प्रत्येक पाँच वर्षमा नवीकरण गराउनु पर्नेछ।	"जारी गरिएको इजाजत पत्र प्रत्येक **तीन वर्षमा** नवीकरण गराउनु पर्नेछ र यसको आवेदन अनलाइन प्रणालीमार्फत दिन सकिनेछ" भनी संशोधन गर्ने।	पाँच वर्षको अवधि व्यवसाय अनुगमनका लागि लामो हुने र लामो समयसम्म नवीकरण नहुँदा निष्क्रिय फर्महरूको वास्तविक लगत राख्न कठिन हुने भएकाले।
	नबिकरणका लागि ग्रेस समय दिने	अबधि सकिएको मिति देखि ३५ दिन ग्रेस अबधि दिने	ब्यबसाय बन्दहुन बाट रोक्ने
दफा ६ (१) र (२) *(शुल्क बारेको सूचना)*	एजेन्सीले पर्यटकबाट लिने शुल्कको दर मन्त्रालयलाई दिने र मन्त्रालयले तोकेको ढाँचामा प्रचार गर्नुपर्ने।	"शुल्कको दर र विवरण अनिवार्य रूपमा एजेन्सीको आधिकारिक वेबसाइट र डिजिटल माध्यममा सार्वजनिक गरी मन्त्रालयको अनलाइन पोर्टलमा प्रविष्ट गर्नुपर्नेछ" भनी परिमार्जन गर्ने।	हालको डिजिटल युगमा मन्त्रालयले परम्परागत ढाँचामा मात्र प्रकाशन गर्दा सूचना सर्वसाधारण र अन्तर्राष्ट्रिय पर्यटकसम्म तत्काल पुग्न सक्दैन।
दफा १२ (२)	गुणस्तर तथा मापदण्ड तोकिएको स्तरको नपाइएमा स्तर कायम	"होटेल वा रेस्टुराँको भौतिक पूर्वाधार सुधारका लागि **बढीमा ३० दिन** र खाद्य स्वच्छता वा सरसफाइको हकमा **तुरुन्त वा**	सबै प्रकारका कमजोरी सुधार गर्न 'सात दिन' को म्याद व्यावहारिक हुँदैन। खाद्य पदार्थको गम्भीर लापरवाहीमा ७ दिन छाड्दा पर्यटकको

(निरीक्षण र म्याद)	गर्न बढीमा सात दिन म्याद दिने।	**बढीमा ३ दिन** को म्याद दिने" गरी वर्गीकरण गर्ने।	स्वास्थ्यमा गम्भीर जोखिम हुन्छ।
दफा १८ (१) (घ) *(पथ प्रदर्शक आचारसंहिता)*	पथ प्रदर्शकले मादक पदार्थ सेवन गर्न नहुने।	"पथ प्रदर्शकले डिउटीमा रहेको अवस्थामा (कार्यक्षेत्रमा पर्यटकको साथमा रहँदा) र सार्वजनिक पर्यटकीय स्थलहरूमा मादक पदार्थ सेवन गर्न नहुने" भनी थप स्पष्ट पार्ने।	'मादक पदार्थ सेवन गर्न नहुने' भन्ने वाक्यले निजको व्यक्तिगत समय वा बिदाको समयलाई समेत समेट्ने गरी अस्पष्टता सिर्जना गर्ने भएकाले कार्यक्षेत्र तोक्न आवश्यक छ।
दफा २१ (१) *(एजेन्सी सम्बन्धी जरिबाना)*	इजाजत नलिई ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरेमा बीस हजार रुपैयाँसम्म जरिबाना गर्ने।	जरिबानाको रकम " **रकम बढाउनु पर्ने** " पुर्‍याउने।	बिना इजाजत व्यवसाय चलाउने अवैध फर्महरूलाई निरुत्साहित गर्न २० हजार रुपैयाँको जरिबाना निकै न्यून र अप्रभावकारी छ।
दफा २१ (७) *(अवैध पथ प्रदर्शक जरिबाना)*	इजाजत पत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा चार हजार रुपैयाँसम्म जरिबाना गर्ने।	जरिबानाको रकम **"कम्तीमा दश हजार देखि पच्चीस हजार रुपैयाँसम्म"** पुर्‍याउने र पर्यटक गाइड गर्ने कार्य रोक्ने।	विना इजाजत (Unlicensed) गाइड गर्दा पर्यटकको सुरक्षा र देशको प्रतिष्ठामा आँच आउन सक्ने भएकाले जरिबाना कडा हुनुपर्छ।
दफा ३५ (१) *(व्यवसाय बन्दको सूचना)*	व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र सोको सूचना कार्यालय समक्ष दिनु पर्ने।	"व्यवसाय बन्द गर्नु **अगावै वा बन्द गरेको सात दिनभित्र** अनलाइन वा लिखित रूपमा सूचना दिनुपर्ने" व्यवस्था गर्ने।	व्यवसाय बन्द भइसकेपछि १५ दिनसम्म सूचना नदिँदा कर र अन्य कानुनी दायित्वको ट्र्याकिङमा समस्या आउन सक्छ।

६.१.५ थप कानुनी तथा व्यावहारिक व्यवस्थाका लागि सुझाव

- **अपाङ्गतामैत्री पूर्वाधार मापदण्डः** पर्यटकस्तरका होटल र पैदल मार्ग निर्माण गर्दा (दफा ९ र परिच्छेद ५) अनिवार्य रूपमा **"सार्वभौम पहुँचयुक्त मापदण्ड"** पालना गर्नुपर्ने र नगरेमा इजाजत पत्र रद्द हुन सक्ने कानुनी प्रावधान थपिनुपर्छ।

- **दिगो र वातावरणीय पर्यटन :** गण्डकीका रैथाने पैदल मार्गहरू जथाभाभी सडक खनाइका कारण नासिँदै गएकाले, रैथाने पदमार्गलाई कानुनी रूपमै "सडकमुक्त पर्यटकीय पर्यावरण क्षेत्र" घोषणा गर्ने र संवर्द्धन गर्ने नयाँ परिच्छेद थपिनु आवश्यक छ।

- **श्रम सुरक्षा र सामाजिक सुरक्षाः** गाइड, भरिया र होटल क्षेत्रमा काम गर्ने श्रमिकहरूको न्यूनतम पारिश्रमिक, कार्यस्थल सुरक्षा, बीमा र सामाजिक सुरक्षा कोषमा आबद्धतालाई अनिवार्य गरिनुपर्छ।

- **परिणाममा आधारित अनुगमन :** दफा १२ को निरीक्षण र अनुगमनलाई केवल होटलको कोठा वा खाद्य सामग्री जाँचमा मात्र सीमित नगरी, पर्यटन उद्योगले स्थानीय नागरिकको रोजगारी, वातावरण संरक्षण र समावेशीकरणमा पारेको प्रभावको "परिणाममा आधारित अनुगमन सूचक" ऐनमै अनिवार्य गरिनुपर्छ।

६.३ गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९

प्रदेश सरकारका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन बनाएको छ ।

६.३.१ ऐनका प्रमुख प्रावधानहरू

गण्डकी प्रदेशको यस ऐनले सूचना प्रवाहलाई केवल सरकारी कार्यालयमा मात्र सीमित नगरी नागरिकको दैनिक जीवनसँग जोडिएका क्षेत्रसम्म विस्तार गरेको छः।

- सङ्घीय आयोगलाई नै प्रादेशिक क्षेत्राधिकार (दफा २): यस ऐनको सबैभन्दा ठुलो विशेषता भनेको यसले प्रदेशमा छुट्टै वित्तीय भार थप्ने गरी 'पुनरावेदन समिति' वा 'आयोग' गठन गरेको छैन। यसले सङ्घीय कानुन (सूचनाको हक सम्बन्धी ऐन, २०६४) बमोजिमकै "राष्ट्रिय सूचना आयोग" लाई नै आफ्नो पुनरावेदन सुन्ने मुख्य निकाय मानेको छ।

- निजी र सामुदायिक क्षेत्रको दायित्व (दफा २ र ६): ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाउँदै उपभोक्ता समिति, आमा समूह, युवा क्लब, टोल विकास संस्था, गैरसरकारी संस्था, राजनैतिक दल, र सामुदायिक विद्यालय/अस्पताललाई समेत सूचना प्रवाहको दायित्वभित्र समेटेको छ।

- प्रविधिमैत्री र खुला डाटाको अवधारणा (दफा ७): सार्वजनिक निकायले चौमासिक रूपमा सूचना प्रकाशन गर्दा कम्प्युटरमा सम्पादन गर्न मिल्ने युनिकोड फन्ट मा उपलब्ध गराउन सक्ने प्रगतिशील व्यवस्था गरेको छ।

- दैनिक सेवा र पूर्वाधारको पूर्वसूचना (दफा १०, १६ र २३): भीडभाड हुने कार्यालयले टोकन प्रणाली, दैनिक क्षमता र मोबाइल एपबाट सूचना दिनुपर्ने व्यवस्था छ। साथै, विद्युत, इन्टरनेट, वा खानेपानी सेवा अवरुद्ध हुने भएमा वा सडक निर्माणका कारण जोखिम हुने भएमा पूर्वनिर्धारित सूचना दिनु अनिवार्य गरिएको छ।

- विद्यालय र स्वास्थ्य संस्थाको दैनिक पारदर्शीता (दफा २१ र २२): सामुदायिक र निजी विद्यालयले शिक्षक/विद्यार्थीको दैनिक उपस्थिति र शिक्षक अनुपस्थित हुनुको कारण समेत सार्वजनिक गर्नुपर्ने तथा स्वास्थ्य संस्थाले दैनिक रूपमा डाक्टर/नर्सको समय र खाली बेडको सङ्ख्या समेत सूचना पाटीमा खुलाउनुपर्ने व्यवस्था छ।

६.३.२ सरोकारवाला संग छलफल तथा सुझाव

यस विषयमा सञ्चार रजिस्टारको कार्यालय, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, मुख्य न्यायाधीवक्ताको कार्यालय, नगरपालिका तथा अन्य प्रेससँग सम्बन्धित सरोकारवालाहरु संग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । यो कानुन संवैधानिक रूपमा बढी परिपक्व देखिन्छ, तर क्षेत्राधिकारका केही मसिना प्राविधिक पाटाहरू सङ्घीय र स्थानीय सरकारको अधिकार क्षेत्रसँग अल्झिएका छन् भन्ने भनाइ सहभागीहरुको रहेको छ । जस्तै ऐनको दफा २(ञ)(१०) ले "स्थानीय तह वा त्यसका कार्यालयहरू" लाई सोझै प्रदेश ऐनको दायित्वभित्र राखेको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहलाई एकल विधायानी अधिकार दिएको हुनाले, प्रदेशले स्थानीय तहलाई आदेशात्मक कानुन बनाउनु क्षेत्राधिकारको हिसाबले सङ्घीयताको भावनासँग मेल नखाने देखिन्छ ।

त्यसैगरि ऐनको दफा २४ ले निजी र सामाजिक संस्थामाथिको नियमन गर्ने प्राबधान राखेको छ । प्रचलित कानुन बमोजिम दर्ता भएका राजनैतिक दल, उपभोक्ता समिति, क्लब र आमा समूहहरूलाई त्रैमासिक रूपमा आम्दानी-खर्च विवरण सार्वजनिक गर्न बाध्य पारिएको छ। यी संस्थाहरू स्थानीय तह वा जिल्ला प्रशासनमा दर्ता हुने र आफ्नै विधानबाट चल्ने हुनाले, प्रदेशको यो ऐनले उनीहरूमाथि सिधै प्रशासनिक नियन्त्रण गर्न खोज्दा कार्यान्वयनमा जटिलता आउँछ। सूचना माग गर्ने प्रक्रियालाई थप सरलीकृत र प्रविधिमैत्री बनाउन ऐनका दफाहरूमा संशोधन गर्नुपर्ने सुझाब आएको छ । प्रदेशका सार्वजनिक निकायहरूमा सूचना अधिकारीको ब्यबस्थाले सुचना माग गर्न सहज भएको छ ।

६.३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण

लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) को दृष्टिकोणबाट यो ऐन परम्परागत सरकारी दायराबाट बाहिर निस्केर समुदाय केन्द्रित बनेको छ ।

- आमा समूह र स्थानीय क्लबको समावेशीकरणः ऐनको दफा २(ठ)(२) र दफा २४ ले गाउँ-घरमा सक्रिय आमा समूह र उपभोक्ता समितिहरूलाई सूचना प्रवाहको दायरामा ल्याएको छ। यसले स्थानीय स्तरमा महिला र सीमान्तकृत समुदायको नेतृत्वमा हुने वित्तीय कारोबारलाई थप पारदर्शी र जवाफदेही बनाउन मद्दत गर्छ।

- सार्वजनिक सुनुवाइ र लक्षित वर्ग (दफा १३): ऐनमा एउटा विशिष्ट व्यवस्था छः "सार्वजनिक सूचनामा पहुँच नभएका सरोकारवाला व्यक्ति, समुदायसँग सम्बन्धित सूचना लक्षित वर्गसम्म पुग्ने गरी आवश्यकता अनुसार सार्वजनिक सुनुवाइका माध्यमबाट सूचना प्रवाह गर्नुपर्नेछ।" यसले इन्टरनेट वा साक्षरताको अभाव भएका दलित, सीमान्तकृत र दूरदराजका नागरिकलाई सूचनाको मूल प्रवाहमा जोड्ने आधार दिन्छ।

- अपाङ्गतामैत्री पहुँचको अभावः ऐनले दफा ९ मा विद्युतीय माध्यम र दफा १० मा मोबाइल एपको कुरा त गरेको छ, तर दृष्टिविहीन वा बहिरा नागरिकका लागि ती एप वा वेबसाइटहरू "पहुँचयुक्त" हुनुपर्ने वा अपाङ्गता भएका व्यक्तिले मागेमा साङ्केतिक वा अडियो माध्यममा सूचना दिनुपर्ने व्यवस्था पूर्ण रूपमा छुटाएको छ।

६.३.४ दफावार संशोधनका सुझावहरूः

ऐनको दफा र उपदफा	हालको व्यवस्था	विद्यमान समस्या/त्रुटि	संशोधन/परिमार्जनका लागि ठोस सुझाव (दफावार)
दफा २ (क)	"आयोग" भन्नाले संघीय ऐनको दफा ११ बमोजिमको राष्ट्रिय सूचना आयोग सम्झनु पर्छ।	प्रादेशिक स्वायत्तता र संघीय निकायमाथिको क्षेत्राधिकारको कानुनी अन्योल।	**परिमार्जन गर्नेः** "आयोग" भन्नाले संघीय ऐन बमोजिमको आयोग सम्झनुपर्नेछ र यस ऐन अन्तर्गतका प्रादेशिक उजुरी/पुनरावेदन सुन्न प्रदेश सरकार र आयोगबीच कार्यगत सम्झौता (MoU) वा प्रादेशिक इजलास गठनको व्यवस्था गरिनेछ भनी थप गर्ने।
दफा २ (ञ) को (१०)	"सार्वजनिक निकाय" भित्र 'स्थानीय तह वा त्यसका कार्यालयहरु' रहने।	स्थानीय सरकारको संवैधानिक एकल अधिकार क्षेत्र र स्वायत्ततामा सङ्कुचन।	**संशोधन गर्नेः** स्थानीय तहलाई प्रदेश ऐन मातहत बाध्यकारी बनाउनुको सट्टा "स्थानीय तहले यस ऐनको भावना अनुरूप आफ्नै सूचनाको हक सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछन् र प्रदेशले समन्वय गर्नेछ" भनी परिमार्जन गर्ने।
दफा ४ को उपदफा (४)	सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।	आफ्नो निकायमा सूचना नभएमा के गर्ने भन्ने स्पष्ट मार्गचित्र नभएको।	थप गर्नेः "माग गरिएको सूचना आफ्नो निकायसँग सम्बन्धित नभएमा सूचना अधिकारीले ३ दिनभित्र सम्बन्धित सार्वजनिक निकायमा निवेदन स्थानान्तरण गरी निवेदकलाई सोको जानकारी दिनुपर्नेछ" भन्ने वाक्य थप्ने।
दफा ५ को	विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट समेत	"सक्नेछ" भन्ने ऐच्छिक शब्दका कारण भाषिक अल्पसङ्ख्यक र सीमान्तकृत	संशोधन गर्नेः "सक्नेछ" को सट्टा "गर्नुपर्नेछ" भनी बाध्यात्मक बनाउने र गण्डकी प्रदेशमा बाहुल्यता रहेका स्थानीय

उपदफा (३)	(सूचना प्रकाशन) गर्न सक्नेछ।	वर्ग सूचनाबाट वञ्चित हुने जोखिम।	मातृभाषाहरू (जस्तैः मगर, गुरुङ आदि) मा नागरिक बडापत्र र मुख्य सूचना अनिवार्य रूपमा प्रकाशन गर्ने व्यवस्था गर्ने।
दफा ७ को उपदफा (३)	अद्यावधिक सूचना माइक्रोसफ्ट वर्ड, एक्सल वा यस्तै प्रकृतिको फन्टमा उपलब्ध गराउन सक्नेछ।	खुला डाटाको डिजिटल अभ्यासका लागि यो राम्रो भए पनि अपाङ्गता भएका नागरिकका लागि पहुँचयोग्य छैन।	थप गर्नेः "यसरी विद्युतीय स्वरूपमा सूचना उपलब्ध गराउँदा दृष्टिविहीन वा फरक क्षमता भएका नागरिकले प्रयोग गर्न सक्ने प्रविधिमैत्री मापदण्ड बमोजिम हुनुपर्नेछ" भनी थप गर्ने।
दफा ९ र दफा १०	विद्युतीय माध्यमबाट सूचना प्रवाह गर्ने र मोबाइल एप जस्ता माध्यम प्रयोग गर्ने।	प्रविधिको विकास स्वागतयोग्य भए पनि अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित नगरिएको।	थप व्यवस्था गर्नेः डिजिटल माध्यम र मोबाइल एपहरू अनिवार्य रूपमा "सार्वभौम पहुँचयुक्त मापदण्ड" अनुसार दृष्टिविहीन र बहिरोपन भएका नागरिकले चलाउन मिल्ने हुनुपर्नेछ भनी प्रावधान थप्ने।
दफा १३	लक्षित वर्गसम्म पुग्ने गरी आवश्यकता अनुसार सार्वजनिक सुनुवाईका माध्यमबाट सूचना प्रवाह गर्नुपर्नेछ।	सार्वजनिक सुनुवाइ कसरी गर्ने र कुन सूचकका आधारमा लक्षित वर्गको पहुँच मापन गर्ने भन्ने व्यावहारिक कार्यविधि स्पष्ट नभएको।	**नयाँ उपदफा थप्नेः** "सार्वजनिक सुनुवाइ गर्दा दलित, महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको भौतिक र अर्थपूर्ण उपस्थितिको ग्यारेन्टी गरिनेछ र यसको अभिलेख परिणाममुखी अनुगमन सूचकमा समेटिनेछ।"
दफा १४ को उपदफा (२)	प्रमुखले आफूभन्दा दोस्रो वा तेस्रो तह मुनिको अधिकारीलाई सूचना अधिकारी तोक्नुपर्नेछ।	दोस्रो वा तेस्रो तह मुनिको कनिष्ठ कर्मचारीलाई तोक्दा धेरै सार्वजनिक निकायमा सूचना लुकाउने वा निर्णय प्रक्रियामा पहुँच नहुने समस्या हुन्छ।	**संशोधन गर्नेः** "सार्वजनिक निकायको प्रमुखले कार्यालयको वरिष्ठतम वा निर्णय प्रक्रियामा प्रत्यक्ष पहुँच भएको दोस्रो वरीयताको वरिष्ठ अधिकृत कर्मचारीलाई सूचना अधिकारी तोक्नुपर्नेछ" भनी परिमार्जन गर्ने।
दफा २० को	सूचना दुरुपयोग गरेमा ३५ दिनभित्र आयोग (राष्ट्रिय सूचना	साना उपभोक्ता समिति वा क्लबहरू (दफा २४) ले सूचना दुरुपयोग गरेमा सोझै	**परिमार्जन गर्नेः** स्थानीय स्तरका संस्था वा उपभोक्ता समितिको हकमा सुरुवाती उजुरी सुन्ने र मिलापत्र गराउने अधिकार

उपदफा (२)	आयोग) समक्ष उजुरी गर्न सक्नेछ।	काठमाडौंस्थित संघीय आयोग धाउनुपर्ने व्यावहारिक कठिनाइ।	जिल्ला समन्वय अधिकारी वा तोकिएको प्रादेशिक निकायलाई सुम्पिने व्यवस्था गर्ने।
दफा २४ को उपदफा (१)	उपभोक्ता समिति, क्लब, आमा समूह, टोल विकास संस्थाले आर्थिक विवरण त्रैमासिक रुपमा प्रकाशन गर्नुपर्ने।	साना, विनाबजेटका वा परम्परागत आमा समूह र क्लबहरूका लागि हरेक ३ महिनामा आर्थिक विवरण औपचारिक रूपमा प्रकाशन गर्न अव्यावहारिक र झन्झटिलो हुने।	**संशोधन गर्ने:** "त्रैमासिक" को सट्टा **"अर्धवार्षिक वा वार्षिक"** रूपमा र बुझ्न सजिलो हुने गरी "सार्वजनिक स्थलमा टाँस गरेर वा सार्वजनिक भेला (दफा २४ को उपदफा २) मार्फत मात्र गरे पुग्ने" गरी खुकुलो बनाउने।
दफा ३०	नियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार प्रदेश सरकारलाई हुनेछ।	परिणाममा आधारित अनुगमन र GESI प्रभाव मापन गर्ने कानुनी संयन्त्र कार्यविधिमा छुट्ने गरेको।	**नयाँ उपदफा थप्ने:** "यस ऐनको कार्यान्वयनको अवस्था जाँच्न मन्त्रालयले महिला, दलित र सीमान्तकृत वर्गको सूचनामा पहुँचलाई विशेष जोड दिने"

६.३.५ कानुनमा संशोधन र नयाँ व्यवस्थाका लागि अन्य सुझावहरू

गण्डकी प्रदेशको यस ऐनलाई थप व्यावहारिक, परिणाममुखी र पूर्ण समावेशी बनाउन निम्न संशोधन र थप व्यवस्थाहरू आवश्यक देखिन्छन ।

क्षेत्राधिकार सुदृढीकरण र सङ्घीयता अनुकूलन (संशोधन)

- **स्थानीय तहसँग 'निर्देशन' होइन 'सहकार्य':** दफा २(ज) र दफा ११ मा संशोधन गरी स्थानीय तहलाई प्रदेशको मातहत राखेर बाध्य पार्नुको सट्टा, स्थानीय तह आफैंले आफ्नो कार्यविधि बनाई लागू गर्ने र प्रदेशले त्यसका लागि "नमुना कानुन " र वित्तीय/प्राविधिक सहयोग मात्र उपलब्ध गराउने व्यवस्था गर्दा उपयुक्त हुने ।
- **सङ्घीय आयोगसँगको कानुनी तादात्म्यता:** दफा २(क) र परिच्छेद ३ मा संशोधन गरी सङ्घीय आयोगलाई सोझै ऐनद्वारा प्रयोग गर्नु अघि प्रदेश सरकार र राष्ट्रिय सूचना आयोगबीच "सहमति वा कार्यगत सम्झौता" मार्फत प्रदेशको सूचना सम्बन्धी विवाद हेर्ने प्रादेशिक इजलास वा फोकल पर्सन तोक्ने कानुनी आधारको आबस्यकता रहेको देखिन्छ ।

६.४ प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८

(सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय)

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्दै उनीहरूको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक एवम् भावनात्मक विकासका साथै सर्वोत्तम हितका लागि कानुनी व्यवस्थाको रुपमा प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ कार्यान्वयनमा छ । यो ऐन २०७८ सालमा पारित भएकोले हाल कार्यान्वयनको प्रारम्भिक-मध्यम चरणमा रहेको अनुमान गर्न सकिन्छ। तलको विश्लेषण कानूनी प्रावधानको सैद्धान्तिक समीक्षा हो, व्यवहारिक कार्यान्वयनको यकिन तथ्याङ्कको आधारमा होइन।

६.४.१ ऐनका प्रमुख प्रावधानहरू

यस ऐनमा प्रमुख कानुनी व्यवस्थाहरू निम्नानुसार छन्ः

- **बालबालिकाको परिभाषा र उमेरः** अठार (१८) वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका भनी परिभाषित गरिएको छ।

- **बाल अधिकारको सुनिश्चितताः** ऐनले बालबालिकाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता, पहिचान र जन्मदर्ताको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सूचना तथा सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, गोपनीयताको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार, र प्रारम्भिक बालविकास तथा शिक्षाको अधिकारको व्यवस्था गरेको छ।

- **बाल न्याय सम्बन्धी व्यवस्था :** कसूरजन्य कार्यको अनुसन्धान गर्दा बालमैत्री व्यवहार गर्नुपर्ने, बल प्रयोग गर्न नपाइने, र बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजान सकिने नवीन व्यवस्था गरिएको छ। नियन्त्रणमा लिइएका बालबालिकाका लागि निगरानी कक्ष स्थापना गर्ने र वयस्क थुनुवासँग राख्न नपाइने व्यवस्था छ।

- **विशेष संरक्षण र पुनर्स्थापनाः** अनाथ, बेवारिसे, हिंसा वा कुलतमा फसेका, र अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानी उनीहरूको वैकल्पिक हेरचाह (नातेदार, इच्छुक परिवार, बालगृह) को प्राथमिकता तोकिएको छ।

- **संस्थागत संरचनाः** बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रादेशिक तहमा सामाजिक विकास मन्त्रीको अध्यक्षतामा "प्रदेश बाल अधिकार समिति" र जिल्ला तहमा "जिल्ला बाल अधिकार समिति" गठन गर्ने व्यवस्था गरिएको छ। साथै, आकस्मिक उद्धार र राहतका लागि "प्रदेश बाल कोष" को परिकल्पना गरिएको छ।

- यो ऐन नेपालको प्रदेशस्तरको उत्कृष्ट कानून मध्ये एक हो। यसले बालबालिकाको अधिकारलाई सहभागितादेखि संरक्षण, शिक्षादेखि न्यायसम्म समेटेको छ। यदि यस ऐनको नियमावली अनुसार कार्यक्रम संचालन हुने र, स्थानीय तहले ग्रहण गर्ने हो, भने यसले गण्डकी प्रदेशमा बाल सुशासनको एउटा बलियो उदाहरण बन्न सक्छ।

६.४.२ संघीय कानुन, संविधान र स्थानीय तहका अधिकारसँग तादाम्यता एवं क्षेत्राधिकारको स्पष्टता

नेपालको संघीय ढाँचा (संविधान, संघीय कानुन र स्थानीय सरकार सञ्चालन ऐन) को सापेक्षतामा यस ऐनको क्षेत्राधिकार र बाझिएको/नबाझिएको अवस्थाको विश्लेषण यस प्रकार छ :

क) नेपालको संविधान र संघीय कानुनसँगको सम्बन्ध

- **बाझिएको पक्ष (न्यायिक क्षेत्राधिकार)ः** ऐनको दफा ६(२) र ६(३) मा बालबालिकालाई बाबु/आमाबाट अलग गर्ने वा सो सम्बन्धी आदेश दिने अधिकार **"बाल अदालत"** लाई हुने भनिएको छ। नेपालको संविधानको धारा १५१ र नेपाल ऐन अनुसार बाल अदालत वा बाल इजलासको गठन, कार्यविधि र क्षेत्राधिकार विशुद्ध संघीय न्याय प्रणाली (संघीय कानुन) को मातहतमा रहन्छ। प्रदेश सरकारलाई अदालतको कार्यक्षेत्र तोक्ने वा अदालतलाई आदेश दिने अधिकार हुँदैन। यो व्यवस्था संघीय क्षेत्राधिकारसँग बाझिएको देखिन्छ।

- **परिभाषामा परनिर्भरताः** ऐनको दफा २ को (थ) र (ध) मा "बालबालिका विरुद्धको हिंसा" र "बाल यौन दुर्व्यवहार" को परिभाषाका लागि **"संघीय बालबालिका सम्बन्धी ऐन, २०७५"** मा तोकिए बमोजिम हुने भनिएको छ। प्रदेश ऐन आफैंमा पूर्ण हुनुपर्नेमा संघीय ऐनको परिभाषामा निर्भर रहनुले प्रादेशिक स्वायत्ततामा अस्पष्टता ल्याउँछ।

ख) स्थानीय तहको अधिकार क्षेत्र र द्विविधा

- **दर्ता र संरचनागत दोहोरोपनः** दफा १०(३) मा बाल क्लबहरू स्थानीय कानुन बमोजिम स्थानीय तहमा दर्ता हुने भनिएको छ, तर दफा १०(४) मा जिल्ला सञ्जाल प्रदेश सरकारको जिल्लास्थित कार्यालयमा दर्ता हुने भनिएको छ। संविधानको अनुसूची ८ अनुसार स्थानीय स्तरका क्लब, बाल अधिकार संरक्षण र स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको एकल अधिकार क्षेत्र हो। प्रदेशले जिल्ला तहमा समानान्तर संरचना खडा गर्दा क्षेत्राधिकार सङ्कुचित हुने देखिन्छ।
- **अपाङ्गता र बाल कल्याणको जिम्मेवारीः** दफा १२(४) मा अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण र शिक्षाको जिम्मेवारी "प्रदेश सरकार मार्फत स्थानीय सरकारको हुनेछ" भनी उल्लेख छ। संघीयताको सिद्धान्त अनुसार प्रदेशले स्थानीय तहलाई "मार्फत" वा मातहतका रूपमा निर्देशन दिने नभई समन्वय गर्ने हो। स्थानीय तहको एकल अधिकारलाई प्रदेशले आफ्नो प्रशासनिक संयन्त्र भित्र राख्न खोज्नु संवैधानिक भावना विपरित हुन सक्छ।

६.४. ३ सरोकारवाला संग छलफल तथा सुझाब संकलन

प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ को उत्तर बिधाएकी परिक्षण का सन्दर्भमा प्रदेश बालबालिका सम्बन्धी ऐन २०७८ का सम्बन्धमा समाजिक विकास मन्त्रालयका बालबालिका शाखा प्रमुख हरि खपाङ्गी लगायतका अन्य कर्मचारीहरूसँग तथा ब्यास तथा सुक्ला गण्डकी नगरपालिकाका महिला तथा बालबालिका शाखा हेर्ने फोकल पर्सनहरूसँग अन्तरक्रिया सम्पन्न भयो छलफलका क्रममा ऐन कार्यान्वयन का सन्दर्भमा सीमान्तकृत समुदायको पहुँच र लाभको तथ्याङ्क सङ्कलन विषयमा, संरक्षण कोषको स्थापनाका सम्बन्धमा, बाल विवाह बालश्रम लगायत का बिषय मा ऐनले पारेका प्रभावका का बारेमा स्थानीय तह संग छलफल भयो । गण्डकी प्रदेशको **"प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८"** को उपलब्ध मूल पाठमा **"बालमैत्री स्थानीय शासन"** को पूर्ण संस्थागत खाका वा यसको विस्तृत सञ्चालन प्रक्रियाका बारेमा छुट्टै, विशिष्ट दफा बनाएर लामो व्याख्या नगरिएको नगरपालिकामा सम्पर्क ब्यक्तिले जानकारी दिनु भयो ।

समाजिक विकास मन्त्रालय बाट हालसालै मात्रै ऐनको नियमावली तयार भएको, यो लगायत दलितको अधिकारसम्बन्धी अपाङ्गता सम्बन्धी ऐन तथा नियावली तयार भएको र प्रदेशमा बालबालिका अधिकारसम्बन्धी बिबिध कार्यक्रम सञ्चालन भएको छ । स्थानीय सरकारसंग कुनै किसिमको विवाद नभएको र हाल सामाजिक विकास मन्त्रालयमा मुख्यमन्त्रीसँग बालबालिका कार्यक्रम रहेको छ। ऐनले प्रावधान गरेको सबै समितिहरूसँग नियमित छलफल हुने र निर्णयको आधारमा कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

बाल क्लबहरू स्थानीय कानुन बमोजिम स्थानीय तहमा दर्ता हुने भनिएको छ, तर जिल्ला सञ्जाल प्रदेश सरकारको जिल्लास्थित कार्यालयमा दर्ता हुने भनिएको छ। संविधानको अनुसूची ८ अनुसार स्थानीय स्तरका क्लब, बाल अधिकार संरक्षण र स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको एकल अधिकार क्षेत्र हो। प्रदेशले जिल्ला तहमा समानान्तर संरचना खडा गर्दा क्षेत्राधिकार सङ्कुचित हुने छलफलका सहभागीहरुले बताउनुभयो ।

६.४.४ सीमान्तकृत समुदायको अधिकार र पहुँचमा प्रभावको विश्लेषण

ऐनले समावेशी सिद्धान्त र समतामूलक पहुँचलाई सकारात्मक रूपमा सम्बोधन गर्न खोजेको छ, जसका सबल र सुधार गर्नुपर्ने पक्षहरू निम्न छन्:

सबल पक्षहरू

- **महिला/आमाको पहिचानको कदर:** जबरजस्ती करणी वा हाडनाता करणीबाट जन्मिएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गर्न पाउने क्रान्तिकारी व्यवस्था (दफा ४ को उपदफा ३) ले महिलाको आत्मसम्मान र प्रजनन अधिकारको संरक्षण गरेको छ। पितृत्वको ठेगान नभएका बालबालिकाले आमाको थर राख्न पाउने स्पष्ट व्यवस्था छ।

- **सकारात्मक विभेद (पोषण र शिक्षा):** विपन्न, सीमान्तकृत, दलित तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष पोषण भत्ता (दफा १३(५)) र उपयुक्त छात्रवृत्तिसहित निःशुल्क शिक्षा (दफा १५(४)) को ग्यारेन्टी गरिएको छ, जसले उत्पीडित समुदायका बालबालिकाको राज्यकोषमा पहुँच बढाउँछ।

- **अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था:** दफा १२ ले अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क उपचार, अपाङ्गता बालमैत्री दिवा स्याहार केन्द्र, र सार्वजनिक सेवामा समान पहुँचको वकालत गरेको छ।

- **विविधताको स्वीकार्यता:** विशेष संरक्षणको सूची (दफा २८) मा विपन्न दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका, र वैदेशिक रोजगारीका कारण प्रभावित वा बहिष्करणमा परेका महिलाका बालबालिकाहरूलाई समेत समेटेर व्यापक दायरा बनाइएको छ।

६.४.५ कानुनमा भएका व्यबस्थामाथि ठोस सुझावहरू

प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ लाई अझ व्यावहारिक, संवैधानिक र कार्यान्वयनयोग्य बनाउन निम्न बमोजिमका ठोस संशोधन र नयाँ व्यवस्थाहरू सिफारिस गरिएको छ ।

१. क्षेत्राधिकार र संवैधानिक तादाम्यताका लागि संशोधन

- **अदालत सम्बन्धी व्यवस्था परिमार्जन:** ऐनमा जहाँ-जहाँ "बाल अदालतले आदेश दिनेछ" (जस्तै दफा ६) भनिएको छ, त्यहाँ प्रदेश ऐनले सीधै अदालतलाई अधिकार तोक्नुको साटो "प्रचलित संघीय कानुन बमोजिमको बाल अदालत वा इजलासको आदेशानुसार" भनी संशोधन गरिनुपर्छ ताकि न्यायिक क्षेत्राधिकार नबाझियोस्।

- **स्थानीय र प्रदेशको कार्यविभाजन स्पष्टता:** दफा १२(४) को "प्रदेश सरकार मार्फत स्थानीय सरकारको हुनेछ" भन्ने वाक्यांशलाई संशोधन गरी "प्रदेश सरकारले स्थानीय तहसँगको समन्वय र सहकार्यमा निश्चित मापदण्डका आधारमा सुनिश्चित गर्नेछ" भनी सच्याउनुपर्छ।

२. परिभाषाहरूको स्वायत्तता

दफा २ को खण्ड (थ) र (ध) मा "संघीय बालबालिका सम्बन्धी ऐन, २०७५ मा परिभाषा गरिए बमोजिम" भन्नुको सट्टा प्रादेशिक ऐनमै **"बालबालिका विरुद्धको हिंसा"** र **"बाल यौन दुर्व्यवहार"** को पूर्ण परिभाषा समावेश गरिनुपर्छ, जसले गर्दा कार्यक्षेत्रमा कानुन कार्यान्वयन गर्ने अधिकारीलाई संघीय ऐन पल्टाइरहनु पर्ने झन्झट हुँदैन।

३. समावेशी प्रतिनिधित्वको सुनिश्चितता

- दफा ३९ को **प्रदेश बाल अधिकार समिति** र दफा ४२ को **जिल्ला बाल अधिकार समिति** मा मनोनयन गर्दा कम्तीमा एक जना अपाङ्गता भएको व्यक्ति वा दलित वा सीमान्तकृत समुदायको प्रतिनिधित्व अनिवार्य हुने गरी कानुनी प्रावधानमै संशोधन गरिनुपर्छ।

- **एकद्वार संकट व्यवस्थापन केन्द्र सँग आबद्धताः** पीडित र हिंसामा परेका बालबालिकाको तत्काल उद्धार, स्वास्थ्य परीक्षण र कानुनी सहायताका लागि ऐनको दफा ४७ मा परिमार्जन गरी हाल स्वास्थ्य मन्त्रालय मातहत रहेका र प्रादेशिक अस्पतालहरूसँग सुरक्षित आवास (अस्थायी संरक्षण सेवा) लाई अनिवार्य रूपमा आबद्ध गर्ने संयन्त्र तोकिनुपर्छ।

- **बाल संरक्षण कोषको स्रोत सुनिश्चितताः** दफा ४३ को प्रदेश बाल कोषमा केवल सरकार वा विदेशी सहायताको भर पर्नु भन्दा प्रदेश भित्र सञ्चालित उद्योग, व्यवसाय वा पर्यटन शुल्कको निश्चित प्रतिशत अनिवार्य जम्मा हुने गरी कानुनी स्रोतको ग्यारेन्टी गरिनुपर्छ।

- **तथ्याङ्क प्रणाली :** प्रत्येक स्थानीय तह र प्रदेशमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको एकीकृत अनलाइन तथ्याङ्क प्रणाली स्थापना गर्ने सम्बन्धी नयाँ दफा थप गर्नुपर्छ, जसले योजना तर्जुमा र बजेट विनियोजनमा मद्दत पुऱ्याउँछ।

६.४.६ दफावार संशोधनका सुझावहरूः

गण्डकी प्रदेशको "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८" लाई थप व्यावहारिक, प्रादेशिक अधिकार सम्पन्न र कार्यान्वयनयोग्य बनाउन परिमार्जन गर्नुपर्ने मुख्य दफाहरू र तिनको दफावार ठोस सुझावहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

ऐनको दफा/उपदफा	हालको व्यवस्था / कानुनी दोहोरोपन	परिमार्जन/संशोधनको ठोस सुझाव	परिमार्जन गर्नुको मुख्य कारण (Rationale)
दफा २ (थ) र (ध) *(परिभाषा खण्ड)*	बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको परिभाषाका लागि **संघीय ऐन** (बालबालिका सम्बन्धी ऐन, २०७५) बमोजिम हुने भनिएको छ।	संघीय ऐनको हवाला दिनुको सट्टा प्रदेश ऐनमै दुवै विषयको पूर्ण र प्रष्ट परिभाषा समावेश गर्ने गरी संशोधन गर्ने।	प्रदेश कानुन आफैंमा पूर्ण र स्वायत्त हुनुपर्छ। कार्यक्षेत्रमा कार्यान्वयन गर्दा दोहोरो कानुन पल्टाइरहनु पर्ने झन्झट हट्छ।
दफा ६ (२) र ६ (३)	बालबालिकालाई आमाबाबुबाट अलग गर्ने वा संरक्षणमा राख्ने	"बाल अदालतले आदेश दिनेछ" भन्ने सट्टा "प्रचलित संघीय कानुन बमोजिमको सक्षम अदालत वा बाल	नेपालको संविधान अनुसार अदालतको गठन र क्षेत्राधिकार

(सम्बन्ध विच्छेद र हेरचाह)	सन्दर्भमा "बाल अदालत" ले आदेश दिने उल्लेख छ।	इजलासको निर्णय वा आदेशानुसार..." भनी संशोधन गर्ने।	विशुद्ध संघीय न्याय प्रणालीको मातहत पर्छ। प्रदेशले अदालतलाई सिधै आदेशात्मक अधिकार तोक्न मिल्दैन।
दफा १० (४) *(बाल क्लब दर्ता)*	स्थानीय तहमा गठन भएका बाल क्लबहरूको जिल्ला सञ्जाल प्रदेश सरकारको जिल्लास्थित कार्यालयमा दर्ता हुने व्यवस्था छ।	बाल क्लब र तिनका सञ्जालहरू सम्बन्धित स्थानीय तह (पालिका) मै दर्ता र नवीकरण हुने र प्रदेशले केवल प्रादेशिक सञ्जालको अभिलेख राख्ने व्यवस्था गर्ने।	संविधानको अनुसूची ८ अनुसार स्थानीय स्तरका क्लब र बाल अधिकार संरक्षण स्थानीय सरकारको एकल कार्यक्षेत्र हो। यसले कार्यगत दोहोरोपन हटाउँछ।
दफा १२ (४) *(अपाङ्गता भएका बालबालिका)*	अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण र शिक्षाको जिम्मेवारी "प्रदेश सरकार मार्फत स्थानीय सरकारको हुनेछ" भनिएको छ।	यसलाई परिमार्जन गरी "प्रदेश सरकारले स्थानीय सरकारसँगको समन्वय, सहकार्य र अनुदान सहयोगमा सुनिश्चित गर्नेछ" भनी व्यवस्था गर्ने।	संघीयताको सिद्धान्त अनुसार प्रदेशले स्थानीय तहलाई "मार्फत" वा मातहतको निकायका रूपमा संकुचित गर्न मिल्दैन। यसले सहकारिताको सिद्धान्त मजबुत बनाउँछ।
दफा ३९ र ४२ *(समिति गठन)*	प्रदेश र जिल्ला बाल अधिकार समितिमा मनोनित हुने सदस्यहरूमा समावेशी कोटा (दलित, अपाङ्गता, सीमान्तकृत) स्पष्ट खुलाइएको छैन।	"मनोनित सदस्यहरू मध्ये कम्तीमा एक जना अपाङ्गता भएको व्यक्ति र एक जना दलित वा अल्पसंख्यक/सीमान्तकृत समुदायको प्रतिनिधित्व अनिवार्य हुनेछ" भनी उपदफा थप गर्ने।	नीति निर्माण र अनुगमन तहमा सीमान्तकृत र लक्षित वर्गको वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्न।

दफा ४३ *(प्रदेश बाल कोष)*	कोषको स्रोतमा सरकारी अनुदान, चन्दा वा वैदेशिक सहयोग मात्र उल्लेख छ।	"प्रदेश भित्र सञ्चालित ठूला उद्योग, जलविद्युत, पर्यटन र व्यावसायिक प्रतिष्ठानहरूको संस्थागत सामाजिक उत्तरदायित्व कोषको निश्चित प्रतिशत यस कोषमा जम्मा हुनेछ" भन्ने उपदफा थप गर्ने।	केवल सरकारी वा वैदेशिक अनुदानमा भर पर्दा कोष निष्क्रिय हुन सक्छ। दिगो र आन्तरिक स्रोतको सुनिश्चितताका लागि यो आवश्यक छ।
दफा ४७ *(आकस्मिक उद्धार र संरक्षण)*	पीडित बालबालिकाको आकस्मिक उद्धार र अस्थायी संरक्षणको सामान्य व्यवस्था छ।	"पीडित बालबालिकाको एकीकृत उपचार र कानुनी सहायताका लागि प्रादेशिक अस्पतालमा रहेका एकद्वार संकट व्यवस्थापन केन्द्र र पुनर्स्थापना गृहहरू बीचको समन्वय प्रणालीलाई अनिवार्य गरिनेछ" भनी परिमार्जन गर्ने।	हिंसामा परेका बालबालिकाले एउटै छानामुनि स्वास्थ्य, कानुनी र मानसिक परामर्श सेवा चुस्त रूपमा पाउन सकून्।

६.४.७ थप गर्नुपर्ने नयाँ दफाका लागि सुझाव

एकीकृत डिजिटल तथ्याङ्क प्रणाली : ऐनमा एक नयाँ दफा थप गरी "प्रदेश भित्रका अनाथ, सडक बालबालिका, श्रममा रहेका र विशेष संरक्षण आवश्यक भएका बालबालिकाको स्थानीय तहसँग मिलेर एकीकृत डिजिटल प्रोफाइल वा तथ्याङ्क प्रणाली स्थापना गरिनेछ" भन्ने कानुनी व्यवस्था राख्नुपर्छ। यसले परिणाममुखी योजना तर्जुमामा सिधै मद्दत पुऱ्याउँछ।

६.४.८ ऐनको प्रभाव मूल्याङ्कन

प्रस्तुत ऐनको मूल्याङ्कन गर्दा यसको प्रासङ्गिकता अत्यन्त उच्च देखिन्छ, किनकि यो संघीय ऐन र नेपाली सामाजिक वास्तविकता (जस्तैः समावेशीकरण, वैदेशिक रोजगारीको सामाजिक असर, र सडक बालबालिकाको सवाल) सँग पूर्ण रूपमा मेल खान्छ। ऐनमा समेटिएको अधिकारको सूची व्यापक हुनुका साथै न्याय प्रक्रिया बालमैत्री भएकाले यसको प्रभावकारिता आंशिक-उच्च छ, यद्यपि नियमावलीको अभाव र कोष सुनिश्चित नहुँदा धेरै प्रावधानहरू व्यावहारिक रूपमा कार्यान्वयन हुन बाँकी नै छन्। त्यस्तै, दिशान्तर र तत्काल उद्धार जस्ता व्यवस्थाहरूले समय बचत गर्ने भए तापनि धेरै समितिहरूबीचको समन्वयको कमी र विज्ञको अभावले प्रक्रिया ढिलो हुने जोखिम रहेका कारण ऐनको दक्षता मध्यम स्तरको देखिन्छ।

६.५ 'स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५'

स्थानीय तहको सभा सञ्चालन, बैठक, कार्यविधि, विधेयक गठन लगायतका कार्य गर्न गण्डकी प्रदेशले 'स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५' बनाएको छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार र क्षेत्रको व्यवस्था गरेको छ । त्यस्ता अधिकारको प्रयोग संविधान, संघीय कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुन अनुसार हुने व्यवस्था गरेको छ । यी तीनै तहका सरकारहरूको सम्बन्ध सहकारी, सहअस्तित्व र समन्वयात्मक हुने हुँदा यी तीनै संघीय एकाइहरूलाई समान अधिकारसम्पन्न र सशक्त पनि बनाइएको छ । संविधानको धारा २१४ मा गाउँ/ नगरपालिका, धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार अन्तर्गत गाउँ/ नगरसभा र धारा २१७ मा विवाद निरूपण गर्न न्यायीक समितिको पनि व्यवस्था गरेको छ । यसरी स्थानीय सरकारलाई पनि संघीय सरकारको जस्तै सरकारको पूर्ण स्वरूपको संरचना दिएको छ ।

६.५.१ प्रमुख प्रावधान

गण्डकी प्रदेशद्वारा निर्मित 'स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५' को मुख्य उद्देश्य स्थानीय तहका सभाहरू (गाउँ सभा र नगर सभा) को बैठक, कार्यविधि, विधेयक पारित गर्ने प्रक्रिया र समिति गठनलाई व्यवस्थित र मर्यादित बनाउनु हो।

यस ऐनका मुख्य प्रावधानहरूलाई निम्नानुसार वर्गीकरण गरेर बुझ्न सकिन्छः

१. सभाको बैठक र अधिवेशन सम्बन्धी व्यवस्था (परिच्छेद-२)

अधिवेशनको आह्वान र अन्त्यः गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले वर्षमा कम्तीमा दुई पटक (हिउँदे र वर्षे अधिवेशन) सभाको बैठक आह्वान र अन्त्य गर्ने प्रावधान छ। एक अधिवेशनको अन्त्य र अर्को अधिवेशनको प्रारम्भ बीचको अवधि छ महिनाभन्दा बढी हुनु हुँदैन।

विशेष अधिवेशनः सभाका कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यहरूले लिखित अनुरोध गरेमा प्रमुख/अध्यक्षले १५ दिनभित्र विशेष अधिवेशन बोलाउनुपर्ने व्यवस्था छ।

गणपूरक संख्या : सभाको बैठक बस्नका लागि कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी (बहुमत) उपस्थिति हुनुपर्छ। तर, बारम्बार बैठक बस्न नसकेमा कम्तीमा २५ प्रतिशत सदस्यको उपस्थितिमा पनि अधिवेशन सञ्चालन गर्न सकिने खुकुलो प्रावधान राखिएको छ।

२. बैठक सञ्चालन र अनुशासन (परिच्छेद-३)

अध्यक्षता: सभाको बैठकको अध्यक्षता गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले गर्नेछन्। उनीहरूको अनुपस्थितिमा उपाध्यक्ष वा उपप्रमुखले र दुवै अनुपस्थित भएमा सभाले तोकेको ज्येष्ठ सदस्यले अध्यक्षता गर्ने व्यवस्था छ।

शपथ र आसन ग्रहण: सभाका सदस्यहरूले बैठकमा तोकिएको आसन ग्रहण गर्नुपर्ने र मर्यादा कायम राख्नुपर्ने हुन्छ।

अनुशासन र निष्कासन: बैठकमा अभद्र व्यवहार गर्ने, सभाको मर्यादा उल्लंघन गर्ने वा बैठक सञ्चालनमा बाधा पुऱ्याउने सदस्यलाई सचेत गराउने र आवश्यक परेमा अध्यक्षले बैठकबाट निष्कासन (बाहिर निकाल्न) समेत सक्ने अधिकार दिइएको छ।

३. विधेयक र प्रस्ताव पेस गर्ने कार्यविधि (परिच्छेद-४ र ५)

विधेयक दर्ता र वितरण: स्थानीय तहले बनाउने कानुन (विधेयक) सभामा दर्ता गराउनुपर्ने र सो विधेयक बैठक बस्नुभन्दा अगाडि नै सदस्यहरूलाई अध्ययनका लागि वितरण गरिनुपर्ने व्यवस्था छ।

प्रस्तावमाथि छलफल र संशोधन: दर्ता भएका विधेयक वा वार्षिक बजेट/नीति तथा कार्यक्रममाथि सभामा सैद्धान्तिक र दफावार छलफल हुनेछ। सदस्यहरूले विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराउन पाउने अधिकार सुरक्षित गरिएको छ।

विधेयक पारित र प्रमाणीकरण: सभाको बहुमतबाट पारित भएको विधेयकलाई अध्यक्ष/प्रमुखले प्रमाणीकरण गरेपछि मात्र त्यो स्थानीय राजपत्रमा प्रकाशित भई कानुनको रूपमा लागू हुन्छ।

४. समितिहरूको गठन (परिच्छेद-६)

सभाको कार्यलाई थप प्रभावकारी र विस्तृत रूपमा अध्ययन गर्न सभाका सदस्यहरूमध्येबाट बढीमा ३/३ जना सदस्य रहने गरी निम्नलिखित विषयगत समितिहरू गठन गर्ने प्रावधान छ:

विधेयक समिति: कानुनको मस्यौदा र विधेयकहरूमाथि दफावार छलफल गर्ने।

लेखा समिति: आर्थिक पारदर्शिता र वित्तीय अनुशासनको अनुगमन गर्ने।

सुशासन समिति: प्रशासनिक कार्य, सेवा प्रवाह र जनगुनासो सुनुवाइको क्षेत्रमा काम गर्ने।

५. अन्य विविध व्यवस्थाहरू

विद्युतीय माध्यमको प्रयोग: बैठकको सूचना, कार्यसूची र कतिपय अवस्थामा डिजिटल हाजिरीका लागि विद्युतीय माध्यम (Email, SMS वा एप्लिकेसन) प्रयोग गर्न सकिने व्यवस्था छ।

सञ्चार र सुरक्षाः सभाको बैठक सञ्चालन अवधिभर शान्ति सुरक्षा कायम राख्न स्थानीय सुरक्षा निकायसँग समन्वय गर्ने जिम्मेवारी अध्यक्षको हुनेछ।

संक्षेपमा भन्नुपर्दा, यो ऐनले स्थानीय तहका जनप्रतिनिधिहरूलाई अनुशासित ढंगले कानुन निर्माण प्रक्रिया, बजेट स्वीकृत गर्ने प्रक्रिया र कार्यपालिकाको निगरानी गर्ने संसदीय अभ्यासको एउटा ठोस कार्यविधिगत रूपरेखा प्रदान गर्दछ।

प्रश्नोत्तर कार्यक्रम : कार्यपालिका प्रमुख तथा सदस्यहरूका कार्यहरूको विषयमा सभाका सदस्यले प्रश्न सोध्ने र कार्यपालिकाका सम्बन्धित सदस्यले तत्काल मौखिक जवाफ वा तथ्यपरक विवरणका आधारमा लिखित उत्तर दिने (१ घण्टा) गरिन्छ ।

सार्वजनिक महत्त्वको प्रस्तावउपर छलफल : तत्काल आइपरेको जरुरी र सार्वजनिक महत्त्वको विषयमा छलफल गर्न सभामा प्रस्ताव दर्ता गराई सभा प्रमुखको स्वीकृतिपश्चात् सभामा छलफल र कार्यपालिका सदस्यबाट जवाफ दिई पारित (छलफलको समय २ घण्टा) हुन्छ ।

ध्यानाकर्षण : कुनै खास विषयमा सम्बन्धित विषय हेर्ने जिम्मेवारी लिएको कार्यपालिका सदस्यको ध्यानाकृष्ट गर्ने गरी सभामा सभाका सदस्यद्वारा विचार राख्ने र सो विषयमा सम्बन्धित सदस्यले जवाफ दिने गरिन्छ ।

संकल्प प्रस्तावउपर छलफल र पारित : सामाजिक, आर्थिक तथा अन्य कुनै दृष्टिकोणले विशेष महत्त्व बोकेको कुनै पनि महत्त्वपूर्ण विषयलाईमा पेस गरी सभाद्वारा सबै सदस्यले सामूहिक रूपमा प्रस्ताव पारित गरी विशेष सन्देश दिने र उक्त प्रस्ताव कार्यपालिकाले कार्यान्वयन गरी सोको प्रतिवेदन सभामा पेस गर्ने गरिन्छ ।

अन्य प्रस्तावहरू पारित गर्ने : धन्यवाद प्रस्ताव, शोक प्रस्ताव, बैठक स्थगन प्रस्ताव, आकस्मिक प्रस्ताव आदि गरिन्छ

स्थानीय तहमा कानुन बनाउने चरणको ब्यबस्था

विधेयकसम्बन्धी विभिन्न चरणहरू

१. पूर्वविधायिकी चरण

पूर्वविधायिकी चरणमा सर्वप्रथम कानुन बनाउने आवश्यकताको पहिचान गरिन्छ। त्यसपछि मस्यौदा विधेयक तयार गर्न समिति गठन गरिन्छ र सरोकारवालाबाट सुझाव संकलन गरिन्छ। कार्यपालिकाबाट विधेयकको स्वीकृति प्राप्त गरी सभामा पेस गर्ने निर्णय गरिन्छ। विधेयक प्रस्तुत गर्ने पदाधिकारी तोकिन्छन् र विधेयकसँग संलग्न आवश्यक विवरण तयार गरिन्छ। सभामा पेस गर्ने मिति तोकिन्छ र विधेयकको प्रतिलिपि सभाका सदस्यहरूमा वितरण गरिन्छ। साथै, विरोधको सूचना प्रस्तुत गर्ने अवसर पनि रहन्छ।

२. विधायिकी चरण

विधायिकी चरणमा विधेयक सभामा पेस गरिन्छ र सामान्य अर्थात् सैद्धान्तिक छलफल गरिन्छ। सदस्यहरूलाई संशोधन प्रस्ताव प्रस्तुत गर्नका लागि समय दिइन्छ। विधेयक दफाअनुसार छलफलका लागि सम्बन्धित समिति वा विधायन समितिमा पठाइन्छ। समितिको प्रतिवेदन पुनः सभामा पेस गरिन्छ र सो प्रतिवेदनमाथि छलफल गरी विधेयक पारित गर्ने प्रस्ताव निर्णयार्थ पेस गरिन्छ। आवश्यक भएमा विधेयक फिर्ता लिने, अनुषाङ्गिक सुधार गर्ने, अद्यावधिक गरी प्रमाणीकरण गर्ने कार्यहरूसमेत सम्पन्न गरिन्छ।

३. उत्तरविधायिकी चरण

उत्तरविधायिकी चरणमा प्रमाणीकरण प्राप्त विधेयक स्थानीय राजपत्रमा प्रकाशित गरिन्छ र यसको प्रचारप्रसार गरिन्छ। प्रमाणित प्रति संघीय र प्रदेश सरकारमा बुझाइन्छ र स्थानीय कार्यपालिका तथा सभाको सचिवालयमा सुरक्षित रूपमा राखिन्छ। ऐनको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माण गरिन्छ।

कार्यान्वयन प्रयोजनका लागि नियम, निर्देशिका र कार्यविधि बनाएर प्रत्यायोजित विधायनको व्यवस्था गरिन्छ। ऐन कार्यान्वयन गर्न आवश्यक संरचना, जनशक्ति, स्रोत र प्रशिक्षण/अभिमुखीकरणको व्यवस्था गरिन्छ। कार्यन्वयनबाट नीतिगत उद्देश्य हासिल भयो वा भएन भन्ने मूल्यांकन गरिन्छ, ऐन तथा अन्य कानुनबीचको तादात्म्यता परीक्षण गरिन्छ, आवश्यक परे नयाँ कानुनको आवश्यकता पहिचान गरिन्छ र कानुनको समसामयिक सुधार, अद्यावधिक तथा खारेजीसम्बन्धी कार्यहरू पहिचान गरिन्छ।

६.५.२ सरोकारवाला संग छलफल तथा सुझाब संकलन

(क) जिल्ला समन्वय समिति, कास्की

स्थानीय तहको सभा सञ्चालन ऐन २०७५ सम्बन्धी छलफलका लागि जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेल तथा जिल्ला समन्वय अधिकारी नवराज बराल लगायत अन्य कर्मचारी तथा पदाधिकारीहरूसँग छलफल सम्पन्न भयो। जिल्ला समन्वय समिति पनि यही कानुनअन्तर्ग सञ्चालन हुने भएकोले धेरै गुनासाहरू छलफलको क्रममा उठेका छन् । जिल्ला समन्वय समिति प्रमुखको तलब भत्ताले अनुगमन गर्न कठिन देखिएको छ । स्थानीय तहको सभा सञ्चालन ऐनले जिससलाई जिल्लाभरि अनुगमन तथा सिफारिसको अधिकार दिएता पनि सोही अनुसार जनशक्ति तथा आवश्यक स्रोत उपलब्ध नगराएको गुनासो रहेको छ। स्थानीय तहले जिल्ला समन्वय समितिसँग समन्वयमा नरहने र जिसस बाट स्थानीय तहहरूमा अनुगमन गर्दा अनुगमनको लागि छुट्याइएको रकम अत्यन्त न्यून भएको हुनाले अनुगमनमा निकै ठुलो प्रभाव परेको छ। निर्माण सम्पन्न भएका पूर्वाधारहरू हेर्नको लागि जनशक्तिको अभाव रहेको पूर्वाधार प्रयोगशाला र योजनाहरू सम्पन्न हुने गरेको हुँदा गुणस्तरीयतामा अत्यन्त ठूलो प्रश्न उठेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अनुगमनको लागि छुट्याएको दश लाख पनि खर्च नहुने तर जिसस लाइ अपुग रहेको गुनासो छ ।

- सुशासनका लागि स्थानीय तहले आफै स्टिमेट गर्ने आफैं डिजाइन गर्ने आफै मुल्याकंन गर्दा सुशासन कायम गर्न नसकिने ।

- जिल्ला समन्वय समितिलाइ आगामी दिनमा सूचना केन्द्रको रूपमा बिकास गर्नु पर्ने आवश्यकता रहेको ।
- जिससको सिफारिस बिना पूर्वाधारका योजनाहरु पास हुन नहुने प्रावधान राख्नु पर्ने ।
- पूर्वाधार प्रयोगशालाको निर्माण अति आवश्यक छ ।

(ख) शुक्ला गण्डकी नगरपालिका

योजना शाखा प्रमुख युबराज पौडेल तथा अन्य कर्मचारीहरु संग छलफल सम्पन्न भयो ।

शुक्ला गण्डकी नगरपालिकामा स्थानीय तहको सभा सञ्चालन ऐन कार्यान्वयनमा रहेको छ । गण्डकी प्रदेश ले सञ्चालन तयार गरिदिएको यो कानून हाल शुक्ला गण्डकी नगरपालिकाले कार्य विधि बनाएर कार्यान्वयन गरिरहेको छ। यसैको आधारमा नियमित सभा सञ्चालन भएको कुनै विवाद नभएको सबैजसो निर्णयहरू सर्वसम्मत हुने गरेको छ । लैङ्गिक समानता तथा समावेशी अडिट हुने गरेको छ यसका साथै स्थानीय सरकार सभा सञ्चालन ऐनको अनुसूचीमा रहेको विभिन्न समितिहरूको गठन प्रक्रिया पनि नियमित रूपमा गठन भएको र विधेयक समितिले कानुनको मस्यौदा र विधिकमाथि दफाबार छलफल गर्ने गरेका छन् । प्रदेश कानून र स्थानीय कानूनविज कानूनी विवादमा अहिलेसम्म आएको छैन यो ऐनको कुनै दफा हालसम्म सङ्घीयतमा चुनौतीमा परेको छैन ।

(ग) व्यास नगरपालिकाका

व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपाने तथा प्रमुख प्रशासकीय अधिकृत शुकदेव लम्साल, अन्य कर्मचारीहरूसँग समूहगत छलफल सम्पन्न भयो स्थानीय सभा सञ्चालन ऐनको उत्तर विधाइकी परीक्षण का सिलसिलामा छलफल हुँदा नगर सभा सञ्चालन हुनुभन्दा पहिले नै १५ दिन दिएर विषयवस्तुमाथि अध्ययन गर्ने प्राक्टिस रहेको नगर प्रमुखले बताउनुभयो । विशेष महत्त्व बोकेको कुनै पनि महत्त्वपूर्ण विषयलाईमा पेस गरी सभाद्वारा सबै सदस्यले सामूहिक रूपमा प्रस्ताव पारित गरी अनुमोदन गरिने गरिएको छ ।यस नगरपालिकामा हालसम्म कुनै पनि समस्या नआएको खासगरी बहुमत र अल्पमत हुँदा समस्या हुने तर हालसम्म नगरपालिकामा त्यस्तो अवस्था नआएकोले समस्या देखेको देखिएको छैन । नगर सभाले आवश्यकताको आधारमा कहिलेकाहिँ आकस्मिक बस्ने गरेको छ । हालसम्म वनसँग सम्बन्धित विषयमा अदालतमा मुद्दा परेको बाहेक अरू कुनै समस्या देखिएको छैन ।

स्थानीय तहको सभा सञ्चालन तथा कानुनी व्यवस्थाका सन्दर्भमा उहाँले विभिन्न महत्वपूर्ण व्यावहारिक तथा नीतिगत परिमार्जनको आवश्यकता औंल्याउनुभएको छ। हालको कानुनी व्यवस्थामा 'शून्य समय' को कुनै प्रावधान नरहेकाले त्यसको व्यवस्था गरिनुपर्ने, तथा सभा सञ्चालनका क्रममा उपप्रमुख वा उपाध्यक्षको आसन कता हुने भन्ने कुरा स्पष्ट रूपमा तोकिनु आवश्यक छ। बजेट अधिवेशनको प्रक्रियालाई व्यवस्थित बनाउन असार १० गते बजेट ल्याउनु भन्दा कम्तिमा २ दिन अगावै नीति तथा कार्यक्रम पास गरिसक्नुपर्ने बाध्यात्मक व्यवस्था हुनुपर्ने र विनाछलफल एकैदिनमा बजेट पारित हुने परिपाटीलाई रोक्न बजेट अधिवेशन कम्तिमा ३

दिन बस्नुपर्ने नियम बनाउनुपर्नेमा उहाँले जोड दिनुभएको छ। यसका साथै, सभाको गरिमा र पारदर्शिता बढाउन सभा बस्ने दिन राजनीतिज्ञ, नागरिक समाज, पत्रकार तथा वरिष्ठ कर्मचारीहरूलाई समेत दर्शक दीर्घामा बस्न दिने वातावरण मिलाउनुपर्ने सुझाव उहाँको छ। अन्तमा, ऐनको दफा ३५ मा उल्लेखित तीनवटा समितिहरूमा 'नगर सभाका सदस्यहरू मध्येबाट' चयन गरिने स्पष्ट व्यवस्था हुनुपर्ने माग र हाल ती समितिहरूमा समेत कार्यपालिकाकै सदस्यहरूको बर्चस्व र ओगट्न खोज्ने प्रवृत्ति रहेको देखिन्छ।

(घ) घरपझोङ गाउँपालिका मुस्ताङ

घरपझोङ गाउँपालिकाका प्रशासकीय अधिकृत विकास सन्ज्याल सँग स्थानीय सभा सञ्चालन ऐनका विषयमा छलफल गर्दा हालसम्म यो ऐनमा कुनै पनि विवाद नभएको बताउनु भएको छ स्थानीय कानून र प्रदेश कानुन बीचको समन्वयका सन्दर्भमा आवश्यकता अनुसार स्थानीय तहलाई समस्या पर्दा प्रदेश विभिन्न मन्त्रालय तथा महान्याधिवक्ताको कार्यालयसँग सल्लाह दिने गरिएको छ । अधिवेशनको आह्वान गर्ने तर कोरम न पुग्ने सहभागीहरूको सङ्ख्या न्यून हुने गरेको छ। ऐनले प्रावधान गरेका विषयवस्तुहरू सबैलाई बुझाउन नसक्दा विवाद हुने गरेको तर यसै ऐनलाई टेकेर काम कारवाही गरेको हुनाले कर्मचारीहरूलाई निकै सहज बनाएको छ । यसै ऐनको आधारमा सभा सञ्चालन निर्देशीका कार्यक्रम सहजीकरण गर्न विवादरहित सभा सञ्चालन गर्नु सक्षम भएका छौं।

(ङ) मध्यबिन्दु नगरपलिका

प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरु संगको स्थानीय सभा सञ्चालन ऐनका विषयमा छलफल गर्दा, पालिकाले कार्यविधि तयार गरेको, ऐन मा अपाङ्गता भएका सदस्यहरूका लागि अध्यक्षले विशेष आसनको व्यवस्था गर्ने र साथमा एक जना सहयोगी राख्न अनुमति दिने कानुनी प्रावधान राम्रो रहेको बताउनुभयो । सभाको कार्यसूची सदस्यहरूलाई उपलब्ध गराउनुपर्ने नियमले सबै सदस्यहरुलाई जानकारी हुने र समयमै तयारी गर्न सहज भएको छ ।

जिल्ला सभा र जिल्ला समन्वय समितिको काम केवल 'समन्वय र अनुगमन' मा सीमित गरिएको छ। यो संरचनाले स्थानीय तहहरू बीचको विवाद समाधान र प्राकृतिक प्रकोप व्यवस्थापनमा समेत जिम्मेवारी दिदा उपयुक्त हुने देखिन्छ । छलफलमा एनका सबै प्राबधान लागु हुन नसकेको धेरै अधिकार प्रमुख संग रहेको र जनताको प्रतिकृया लिने अबसरमा मार्ग प्रसस्त हुन नसकेको बताउनु भयो ।

(च) देवचुली नगरपालिका

देवचुली नगरपालिकाको प्रादेशिक ऐन कार्यान्वयन सम्बन्धी सुझावहरू

देवचुली नगरपालिकामा गण्डकी प्रदेशका ७ वटा ऐनहरूको कार्यान्वयन अवस्थाको अध्ययनले ऐनका प्रावधानहरू उत्कृष्ट भए तापनि तिनको व्यावहारिक कार्यान्वयनमा जनशक्ति, बजेट, प्रविधि र पूर्वाधारको अभावका कारण चुनौती देखिएको छ, जसको समाधानका लागि विभिन्न सुझावहरू प्रस्तुत गरिएका छन्। सबैभन्दा पहिले, सुशासन

ऐनले परिकल्पना गरेको "क्षतिपूर्ति सहितको नागरिक बडापत्र" कार्यान्वयन गर्न इन्टरनेट, विद्युत् र दक्ष जनशक्तिको पूर्वाधार नै नभएको अवस्थामा त्यस्ता प्रावधानहरू नराख्नु आवश्यक छ। त्यसैगरी, प्रत्येक ऐनसँगै कार्यान्वयन कार्ययोजना र वित्तीय खाका निर्माण गर्नुपर्छ, जसले गर्दा कार्यान्वयनका लागि आवश्यक बजेट, जनशक्ति र स्रोतको स्पष्ट पहिचान हुन सकोस्। साथै, ऐन लागू भएको निश्चित अवधि (जस्तै २ वर्ष) पछि उत्तर-विधायिकी जाँच (Post-Legislative Audit) गरी असम्भव, बाझिएका वा व्यावहारिक नभएका दफाहरू पहिचान गरी संशोधन गर्नुपर्ने देखिन्छ। नयाँ ऐन निर्माण गर्दा नीति निर्माणकै चरणमा स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि र सरोकारवालाहरूसँग सुझाव माग्ने, स्थानीय तहका लागि छुट्टै बजेट लाइन राख्ने र ऐनको व्याख्या सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्थाले कार्यान्वयन प्रभावकारी बनाउन सहयोग पुग्दछ। संघीय, प्रादेशिक र स्थानीय तहबीचको अन्तर-सरकारी समन्वयलाई बलियो बनाई नियमित छलफल, सूचना आदानप्रदान र साझा डाटाबेसको व्यवस्था गर्नु पनि त्यति नै जरुरी छ। प्रविधिको पहुँच नभएका स्थानीय तहहरूका लागि प्रदेश सरकारले नै एकीकृत डिजिटल प्रणाली (जस्तै सहकारीका लागि Coop-CMS, अभिलेख डिजिटलाइज) निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ। अन्त्यमा, ऐनले प्रभाव पार्ने क्षेत्रका नागरिक, ऐन कार्यान्वयन गर्ने कर्मचारी र नागरिक समाजका प्रतिनिधिहरूसँग नियमित प्रतिक्रिया लिने व्यवस्था (जस्तै डिजिटल पोर्टल वा सार्वजनिक सुनुवाइ) गरी ऐनको वास्तविक प्रभाव मूल्याङ्कन गरिनु आवश्यक छ। यी समग्र सुझावहरू कार्यान्वयनमा ल्याउन सकेमा देवचुली नगरपालिकाको प्रादेशिक ऐन कार्यान्वयन क्षमता थप प्रभावकारी, सुशासनयुक्त र परिणाममुखी बन्न सक्ने अपेक्षा गरिएको छ।

नागरिकको गुनासो/प्रतिक्रिया

सम्बन्धितपालिका भित्रका नागरिकहरु संग कुरा गर्दा तेती सकरात्मक जवाफ प्राप्त भएन

- **"बजेट पास गर्ने थलो मात्रै":** धेरैजसो स्थानीय तहमा सभाहरू बजेट वक्तव्य पढ्ने र ताली पड्काएर पास गर्ने 'कर्मकाण्डी' मञ्च मात्र बनेको नागरिकहरूको बुझाइ छ। कानुन र नीतिमाथि पर्याप्त दफावार छलफल हुँदैन।
- **कार्यपालिकाको छाया :** ऐनले अध्यक्ष/प्रमुखलाई नै सभाको पनि अध्यक्षता गर्ने अधिकार दिएको छ (संघीय संसदमा सभामुख र प्रधानमन्त्री अलग भए जस्तो)। यसले गर्दा कार्यपालिका ले जे निर्णय गर्छ, सभाले त्यही अनुमोदन गर्ने हुनाले "चेक एण्ड ब्यालेन्स" (सन्तुलन र नियन्त्रण) कमजोर भएको टिप्पणी नागरिक समाजको छ।
- **लाइभ (Live) प्रसारणको माग:** नागरिकले : प्रविधिको युगमा पनि सीमित स्थानीय तहले बाहेक बहुसंख्यकले सभाको कामकारबाही अनलाइन वा रेडियोबाट प्रत्यक्ष प्रसारण गर्नुपर्ने बताएका छन्।

६.५.३. संघीय कानुन, संविधान र स्थानीय तहका अधिकारसँग क्षेत्राधिकारको स्पष्टता

गण्डकी प्रदेशका विभिन्न पालिकाहरू (जस्तै शुक्लागण्डकी, व्यास, घरपझोङ) मा यो ऐन कार्यविधि बनाएर कार्यान्वयनमा रहेको र हालसम्म ठूलो कानुनी विवाद नदेखिएको भए तापनि यसका कतिपय दफाहरू नेपालको संविधान र संघीय कानुनसँग स्पष्ट रूपमा बाझिएका छन्:

- गणपूरक संख्या (Quorum) सम्बन्धी विरोधाभासः यस ऐनको दफा ६(४) मा बारम्बार बैठक बस्न नसकेमा कम्तीमा २५ प्रतिशत सदस्यहरूको उपस्थितिमा अधिवेशन सञ्चालन गर्न सकिने खुकुलो व्यवस्था छ। तर, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' को दफा १७ र संसदीय लोकतन्त्रको विश्वव्यापी मान्यता अनुसार बैठकका लागि ५० प्रतिशतभन्दा बढी (बहुमत) उपस्थिति अनिवार्य हुनुपर्छ। केवल २५ प्रतिशत सदस्यले कानुन पारित गर्दा स्थानीय तहमा अल्पमतको निर्णय लादिने जोखिम रहन्छ र यो संघीय कानुनको भावना विपरीत छ।

- शक्तिको पृथकीकरण र सन्तुलन (Checks and Balances) मा चुनौतीः नेपालको संविधानको धारा २१४, २१७ र २२१ ले स्थानीय सरकारलाई कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको पूर्ण स्वरूप दिएको छ। तर यो ऐनले कार्यपालिका प्रमुख (मेयर/अध्यक्ष) लाई नै व्यवस्थापिका (सभा) को पनि अध्यक्ष तोकेको छ। दफा २१ र ३१ बमोजिम कुनै प्रस्ताव वा संशोधन स्वीकार गर्ने वा नगर्ने एकल र पूर्ण अधिकार अध्यक्षलाई सुम्पिएको छ, जसले गर्दा प्रमुखले आफू अनुकूल नहुने प्रस्तावहरू एकलौटी ढंगले रोक्न (Veto प्रयोग गर्न) सक्ने छिद्र पाएका छन्।

- स्थानीय स्वायत्तता र नियन्त्रणको भाषाः संविधानको अनुसूची ८ अनुसार स्थानीय तह आफ्नो कानुन बनाउन आफैं स्वायत्त छन्। प्रदेशले मार्गदर्शक ऐन बनाउन सके पनि ऐनको दफा १५ मा कर्मचारी वा सुरक्षाकर्मी लगाएर सदस्यलाई ७ दिनसम्म निष्कासन गर्ने वा क्षतिपूर्ति भराउने जस्ता नियन्त्रणमुखी र सजायका प्रावधानहरू प्रदेश कानुनमार्फत सिधै लागू गराउनु स्थानीय स्वायत्तताको मर्म अनुकूल देखिँदैन।

- जिल्ला समन्वय समिति (जिसस) को क्षेत्राधिकार र स्रोतको द्वन्द्वः ऐनले जिससलाई जिल्लाभरिका योजनाहरूको अनुगमन र सिफारिसको अधिकार दिए पनि सोही अनुसार जनशक्ति र स्रोत उपलब्ध गराएको छैन। स्थानीय तहहरू जिससँग समन्वयमा नरहने र आफैं इस्टिमेट, डिजाइन र मूल्याङ्कन गर्दा सुशासन र गुणस्तरमा प्रश्न उठेको छ।

६.५.४ महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायमा प्रभाव

यो ऐनको कार्यान्वयनबाट सीमान्तकृत समुदायको अधिकार र पहुँचको क्षेत्रमा संख्यात्मक र गुणात्मक दुवै खाले प्रभाव परेका छन्:

क) सकारात्मक प्रभाव (संख्यात्मक उपस्थिति)

- संविधान र ऐनको बाध्यकारी व्यवस्थाका कारण स्थानीय सभाहरूमा ४० प्रतिशतभन्दा बढी महिला र दलित महिलाहरूको प्रतिनिधित्व सुनिश्चित भएको छ। यसले नेपालको इतिहासमै पहिलो पटक स्थानीय नीति निर्माणको तल्लो तहमा महिलाको ठूलो संख्यात्मक उपस्थिति गराएको छ। पालिकाहरूमा लैङ्गिक समानता तथा समावेशी अडिट (GESI Audit) गर्ने अभ्यासको सुरुवात भएको छ।

ख) नकारात्मक वा कमजोर प्रभाव (गुणत्मक सहभागिताको कमी)

- औपचारिक उपस्थितिमा सीमितः दलित, महिला र अल्पसंख्यक प्रतिनिधिहरूको गुनासो अनुसार ऐनले उनीहरूलाई बोल्ने र प्रस्ताव दर्ता गर्ने अधिकार दिए पनि व्यवहारमा उनीहरूको आवाज सुन्ने वातावरण छैन। सभाहरू प्रायः दलका शीर्ष नेता वा प्रमुख/उपप्रमुख हरुले पूर्व तयारी कार्यक्रम संचालन गर्ने र प्रमुख या अध्यक्ष को निर्देशन अन्तिम हुनेहुदा सबैको राय सुझाब समेट्न नसकिएको देखिन्छ ।
- क्षमता र प्रशिक्षणको अभावः ऐन जारी भए तापनि कार्यविधि बुझ्न, ऐनको मस्यौदा तयार गर्न वा संशोधन प्रस्ताव कसरी हाल्ने भन्ने विषयमा महिला, दलित र अपाङ्गता भएका सदस्यहरूलाई बिधिको पर्याप्त ज्ञान नहुदा उनीहरू विधायिकी चरणमा ओझेलमा परेका छन्।
- भौतिक पहुँचको अवरोधः अधिकांश गाउँपालिका र नगरपालिकाका सभा हलहरू अपाङ्गता भएका व्यक्तिहरू (ह्विलचियर प्रयोगकर्ता वा दृष्टिविहीन) का लागि सहज पहुँचयुक्त छैनन्, जसले गर्दा उनीहरूको भौतिक पहुँचमै बाधा पुगेको छ।

६.५.५ कानुनमा गर्नुपर्ने संशोधन, खारेजी वा परिमार्जनका लागि ठोस सुझावहरू

स्थानीय सभालाई केवल "बजेट पास गर्ने र ताली पड्काउने कर्मकाण्डी थलो" मात्र हुनबाट रोक्न र यसलाई वास्तविक संसदका रूपमा विकास गर्न निम्न सुधारहरू आवश्यक छन्:

क) तत्काल संशोधन गर्नुपर्ने विषयहरू (Amendments)

1. गणपूरक संख्या परिमार्जन (दफा ६): बारम्बार बैठक बस्न नसकेमा २५ प्रतिशतमा झार्ने व्यवस्था तत्काल हटाइनुपर्छ। जुनसुकै अवस्थामा पनि स्थानीय ऐन/कानुन र बजेट पारित गर्नका लागि कम्तीमा ५० प्रतिशत (बहुमत) सदस्यको उपस्थिति अनिवार्य गरिनुपर्छ।

2. 'कार्यव्यवस्था परामर्श समिति' को गठन: प्रस्ताव र संशोधन स्वीकार वा अस्वीकार गर्ने अध्यक्षको एकलौटी स्वेच्छाचारिता (दफा २१ र ३१) कटौती गरी प्रमुख, उपप्रमुख, वडाध्यक्ष र दलका प्रतिनिधिहरू रहने कार्यव्यवस्था समिति मार्फत कार्यसूची तय गर्ने व्यवस्था गरिनुपर्छ।

3. विषयगत समितिहरूको विस्तार (दफा ३५): ऐनमा रहेका विधेयक, लेखा र सुशासन समितिको सदस्य संख्या (हाल बढीमा ३ जना) लाई बढाएर पालिकाहरूको आकार अनुसार ५ देखि ७ सदस्य बनाइनुपर्छ र त्यसमा महिला, दलित र अपाङ्गता भएका व्यक्तिको समावेशी प्रतिनिधित्व अनिवार्य गरिनुपर्छ।

4. शून्य समय र विशेष समयको ग्यारेन्टी: कार्यसूची बाहिरका तत्कालीन जनसरोकारका मुद्दा, महामारी, दैवी प्रकोप वा वडाका जल्दाबल्दा समस्यामा सदस्यहरूले बोल्न पाउने गरी बैठकको सुरुमा 'शून्य समय' (१ मिनेट) र 'विशेष समय' को कानुनी ग्यारेन्टी गरिनुपर्छ।

ख) खारेजी वा पुनर्लेखन गर्नुपर्ने विषयहरू

1. स्वेच्छाचारी निष्कासनको अधिकार खारेजी (दफा १५): अध्यक्ष एक्लैले कर्मचारी वा सुरक्षाकर्मी लगाएर सदस्यलाई निष्कासन गर्ने र क्षतिपूर्ति भराउने व्यवस्था लोकतान्त्रिक छैन। यसलाई खारेज गरी सभाको 'विशेषाधिकार वा अनुशासन समिति' को सिफारिसमा सभाको बहुमतले निर्णय गरेपछि मात्र निष्कासन गर्न पाउने व्यवस्था राखिनुपर्छ।

2. एकलौटी प्रस्ताव फिर्ता (दफा ३०): 'अध्यक्षले निर्धारण गरे बमोजिम' प्रस्ताव फिर्ता हुने व्यवस्था खारेज गरी 'सभाको अनुमतिले मात्र फिर्ता हुन सक्ने' संसदीय नियम स्थापित गरिनुपर्छ।

६.५.६ आगामी सुधारका लागि नागरिकको अपेक्षा

नागरिक प्रतिक्रियाको निचोडका आधारमा यो ऐन र यसको अभ्यासमा निम्न सुधारहरू हुनुपर्ने देखिन्छ:

क्षेत्र	**आवश्यक सुधार / नागरिकको चाहना**

पारदर्शिता र खुलापन	स्थानीय सभाका बैठकहरू अनिवार्य रूपमा स्थानीय सञ्चार माध्यम वा सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण (Live Broadcasting) गरिनुपर्छ र आम नागरिकका लागि 'भिजिटर्स पास' को व्यवस्था हुनुपर्छ।
शक्तिको पृथकीकरण	कार्यपालिका प्रमुख (मेयर/अध्यक्ष) र व्यवस्थापिका प्रमुख (सभामुख जस्तै) को भूमिकालाई व्यावहारिक रूपमै अलग गर्ने दिशामा बहस हुनुपर्छ, ताकि सभा कार्यपालिकाको खल्तीको संस्था नजियोस्।
अर्थपूर्ण GESI	बजेट र कानुन निर्माण गर्दा महिला, दलित, अपाङ्गता र सीमान्तकृत समूहको अधिकार क्षेत्रमा कम्तीमा "अनिवार्य परामर्श समय" तोकिनुपर्छ र उनीहरूको क्षमता विकासमा लगानी गर्नुपर्छ।
कानुन निर्माणमा पूर्व-परामर्श	कुनै पनि स्थानीय ऐन सभाबाट पास गर्नुअघि त्यसको मस्यौदा कम्तीमा १५ दिन सार्वजनिक रूपमा वेबसाइट वा वडा कार्यालयमा राखेर नागरिकको राय-सुझाव लिने प्रक्रियालाई कार्यविधिमै बाध्यकारी बनाउनुपर्छ।

६.६ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७

(कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय)

गण्डकी प्रदेशको "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७" को उत्तर-विधायकी परीक्षण र संशोधनका सुझावहरू बुझ्नका लागि यस ऐनमा भएका हालका मूलभूत कानुनी व्यवस्थाहरू र संरचनाहरू बारे जानकारी आबस्यक रहन्छ ।

६.६.१ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ का प्रमुख प्राबधान

यस ऐनका प्रमुख प्रावधानहरूलाई मुख्य ५ वटा खण्ड र प्रादेशिक संरचनाका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

१. कृषि व्यवसाय र कृषकको वर्गीकरण

ऐनले कृषि कार्यलाई परम्परागत जीविकोपार्जनबाट माथि उठाई व्यावसायिकरण गर्न कृषक र व्यवसायको वर्गीकरण गर्ने आधार तय गरेको छः

- **कृषकको वर्गीकरणः** ऐनले कृषकहरूलाई उनीहरूको स्वामित्व, लगानी र उत्पादनको परिमाणका आधारमा **व्यवसायिक, निर्वाहमुखी, सीमान्तकृत र भूमिहीन कृषक**का रूपमा वर्गीकरण गरी परिचयपत्र वितरण गर्ने व्यवस्था गरेको छ।
- **कृषि व्यवसायको दायराः** परम्परागत खेतीपाती मात्र नभई कृषि उत्पादनको प्रशोधन, भण्डारण (शीतभण्डार), प्याकेजिङ, ढुवानी, नर्सरी व्यवस्थापन, र कृषि पर्यटन (Agro-Tourism) लाई समेत 'कृषि व्यवसाय' को परिभाषाभित्र समेटेको छ।

२. संस्थागत संरचना र परिषद्को व्यवस्था

ऐन कार्यान्वयन र नीतिगत निर्देशनका लागि प्रदेश तहमा एक उच्चस्तरीय संरचनाको व्यवस्था गरिएको छः

- **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन परिषद्ः** कृषि मन्त्रीको अध्यक्षतामा एउटा शक्तिशाली परिषद् गठन हुने प्रावधान छ। यस परिषद्मा मन्त्रालयका सचिवहरू, कृषि विज्ञ, र कृषकका प्रतिनिधिहरू सदस्य रहन्छन्।
- **परिषद्को कामः** प्रादेशिक कृषि नीति बनाउने, ठूला व्यावसायिक योजना स्वीकृत गर्ने, कृषि क्षेत्रमा वैदेशिक वा निजी लगानी आकर्षण गर्ने र प्रदेशभित्रका कृषि बजारको रणनीतिक योजना स्वीकृत गर्ने।

३. लगानी प्रवर्द्धन, अनुदान र सहुलियत

व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न ऐनले वित्तीय र प्राविधिक सहयोगका मार्गहरू खोलेको छः

- **सहुलियत र वित्तीय पहुँचः** व्यावसायिक कृषि फर्म वा उद्योग स्थापना गर्न चाहने उद्यमीलाई प्रदेश सरकारले **सहुलियतपूर्ण ब्याजदरमा ऋण** उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्ने।
- **उत्पादन र प्रविधिमा अनुदानः** उन्नत बिउबिजन, आधुनिक कृषि औजार (ट्र्याक्टर, पावरटिलर आदि), हरितगृह निर्माण, र सिँचाइ पूर्वाधारमा प्रदेश सरकारले आंशिक वा पूर्ण अनुदान दिन सक्ने कानुनी आधार तयार गरेको छ।
- **जमिनको चक्लाबन्दी र करार खेती** : खण्डकीकृत (टुक्रा—टुक्रा परेको) जमिनलाई एकीकृत गरी सामूहिक वा करार खेती गरेमा विशेष कर छुट र प्राविधिक सहयोग दिने प्रोत्साहनमूलक व्यवस्था छ।

४. कृषि बजार पूर्वाधार र प्रतिस्पर्धा

कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाउन र बिचौलियाको अन्त्य गर्न ऐनले बजार व्यवस्थापन सम्बन्धी प्रावधान राखेको छः

- **कृषि बजारको वर्गीकरणः** प्रदेशस्तरका **एकीकृत कृषि बजार, थोक बजार, र स्थानीय हाटबजार**को स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड तोक्ने अधिकार प्रदेशलाई दिएको छ।
- **न्यूनतम समर्थन मूल्य :** कृषकलाई हानि हुन नदिन प्रमुख बालीहरूको उत्पादन लागतको मूल्यांकन गरी प्रदेश सरकारले 'न्यूनतम समर्थन मूल्य' तोक्न सक्ने र सो मूल्यमा उत्पादित वस्तु खरिद गर्ने ग्यारेन्टी गर्ने प्रावधान छ।
- **गुणस्तर र प्रमाणीकरणः** प्रदेशभित्र उत्पादन हुने कृषि उपजको गुणस्तर मापन, जैविक प्रमाणीकरण, र विषादी अवशेष परीक्षण का लागि प्रयोगशालाहरू स्थापना गर्ने।

५. कसुर, दण्ड र जरिवाना

ऐनका व्यवस्थाहरू उल्लंघन गर्ने, कृषकलाई ठग्ने वा अनुदानको दुरुपयोग गर्नेहरूलाई कारबाही गर्ने प्रावधान यसमा छः

- **अनुदानको दुरुपयोग गरेमाः** सरकारी अनुदान वा सहुलियत लिएर तोकिएको कृषि व्यवसायमा नलगाई अन्यत्र उपयोग गरेमा वा झुट्टा विवरण पेश गरेमा अनुदान रकम फिर्ता गराई जरिवाना गर्ने।

- **बजारमा एकाधिकार गरेमा:** कृषि उपजको कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य कार्टेलिङ गर्ने, वा गुणस्तरहीन वस्तु बेच्ने व्यवसायीलाई अनुमतिपत्र खारेज गर्ने र आर्थिक जरिवाना गर्ने कडा कानुनी प्रावधान राखिएको छ।

६.६.२ संवैधानिक अनुकूलता र क्षेत्राधिकारको स्पष्टता (बाझिएको/नबाझिएको)

कृषि क्षेत्र तीनवटै तहको एकल तथा साझा अधिकारभित्र पर्ने हुनाले यो ऐन कार्यान्वयनमा क्षेत्राधिकारको ठूलो अन्योल देखिन्छ।

क) स्थानीय तहको अधिकारसँगको द्वन्द्व (अनुसूची ८)

- **संवैधानिक ग्यारेन्टी:** नेपालको संविधानको अनुसूची ८ को बुँदा नम्बर १५ मा **'कृषि तथा पशुपालन व्यवस्थापन'** स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ।
- **बाझिएको विषय:** ऐनले कृषि बजारको स्थापना, सञ्चालन, नियमन र साना कृषि व्यवसाय वा फर्महरूको दर्ता/अनुमति दिने अधिकार प्रादेशिक संरचना (मन्त्रालय वा निर्देशनालय) मातहत राख्न खोजेको छ। स्थानीय तहमा हुने साना कृषि संकलन केन्द्र र हाटबजारको नियमन प्रदेशले गर्दा स्थानीय स्वायत्ततामा प्रत्यक्ष हस्तक्षेप भएको छ।

ख) संघीय कानुन र साझा सूची (अनुसूची ९) सँगको तादात्म्यता

- **बाझिएको विषय:** बिउबिजन, विषादी र गुणस्तर प्रमाणीकरण जस्ता विषयमा संघीय कानुनहरू (जस्तै: *बिउबिजन ऐन, २०४५*) अझै सक्रिय छन्। प्रदेश ऐनले आफ्नै तवरले गुणस्तर नियन्त्रण र प्रमाणीकरणको संयन्त्र परिकल्पना गरे पनि प्राविधिक प्रयोगशाला र अन्तर्राष्ट्रिय क्वारेन्टाइनको अधिकार संघसँगै भएकाले व्यावहारिक रूपमा यो प्रावधान संघीय कानुनसँग बाझिएको र अकार्य कर छ।
- **अनुदान र वर्गीकरणमा दोहोरोपन:** कृषकको वर्गीकरण र परिचयपत्र वितरण गर्ने सवालमा संघ, प्रदेश र स्थानीय तहबीच साझा डाटाबेस नहुँदा एउटै कृषकले तीनवटै तहबाट दोहोरो सुविधा लिने वा वास्तविक कृषक सधैं छुट्ने अवस्था छ।

६.६.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण

कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ ले व्यावसायिक कृषिलाई जोड दिए पनि यसले नेपालको (विशेष गरी गण्डकी प्रदेशको) परम्परागत र सीमान्तकृत कृषिको यथार्थलाई पूर्ण रूपमा समेट्न सकेको छैन:

- **महिला कृषकमाथि परेको प्रभाव:** नेपालमा कृषि कार्यमा महिलाको श्रम (कमसेकम ६०-७०%) बढी छ। ऐनले 'कृषि व्यवसाय' को परिभाषा गर्दा ठूला फर्म र व्यावसायिक कृषिमा जोड दिएको छ, जसमा प्रायः पुरुषको स्वामित्व (जमिन र पूँजीमा) छ। यसले गर्दा घरेलु र निर्वाहमुखी कृषिमा संलग्न महिलाहरू प्रदेशको अनुदान, सहुलियत ब्याज र प्रविधि सहयोगबाट वञ्चित भएका छन्।

- **दलित र भूमिहीन कृषकको पहुँचमा बाधाः** व्यावसायिक कृषि प्रवर्द्धनका लागि ऐनले 'जमिनको चक्लाबन्दी' वा 'करार खेती' लाई प्रोत्साहन गरेको छ। तर, गण्डकीका रैथाने दलित, भूमिहीन वा कमैया/हलिया पृष्ठभूमिका विपन्न नागरिकसँग आफ्नै जमिन छैन। ऐनले भूमिहीन कृषकका लागि विनाधितो ऋण वा विशिष्ट कानुनी सुरक्षा नदिएकाले उनीहरूको पहुँच शून्यप्रायः छ।

- **अपाङ्गता भएका र सीमान्तकृत समुदायः** अपाङ्गता भएका व्यक्ति अनुकूलको कृषि प्रविधि प्रवर्द्धन गर्ने र विकट हिमाली तथा पहाडी क्षेत्रका सीमान्तकृत जाति (जस्तैः चेपाङ, बोटे, माझी) का परम्परागत कृषिलाई व्यावसायिकरण गर्ने विशेष संरक्षणमुखी नीति ऐनमा समेटिएको छैन।

६.६.४ संशोधन र परिमार्जनका लागि दफावार सुझावहरू

हालको दफा / उपदफा	ऐनको वर्तमान व्यवस्था	प्रस्तावित संशोधन / परिमार्जन (ठोस सुझाव)	परिमार्जन गर्नु पर्ने कारण (औचित्य)
दफा २ (ख) *(परिभाषा खण्ड)*	अनुदान भन्नाले सरकारबाट कृषि व्यवसायलाई प्रोत्साहन गर्न प्रदान गरिने नगद वा वस्तुगत सहयोग सम्झनु पर्छ।	अनुदानको परिभाषामा "साधन-सामग्री वा प्रविधिमा आधारित वा उत्पादन पछिको प्रतिफलमा आधारित " अनुदान हुनुपर्ने भनी संशोधन गर्ने।	विगतको अनुभवमा हचुवा र नगद अनुदान दुरुपयोग भएको हुँदा वास्तविक किसानले प्रतिफल वा उत्पादनका आधारमा मात्र प्रोत्साहन पाउन भन्ने सुनिश्चित गर्न।
दफा ४ वा समिति गठन सम्बन्धी दफा *(परिषद/समिति संरचना)*	कृषि प्रवर्द्धन सम्बन्धी उच्चस्तरीय संरचनामा सरकारी अधिकारी र विज्ञहरूको बाहुल्यता छ।	समिति वा परिषद्को संरचनामा "कम्तीमा ३३ प्रतिशत महिला किसान र कम्तीमा एक जना दलित, भूमिहीन वा सीमान्तकृत किसानको" अनिवार्य प्रतिनिधित्व हुने गरी कोटा तोक्ने।	नीति निर्माण र कार्यान्वयनको माथिल्लो तहमा वास्तविक श्रम गर्ने महिला र भूमिहीन किसानहरूको आवाज अर्थपूर्ण रूपमा समेट्न।
दफा ७ वा ८	कृषि भूमिको उत्पादकत्व बढाउन चक्लाबन्दी वा	"जग्गा बाँझो राख्ने जग्गा मालिक लाई जरिवाना गर्ने र साना तथा सीमान्तकृत	वास्तविक किसानसँग जग्गा नहुने र जग्गा भएकाहरूले बाँझो राख्ने

(जग्गाको उपयोग/चक्लाबन्दी)	सामूहिक खेती प्रवर्द्धन गर्ने सामान्य व्यवस्था छ।	किसानलाई 'करार खेती वा 'सहकारी खेती' मार्फत भूमिमा सुरक्षित पहुँच दिने कार्यविधि" थप गर्ने।	प्रवृत्तिका कारण उत्पादन घटिरहेकाले साना किसानको लगानी सुरक्षा गर्न आवश्यक छ।
कृषि उपज बजार सम्बन्धी दफा *(बजारीकरण र अक्सन)*	अक्सन बजार (मूल्य बढाबढ) र बजार पूर्वाधार स्थापना सम्बन्धी व्यवस्था छ।	"सार्वजनिक-निजी-सहकारी (३P) मोडेलमा **डिजिटल बजार र न्यूनतम समर्थन मूल्य** तोकी सो मूल्यमा किसानको उपज बिक्री नभए सरकारले खरिद गर्ने" ग्यारेन्टी थप्ने।	बिचौलियाको एकाधिकार तोक्न, किसानले उचित मूल्य पाउन र डिजिटल प्रविधिको प्रयोग मार्फत बजारलाई पारदर्शी बनाउन।
अनुदान र प्रोत्साहन सम्बन्धी दफा *(सकारात्मक विभेद)*	व्यावसायिक कृषि गर्ने सबैलाई अनुदान उपलब्ध गराउन सकिने सामान्य व्यवस्था छ।	"दलित, महिला, युवा, र दुर्गम क्षेत्रका सीमान्तकृत किसानहरूलाई **कृषि कर्जाको ब्याजमा थप सहुलियत (ब्याज अनुदान) र प्रविधि हस्तान्तरणमा ७५% सम्म अनुदान** दिने" विशेष प्रावधान थप्ने।	पूँजी र प्रविधिमा पहुँच नभएका विपन्न वर्गलाई व्यावसायिक कृषिको मूल प्रवाहमा ल्याउन सकारात्मक विभेद आवश्यक छ।

६.६.५ ऐनमा थप गर्नुपर्ने नयाँ व्यवस्थाका सुझाबहरु

कृषि क्षेत्रमा देखा परेका नयाँ चुनौती (जस्तै जलवायु परिवर्तन) र सुशासन सुनिश्चित गर्न ऐनमा देहाय बमोजिमका नयाँ दफाहरू/परिच्छेदहरू थप गर्न आवश्यक देखिन्छ ।

- **जलवायु अनुकूलित कृषि सम्बन्धी व्यवस्थाः**
    - प्रस्तावित व्यवस्थाः ऐनमा नयाँ दफा थप गरी "गण्डकी प्रदेशका विभिन्न भौगोलिक क्षेत्र (हिमाल, पहाड) को पहिचान गरी जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्ने प्रविधि

(जस्तैः टनेल खेती, थोपा सिँचाइ, रैथाने बीउ संरक्षण) अवलम्बन गर्ने कृषि व्यवसायलाई विशेष प्रोत्साहन दिइनेछ" भनी समेट्नुपर्छ।

- **एकीकृत कृषि बीमा र प्रवर्द्धन कोष :**
  - प्रस्तावित व्यवस्थाः प्राकृतिक प्रकोप (बाढी, पहिरो, असिना, महामारी) बाट हुने क्षति रोक्न स्थानीय तहसँग मिलेर **"कृषि बीमा प्रिमियममा प्रादेशिक अनुदान"** र आकस्मिक राहतका लागि एक स्वायत्त 'कृषि प्रवर्द्धन कोष' को कानुनी व्यवस्था गर्ने।
- **नियमन र डिजिटल किसान प्रोफाइल :**
  - **प्रस्तावित व्यवस्थाः** वास्तविक किसान र 'कागजी किसान' छुट्याउन प्रदेशभरिका किसानको एकीकृत अनलाइन डिजिटल परिचयपत्र (कृषक सूचीकरण) प्रणाली स्थापना गर्ने र सोही प्रोफाइलका आधारमा मात्र वित्तीय सहयोग हस्तान्तरण गर्ने बाध्यात्मक व्यवस्था थप गर्ने।
  - **औचित्यः** यसबाट परिणाममा आधारित व्यवस्थापन सम्भव हुन्छ र वास्तविक लक्षित वर्गसम्म राज्यको स्रोत पुग्छ।

६.७ गण्डकी प्रदेश सहकारी ऐन, २०७५

(कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय)

गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएको **"सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५"** को मुख्य प्रावधानहरू, संवैधानिक एवं क्षेत्राधिकारगत सामञ्जस्यता, सीमान्तकृत समुदायमा यसको प्रभाव र यसमा गर्नुपर्ने सुधारहरूको विस्तृत विश्लेषण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

६.७.१ ऐनका प्रमुख प्रावधानहरू

- **गठन र विशिष्टीकरणः** सामान्य विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठनका लागि कम्तीमा २९ जना नेपाली नागरिक हुनुपर्ने व्यवस्था छ । तर, महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋण सहकारी गठन गर्न कम्तीमा १०१ जना आवश्यक पर्दछ । ठूला लगानीका उत्पादनशील कार्य (जस्तैः जलविद्युत, कारखाना, अस्पताल आदि) का लागि २५ वटा संस्थाहरू मिली विशिष्टीकृत सहकारी सङ्घ गठन गर्न सक्ने प्रावधान छ ।

- **बचत तथा ऋण परिचालन र ब्याजदर नियमनः** सहकारीहरूले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार र ऋण लगानी गर्न पाउनेछन् । नियमित बचतको ब्याज र ऋणको ब्याजदर बीचको अन्तर (**स्प्रेड दर**) ५ प्रतिशतभन्दा बढी हुन नहुने कानुनी सीमा तोकिएको छ । साथै, ब्याजलाई मूल ऋणमा पूँजीकृत गर्न (ब्याजको ब्याज लिन) निषेध गरिएको छ ।

- **सन्दर्भ ब्याजदर :** दर्ता अधिकारीको संयोजकत्वमा मन्त्रालय, नेपाल राष्ट्र बैंक र सहकारी अभियानका प्रतिनिधिहरू सम्मिलित समितिले 'सन्दर्भ ब्याजदर' निर्धारण गर्ने व्यवस्था छ, जसले निर्देशक ब्याजदरको रूपमा काम गर्दछ ।

- **एक व्यक्ति, एक पद र परिवारिक बन्देजः** कुनै पनि व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन पाउनेछ र लगातार दुई पटकभन्दा बढी एउटै पदमा बस्न पाउने छैन । एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा बस्न पाउने छैनन् ।

- **वित्तीय सुशासन र कोषहरूः** सहकारीले खुद बचतको कम्तीमा २५ प्रतिशत जगेडा कोषमा र जगेडा कोष कटौती गरी बाँकी रहेको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा राख्नुपर्ने अनिवार्य व्यवस्था छ । शेयर लाभांशको अधिकतम सीमा १८ प्रतिशत तोकिएको छ ।

- **सम्पत्ति शुद्धीकरण र नियमनः** सहकारीहरूले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय कानुन, मापदण्ड र नेपाल राष्ट्र बैंकका निर्देशिकाहरूको अनिवार्य पालना गर्नुपर्ने व्यवस्था छ ।

६.७.२. क्षेत्राधिकारको स्पष्टता

- **नेपालको संविधानसँगको सामञ्जस्यताः** नेपालको संविधानको अनुसूची-६ मा "सहकारी संस्था" लाई प्रदेशको एकल अधिकार सूचीभित्र राखिएको छ भने अनुसूची-७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा पनि सहकारीलाई समेटिएको छ । गण्डकी प्रदेशको यो ऐन संविधानले सुम्पेको प्रदेशको विधायिकी अधिकार क्षेत्रभित्रै रहेर बनेको देखिन्छ ।

- **क्षेत्राधिकारको स्पष्टता र दोहोरोपनः** ऐनको दफा १२ र १३ ले स्पष्ट रूपमा कार्यक्षेत्रको आधारमा क्षेत्राधिकार विभाजन गरेको छः

    - एकभन्दा बढी स्थानीय तह वा एकभन्दा बढी जिल्ला कार्यक्षेत्र भएका सहकारीहरू प्रदेश दर्ता अधिकारीको क्षेत्राधिकारभित्र पर्दछन् ।

    - तर, एक स्थानीय तहभित्र मात्र कार्यक्षेत्र भएका सहकारीहरूको नियमन स्थानीय तहको अधिकारभित्र पर्ने भए तापनि ऐनको दफा १७ मा *"एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारीले स्थानीय तहमा सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहलाई विवरण जानकारी दिनुपर्ने"* भन्ने व्यवस्थाले स्थानीय र प्रदेश सरकारबीच समन्वयको प्रयास गरेको छ । तथापि, स्थानीय तहको आफ्नै सहकारी ऐन र प्रदेश ऐनबीच कतिपय अवस्थामा नियमनकारी दोहोरोपन देखिने अवस्था अझै विद्यमान छ ।

- **संघीय कानुनसँगको बाझिने अवस्थाः** ऐनका धेरै प्रावधानहरू (जस्तैः सन्दर्भ ब्याजदर, कसूर तथा दण्ड जरिवाना, समस्याग्रस्त संस्थाको घोषणा र व्यवस्थापन समिति गठन) "संघीय कानुन बमोजिम हुने" भनी उल्लेख गरिएकाले यसले संघीय सहकारी ऐन, २०७४ सँग सिधा द्वन्द्व टारेको छ र तादाम्यता राख्न खोजेको छ ।

६.७.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोण

क. सकारात्मक प्रभाव

- **गठन प्रावधानः** ऐनको दफा ३(२) मा महिला, युवा, श्रमिक र अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी गठन गर्न चाहेमा **कम्तीमा १५ जना** भए पुग्ने विशेष र खुकुलो व्यवस्था गरिएको छ, जसले सीमान्तकृत समुदायलाई सङ्गठित हुन सहज बनाएको छ ।

- **नेतृत्वमा अनिवार्य प्रतिनिधित्वः** दफा ३८(४) बमोजिम सहकारीको सञ्चालक समितिमा **कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व** अनिवार्य सुरक्षित गरिएको छ । यसले सहकारीको नीति निर्माण र नेतृत्व तहमा महिलाको पहुँच स्थापित गरेको छ ।

- **लाभांश र फिर्ताको न्यायोचित वितरणः** संरक्षित पूँजी फिर्ता कोष (दफा ५६) को व्यवस्थाले धेरै कारोबार गर्ने साना तथा सीमान्तकृत उत्पादक सदस्यहरूले कारोबारको आधारमा रकम फिर्ता पाउने हुँदा यसले समतामूलक आर्थिक न्यायमा टेवा पुर्‍याउँछ ।

ख. सुधार गर्नुपर्ने पक्ष

- **समावेशी कोटाको अपर्याप्तताः** महिलाका लागि ३३ प्रतिशत आरक्षण सुनिश्चित गरिए तापनि दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रका लागि सञ्चालक वा लेखा समितिमा कुनै निश्चित कोटा वा सकारात्मक विभेदको व्यवस्था ऐनमा मौन छ ।

- **वित्तीय पहुँचमा व्यावहारिक जटिलताः** महानगर र उपमहानगरमा बचत तथा ऋण सहकारी खोल्न १०१ जना चाहिने र प्राथमिक पूँजी कोषको १५ गुणासम्म मात्र बचत सङ्कलन गर्न पाउने जस्ता कडा प्रावधानहरूले विपन्न वा सीमान्तकृत समुदायलाई सहरी क्षेत्रमा आफ्नै वित्तीय सहकारी स्थापित गर्न कठिन बनाउँछ ।

६.७.४ कानुनमा गर्नुपर्ने संशोधन, खारेजी वा नयाँ व्यवस्थाका लागि ठोस सुझावहरू

वर्तमान सहकारी संकट र व्यावहारिक कार्यान्वयनका चुनौतीहरूलाई मध्यनजर गर्दै ऐनमा देहाय बमोजिमका परिमार्जनहरू आवश्यक देखिन्छन्:

क. संशोधन गर्नुपर्ने विषयहरू

- **समावेशी प्रतिनिधित्वको बिस्तारः** दफा ३८ को उपदफा (४) लाई संशोधन गरी ३३ प्रतिशत महिला प्रतिनिधित्वका अतिरिक्त दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी सञ्चालक समितिमा सिट सुरक्षित गरिनुपर्छ ।

- **स्थानीय तह र प्रदेशको नियमनकारी स्पष्टताः** एक स्थानीय तहभित्र सीमित सहकारी र प्रदेश मातहतका सहकारीबीचको कार्यक्षेत्रगत विवाद अन्त्य गर्न स्थानीय तहलाई नियमन र अनुगमनको पूर्ण जिम्मेवारी र प्रदेशलाई पुनरावेदन सुन्ने गरी क्षेत्राधिकार संशोधन गरिनुपर्छ ।

- **उत्पादनशील क्षेत्रको लगानी सुरक्षाः** दफा ४७(९) मा बचत तथा ऋण सहकारीले ३० प्रतिशत कृषि र उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था छ । यसलाई अझ व्यवहारिक बनाउन उत्पादनशील क्षेत्रको परिभाषा स्पष्ट पार्दै साना कृषि सहकारीलाई ब्याज अनुदान वा धितो सुरक्षाको कानुनी ग्यारेन्टी संशोधनमार्फत थपिनुपर्छ ।

ख. खारेजी वा परिमार्जन गर्नुपर्ने व्यवस्था

- **कर्मचारी र सञ्चालक दोहोरो भूमिका सम्बन्धी प्रावधानः** वार्षिक २ करोडभन्दा कम कारोबार गर्ने सहकारीका सञ्चालक आफैं कर्मचारी बन्न पाउने (दफा ३८ को उपदफा ६ को प्रतिबन्धात्मक वाक्यांश)

व्यवस्थाले संस्थामा स्वार्थको द्वन्द्व र वित्तीय जोखिम बढाउँछ । संस्थाको आकार जत्रोसुकै भए पनि सुशासनका लागि **"सञ्चालक आफैं कर्मचारी हुन पाउने" व्यवस्था खारेज** गर्दा उपयुक्त हुने देखिन्छ गरिनुपर्छ ।

ग. नयाँ कानुनी व्यवस्थाका लागि सुझाब

- **प्रदेशस्तरीय बचत तथा कर्जा सुरक्षण कोष :** सहकारीमा सर्वसाधारणको बचत सुरक्षित गर्न प्रदेश सरकार र सहकारीहरूको संयुक्त योगदानमा आधारित एउटा छुट्टै बचत सुरक्षण कोष स्थापना गर्ने कानुनी व्यवस्था ऐनमै थप गरिनुपर्छ ।
- **कर्जा सूचना केन्द्र र ऋण असुली न्यायाधिकरण :** हालको संकट समाधानका लागि खराब ऋणीहरूको पहिचान गर्न प्रदेशस्तरमा कर्जा सूचना केन्द्र र सहकारीको ऋण छिटो असुली गर्न एक शक्तिशाली ऋण असुली न्यायाधिकरण को कानुनी व्यवस्था ऐनमा नयाँ परिच्छेदका रूपमा थप गर्न आवश्यक देखिन्छ ।
- **स्वायत्त प्रादेशिक सहकारी नियामक निकायः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको एउटा सानो शाखा वा महाशाखाको रूपमा रहने दर्ता अधिकारी (दफा ७४) को सट्टा विज्ञहरू सम्मिलित एक शक्तिशाली र स्वायत्त सहकारी नियमनकारी प्राधिकरण गठनको व्यवस्था ऐनमा गरिनुपर्छ ।

गण्डकी प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा संशोधन, खारेजी वा नयाँ दफा थपका लागि प्रस्तुत गरिएको **विषयगत तथा दफाबार सुझावहरू** देहाय बमोजिम रहेका छन्ः

६.७.५ संशोधन र परिमार्जन गर्नुपर्ने दफाहरू

हालको दफा/उपदफा	वर्तमान व्यवस्था	प्रस्तावित संशोधन/परिमार्जन	परिमार्जन गर्नु पर्ने कारण (औचित्य)
दफा ३ (२) *(संस्था गठन)*	महिला, युवा वा अपाङ्गता भएका व्यक्तिले श्रम/सीपमा आधारित सहकारी गठन गर्दा कम्तीमा १५ जना चाहिने ।	"महिला, युवा, अपाङ्गता भएका व्यक्ति, **दलित तथा सीमान्तकृत समुदायका व्यक्ति** " थप गर्ने ।	दलित र आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका अन्य सीमान्तकृत समुदायलाई पनि यस खुकुलो प्रावधानको लाभ दिन ।
दफा ३८ (४)	सञ्चालक समितिमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने ।	सञ्चालक समितिमा ३३ प्रतिशत महिलाका साथै **कम्तीमा एक जना दलित र एक जना लक्षित**	समावेशिताको सिद्धान्तलाई संस्थाको

(सञ्चालक समिति)		**सीमान्तकृत समुदायको प्रतिनिधित्व** अनिवार्य गर्ने ।	नेतृत्व तहमा पूर्ण रूपमा लागू गर्न ।
दफा ३८ (६) को प्रतिबन्धात्मक वाक्यांश	वार्षिक दुई करोड रुपैयाँसम्म कारोबार गर्ने संस्थामा सञ्चालक आफैं कर्मचारी रहन सक्ने ।	यस प्रतिबन्धात्मक वाक्यांशलाई पूर्ण रूपमा खारेज गर्ने र "सञ्चालक संस्थाको कर्मचारी बन्न नपाउने" व्यवस्था गर्ने ।	संस्थामा स्वार्थको द्वन्द्व रोक्न, आन्तरिक नियन्त्रण बलियो बनाउन र वित्तीय जोखिम न्यूनीकरण गर्न ।
दफा ४७ (९) *(ऋण लगानी)*	बचत तथा ऋणको कारोबार गर्ने संस्थाले कुल लगानीको कम्तीमा ३० प्रतिशत कृषि र उत्पादनशील क्षेत्रमा गर्नुपर्ने ।	"कुल लगानीको कम्तीमा ३० प्रतिशत कृषि, उर्जा, साना तथा मझौला उद्यम र वातावरणमैत्री उत्पादनशील क्षेत्रमा गर्नुपर्ने" भनी परिमार्जन गर्ने र पालना नगरे जरिवानाको व्यवस्था गर्ने ।	उत्पादनशील क्षेत्रको दायरालाई आधुनिक आवश्यकता अनुसार स्पष्ट पार्न र यसको अनिवार्य कार्यान्वयन सुनिश्चित गर्न ।
दफा ७४ (१) *(दर्ता अधिकारी)*	मन्त्रालयको सहकारी हेर्ने महाशाखा/शाखाको प्रमुख रजिस्ट्रार वा दर्ता अधिकारी हुने ।	"प्रदेश सरकारले सहकारी क्षेत्रको नियमनका लागि एक स्वायत्त र विशिष्टीकृत प्रादेशिक सहकारी नियमन प्राधिकरण गठन गर्ने र सोको प्रमुख दर्ता अधिकारी हुने" व्यवस्था गर्ने ।	सहकारीको व्यावसायिक र कडा सुपरिवेक्षण का लागि प्रशासनिक कर्मचारी मात्र पर्याप्त नहुने हुँदा विशिष्टीकृत संरचना आवश्यक पर्छ ।

६.७.७. नयाँ थप गर्नुपर्ने दफाहरू

सहकारी क्षेत्रमा हाल देखिएको बचत फिर्ताको संकट र सुशासनको समस्या समाधान गर्न ऐनमा देहाय बमोजिमका **नयाँ परिच्छेद वा दफाहरू** थप गर्न आवश्यक देखिन्छः

दफा ५६ (क) - प्रदेश सहकारी बचत तथा कर्जा सुरक्षण कोष

- **प्रस्तावित व्यवस्थाः** प्रदेश सरकार, स्थानीय तह र प्रदेश मातहतका सहकारी संस्थाहरूको संयुक्त योगदानमा एक 'बचत तथा कर्जा सुरक्षण कोष' स्थापना गरिनेछ । यस कोषले साना बचतकर्ताहरूको निश्चित रकम (जस्तैः प्रतिव्यक्ति ५ लाखसम्म) को बचत सुरक्षण गर्दा उपयुक्त हुने ।

- **औचित्यः** सहकारी डुब्ने अवस्था आएमा पनि साना र सर्वसाधारण बचतकर्ताको निक्षेप सुरक्षित गरी सहकारीप्रतिको जनविश्वास कायम राख्न ।

दफा ६८ (क) - प्रादेशिक सहकारी कर्जा सूचना केन्द्र

- **प्रस्तावित व्यवस्थाः** प्रदेश मातहतका सबै सहकारीका ऋणीहरूको विवरण समेटिएको एउटा केन्द्रिकृत डिजिटल कर्जा सूचना प्रणाली स्थापना गरिनेछ । सहकारीहरूले ऋण प्रवाह गर्नुअघि यस केन्द्रबाट अनिवार्य रूपमा कर्जा सूचना लिनुपर्नेछ ।
- **औचित्यः** एउटै व्यक्तिले धेरै वटा सहकारीबाट बहु-बैंकिङ गरी ऋण लिने र नतिर्ने (खराब ऋणी बन्ने) प्रवृत्तिलाई निरुत्साहित गर्न ।

दफा ७२ (क) - सहकारी ऋण असुली न्यायाधिकरण

- **प्रस्तावित व्यवस्थाः** सहकारीको खराब ऋण र सञ्चालकहरूले हिनामिना गरेको सम्पत्ति छिटो छरितो ढङ्गले असुलउपर गर्नका लागि प्रदेश सरकारले एक अर्ध-न्यायिक निकायको रूपमा ऋण असुली न्यायाधिकरण गठन गर्न सक्नेछ ।
- **औचित्यः** यसले प्रचलित अदालती प्रक्रिया लामो हुने हुँदा सहकारीको रकम असुलीलाई द्रुत गतिमा अघि बढाउन र बचतकर्ताको पैसा फिर्ता गराउन सक्नेछ ।

३. स्थानीय र प्रदेश सरकारबीचको क्षेत्राधिकार स्पष्टता सम्बन्धी सुझाव

- दफा १२ र १३ को स्पष्टीकरणः एक स्थानीय तहभित्र मात्र कार्यक्षेत्र भएका सहकारीहरूको पूर्ण नियमन, अनुगमन र कारबाहीको अधिकार स्थानीय तहकै कानुन बमोजिम हुने र प्रदेश दर्ता अधिकारीले त्यसमा हस्तक्षेप नगर्ने तर प्राविधिक सहयोग मात्र गर्ने गरी स्पष्ट कार्यविधिगत दफा थपिनुपर्छ । यसले स्थानीय र प्रदेश सरकारबीचको क्षेत्राधिकारको दोहोरोपन पूर्ण रूपमा अन्त्य गर्नेछ ।

परिच्छेद ७ः प्रमाणमा आधारित सिफारिस खाका तथा निष्कर्ष

गण्डकी प्रदेशको उत्तर विधायिकी परीक्षण'जसले सात ऐनको कार्यान्वयन, प्रभावकारिता, संवैधानिक सामञ्जस्यता, समावेशीकरण, र संस्थागत क्षमताको गहन अध्ययन सम्पन्न भएको छ ।

उपलब्धिहरूः

- गण्डकी प्रदेशले आफ्नो अधिकार सूचीभित्र ७० भन्दा बढी ऐन निर्माण गरी, शासनको संस्थागत आधार तयार गरेको छ। यी सात ऐनले क्रमशः संसदीय प्रक्रिया, कृषि व्यवसाय, सहकारी, पर्यटन, सूचना, स्थानीय सभा, र बाल अधिकारको क्षेत्रमा कानुनी ढाँचा उपलब्ध गराएका छन्, जसले प्रदेशको विकास योजना र नीति निर्माणलाई दिशानिर्देश गरेको छ।
- प्रदेश सभा र स्थानीय सभाको सञ्चालनले लोकतान्त्रिक अभ्यासको सुरुवात गरेको छ, र कोटाको व्यवस्थाले महिलाको सहभागिता बढाउन केही हदसम्म योगदान दिएको छ। कृषि र सहकारी क्षेत्रमा केही सकारात्मक उदाहरणहरू (जस्तैः पोखराको व्यावसायिक कृषि फार्म, महिला सहकारीको सफलता) ले ऐनले सही दिशामा अग्रसर भएको संकेत दिन्छ।
- बालबालिका ऐन, २०७८ ले बाल अधिकारको क्षेत्रमा प्रगतिशील कानुनको रूपमा काम गरेको छ, र सूचनाको हक ऐनले पारदर्शिताको आधार तयार गरेको छ। पर्यटन ऐनले प्रदेशको सम्भाव्य पर्यटन क्षेत्रको विकासका लागि नीतिगत ढोका खोलेको छ।

कानुनहरु लागु भए पश्चात निम्न बमोजिम क्रियाकलाप संचालन भएका छन्

क्र.सं.	*ऐनको नाम*	*सम्बन्धित मन्त्रालय*	*सञ्चालन भएका मुख्य कार्यक्रमहरू*
१	**प्रदेश सुशासन ऐन, २०७६**	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	• **ई-गभर्नेन्स तथा डिजिटल सेवाः** अनलाइन सेवा प्रणाली (Digital Governance) विस्तार। • **सुशासन र क्षमता विकासः** जनशक्ति तालिम, प्रदेश सुशासन केन्द्र मार्फत क्षमता अभिवृद्धि। • **जनगुनासो व्यवस्थापनः** 'नमस्ते मुख्यमन्त्री' प्रणाली र आचारसंहिता अनुगमन/निरीक्षण।

२	**गण्डकी प्रदेश पर्यटन ऐन, २०७९**	उद्योग तथा पर्यटन मन्त्रालय	• **पर्यटकीय पूर्वाधार निर्माणः** पदमार्ग निर्माण, पदमार्गको अध्ययन र स्तरोन्नति। • **पर्यटन प्रवर्धनः** 'फेवा, सेल्फी ब्रिज तथा रुपा ताल ग्लास ब्रिज पूर्वाधार। • **ब्रान्डिङ र होमस्टेः** पर्यटकीय गन्तव्य प्रवर्धन, स्थानीय होमस्टे सुदृढीकरण र घरेलु मदिरा/उत्पादनको ब्रान्डिङ।
३	**सूचनाको हक प्रचलन ऐन, २०७९**	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	• **सूचना प्रविधि प्रणालीः** स्वतः प्रकाशन सञ्चार प्रणाली। • **क्षमता विकासः** सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि RTI अभिमुखीकरण तथा जनचेतना कार्यक्रम।
४	**प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८**	सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय	• **बाल अधिकार प्रवर्धनः** बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम तथा बाल अधिकार सचेतना। • **बाल संरक्षण कोषः** जोखिममा परेका, अनाथ र सहाराविहीन बालबालिकालाई राहत तथा पुनःस्थापना। • **बालसुधार तथा बाल क्लबः** बाल क्लब सञ्जाल सुदृढीकरण र बालसुधार गृह व्यवस्थापन सहयोग।
५	**कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७**	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	• **ऋण तथा अनुदानः** कृषि व्यवसायमा उत्पादनमा आधारित अनुदान र बैंक ब्याज अनुदान। • **प्रविधि हस्तान्तरणः** कृषि यान्त्रीकरण, आधुनिक कृषि औजार वितरण र साना सिँचाइ कार्यक्रम। • **बजार पूर्वाधारः** संकलन केन्द्र, शीतभण्डार (Cold Storage) निर्माण र कृषि एग्रो-प्रोसेसिङ विकास।
६	**प्रदेश सहकारी ऐन, २०७५**	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	• **प्रणालीगत नियमनः** कोपोमिस (COPOMIS) सफ्टवेयर प्रणाली कार्यान्वयन र डाटाबेस व्यवस्थापन। • **क्षमता अभिवृद्धिः** सहकारी सञ्चालक तथा व्यवस्थापकहरूका लागि सहकारी लेखा र सुशासन तालिम।

			• **अनुगमन तथा सुदृढीकरणः** सहकारी संस्थाहरूको सघन नियमन, सुपरिवेक्षण तथा प्रवर्धन कार्यक्रम।
७	**स्थानीय तह सभा सञ्चालन ऐन, २०७५**	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	• **संसदीय तथा ऐन निर्माण सहजीकरणः** स्थानीय तहका जनप्रतिनिधिहरूका लागि कानुन निर्माण तथा सभा सञ्चालन तालिम। • **मोडेल कानुन तयारीः** स्थानीय तहहरूलाई सहजीकरण गर्न नमुना विधेयक (Model Laws) र मार्गदर्शन प्रवाह।

७.१ प्रादेशिक ऐनहरूः विवाद, मुद्दा मामिला र न्यायिक नजिरहरूको अवस्था

१. स्थानीय जनप्रतिनिधिहरूको सुविधा सम्बन्धी ऐन खारेजीको ऐतिहासिक नजिर

यस अध्ययनमा समेटिएका ऐनहरूसँग प्रत्यक्ष जोडिएको र नेपालको संघीयताको इतिहासमै सबैभन्दा ठूलो कानुनी धक्का र नजिर यही मुद्दाबाट स्थापित भएको हो ।

- विवाद र मुद्दाः गण्डकी प्रदेशसभा (र अन्य ५ प्रदेश) ले बनाएको 'गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन' विरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो ।
- असरः यस नजिरले स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन, २०७५ अन्तर्गत बस्ने बैठकहरू र जनप्रतिनिधिहरूको वित्तीय अधिकारको सीमालाई ठूलो रूपमा प्रभावित गर्‍यो र प्रदेशहरूले कानुन संशोधन गर्नुपर्‍यो ।

२. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९: व्यावहारिक र कानुनी प्रतिरोधात्मक सवालहरू

यो ऐन पारित हुने क्रममा र पारित भए पश्चात् पनि यसका केही दफाहरू विरुद्ध व्यवसायीहरू सडक र कानुनी परामर्शमा उत्रिएका थिए ।

- **विवादको विषयः** ऐनको दफामा बाह्य पर्यटकलाई सेवा दिँदा अनिवार्य रूपमा विदेशी मुद्रा (डलर) मै कारोबार र बिल भुक्तानी गर्नुपर्ने व्यवस्था राखियो ।
- **कानुनी द्वन्द्वः** पर्यटन व्यवसायीहरूले नेपाल राष्ट्र बैंक ऐन र विदेशी विनिमय नियमित गर्ने ऐन बमोजिम साना व्यवसायी र टेकिङ एजेन्सीहरूले सोझै डलर खाता खोल्न र कारोबार गर्न नपाउने हुँदा यो प्रावधान अव्यावहारिक र संघीय कानुनसँग बाझिएको भन्दै आपत्ति जनाए ।

- **रात्रिकालीन व्यवसाय नजिरः** पर्यटन क्षेत्रसँगै जोडिएको लेकसाइडको रात्रिकालीन व्यवसाय सम्बन्धी विवादमा उच्च अदालत पोखराले प्रदेश र स्थानीय सरकारलाई "मापदण्ड बनाएर मात्र व्यवसाय व्यवस्थित र मर्यादित गर्नू" भनी निर्देशनात्मक आदेश (नजिर) जारी गरेको छ ।

३. प्रदेश सहकारी ऐन, २०७५/२०७६: क्षेत्राधिकार र नियमनको मुद्दा

सहकारी क्षेत्रमा देशव्यापी संकट आएसँगै प्रादेशिक सहकारी ऐनका व्यवस्थाहरू र कार्यक्षेत्रको विषय अदालतमा पुग्ने गरेको छ।

- **मुद्दाको प्रकृतिः** १ करोडदेखि २५ करोड रुपैयाँसम्मको सेयर पुँजी भएका र एकभन्दा बढी स्थानीय तह (तर प्रदेशभित्र) कार्यक्षेत्र भएका सहकारीहरू प्रदेश मातहत छन् । यी सहकारीहरूले बचतकर्ताको रकम फिर्ता नगरेपछि प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय र प्रदेश सरकारलाई विपक्षी बनाई उच्च अदालत पोखरामा संयुक्त र व्यक्तिगत प्रकृतिका रिटहरू पर्ने गरेका छन्।

- **कानुनी सवालः** ऐनमा 'बचत सुरक्षण कोष' र 'ऋण असुली न्यायाधिकरण' जस्ता व्यवस्था दफामा भए पनि सरकारले गठन नगरेकाले "ऐनको मर्म बमोजिम उपचार पाउन नसकेको" भन्दै पीडितहरू अदालत जाने स्थिति बनेको छ।

४. गण्डकी प्रदेश सुशासन ऐन, २०७६ र समग्र मुद्दाको क्षेत्र

- **प्रतिरक्षाको अवस्थाः** मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र मातहतका मन्त्रालय/कार्यालयलाई विपक्षी बनाएर सर्वोच्च अदालत, उच्च अदालत पोखरा र बागलुङ इजलासमा वर्षेनी मुद्दा तथा रिट निवेदनहरू दर्ता हुने गरेका छन् ।

- **सुशासन ऐनको कसीः** सुशासन ऐनले "निश्चित समयावधि भित्र निर्णय गर्नुपर्ने" र "पारदर्शिता कायम गर्नुपर्ने" दायित्व कर्मचारीतन्त्रलाई तोकेको छ । तर, सार्वजनिक खरिद, सडक खन्ने क्रममा व्यक्तिको जग्गा मिचिएको र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) बिना गरिएका विकास कार्य विरुद्ध पर्ने रिटहरूमा अदालतले सुशासन ऐनको भावना अनुरूप नागरिक अधिकार रक्षाका लागि आदेश दिने गरेको छ ।

५. अन्य ऐनहरू (बालबालिका र सूचनाको हक)

- **सूचनाको हक सम्बन्धी ऐन, २०७९:** यस ऐन अन्तर्गत सूचना नदिएको भन्दै प्रादेशिक संयन्त्र वा सूचना अधिकारी विरुद्ध उच्च अदालतमा केही रिट परे पनि यसमा ठूलो संवैधानिक नजिर बसिसकेको छैन ।

- **प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८:** बाल सुधार गृहको दुरावस्था र बाल न्याय कार्यान्वयनमा ढिलाइ भएको विषयमा पर्ने गरेका बन्दीप्रत्यक्षीकरण र निर्देशनात्मक रिटहरूमा सर्वोच्च अदालतले राष्ट्रिय र प्रादेशिक बालबालिका ऐन दुवैलाई टेकेर बालबालिकाको हितमा फैसला सुनाउने गरेको छ।

७.२ कानुन निर्माण ढाँचा संस्थागत संयन्त्र

७.२.१ आगामी दिनमा कानुन निर्माण प्रक्रियालाई थप वैज्ञानिक बनाउने ढाँचाः नयाँ कानुन तर्जुमा गर्दा वा पुराना कानुन संशोधन गर्दा गण्डकी प्रदेश सरकार र प्रदेश सभाले अनिवार्य रूपमा पालना गर्नुपर्ने पूर्व-विधायिकी र विधायिकी चरणहरू यस ढाँचामा समेटिएका छन्ः

क. आवश्यकताको पहिचान र पूर्व-विधायिकी परीक्षण : कुनै पनि नयाँ ऐन तर्जुमा गर्नुपूर्व उक्त कानुन किन आवश्यक छ भन्ने विषयमा विस्तृत 'नीतिगत अनुसन्धान' गर्नुपर्नेछ। यसमा समाजको कुन समस्या समाधान गर्न कानुन ल्याउन लागिएको हो भन्ने स्पष्ट तथ्य र तथ्याङ्क खुलाउनुपर्नेछ।

ख. संवैधानिक र क्षेत्राधिकारको स्पष्टताः विधेयकको मस्यौदा तयार गर्दा नेपालको संविधान, विद्यमान संघीय कानुन र स्थानीय तहको एकल अधिकार सूचीसँग नबाझिने गरी 'क्षेत्राधिकारको स्पष्टता' कायम गर्नुपर्नेछ।

ग. स्रोतसाधन र संस्थागत क्षमताको पूर्व-आकलन : कानुनले परिकल्पना गरेका संरचनाहरू (समिति, बोर्ड आदि) स्थापना गर्न र कानुन कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट, जनशक्ति, र भौतिक पूर्वाधार प्रदेश सरकारसँग उपलब्ध छ वा छैन भनी विधेयक पारित गर्नु अगावै अनिवार्य रूपमा वित्तीय आकलन गर्नुपर्नेछ।

घ. रूपान्तरणकारी समावेशीकरण परीक्षण : बन्न लागेको कानुनले महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायलाई पार्न सक्ने प्रभावको पूर्व-मूल्याङ्कन गर्नुपर्नेछ। समाजमा विद्यमान विभेदलाई बढावा दिने कुनै पनि प्रावधान मस्यौदामा पर्न नदिने संयन्त्र सुनिश्चित गर्नुपर्नेछ।

७.२.२ उत्तर-विधायिकी परीक्षणलाई प्रदेश सभाको नियमित प्रक्रियामा संस्थागत गर्ने संयन्त्र : एकपटक बनेको कानुन सधैं सान्दर्भिक नहुन सक्ने भएकाले, कानुनको निरन्तर अनुगमन गर्न 'उत्तर-विधायिकी परीक्षण' (PLS)

लाई गण्डकी प्रदेश सभाको नियमित र बाध्यात्मक प्रक्रियाको रूपमा संस्थागत गर्न देहायको संयन्त्र प्रस्ताव गरिएको छः

क. परीक्षणको समयसीमा निर्धारणः कुनै पनि ऐन प्रदेश राजपत्रमा प्रकाशित भई लागू भएको निश्चित अवधि (जस्तैः ३ देखि ५ वर्ष) पछि उक्त ऐनको अनिवार्य रूपमा उत्तर-विधायिकी परीक्षण गर्नुपर्ने कानुनी व्यवस्था गर्ने।

ख. विषयगत समितिहरूको सबलीकरणः प्रदेश सभाका विधायन समिति लगायतका विषयगत समितिहरूलाई 'उत्तर-विधायिकी परीक्षण' गर्ने मुख्य निकायको रूपमा जिम्मेवारी तोक्ने र उनीहरूको प्राविधिक अनुसन्धान क्षमता अभिवृद्धि गर्ने।

ग. सहायक कानुन निर्माणको ट्र्याकिङ : मूल ऐन जारी भएको कति समयभित्र नियमावली, कार्यविधि र निर्देशिका बनिसक्नुपर्ने हो, त्यसको स्पष्ट समयसीमा तोक्ने र तोकिएको समयमा सहायक कानुन नबनेमा सम्बन्धित मन्त्रालयले प्रदेश सभामा स्पष्टीकरण दिनुपर्ने प्रणाली विकास गर्ने।

घ. निरन्तर जनमत संकलन : कानुन कार्यान्वयन गरिरहेका कर्मचारी, कानुनका उपभोक्ता र लक्षित वर्गको गुनासो तथा सुझावहरू संकलन गर्न डिजिटल प्लाटफर्म वा नियमित सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने र प्राप्त सुझावका आधारमा मात्र कानुन संशोधन गर्ने परिपाटी बसाल्ने।

७.२.३ नजिरको बिस्तृत फैसला तथा असर

पोखराको लेकसाइड क्षेत्रको रात्रिकालीन व्यवसाय सम्बन्धी विवाद – फैसला

१. मिति र इजलास

फैसला/आदेश भएको मितिः वि.सं. २०८० चैत २५ गते

इजलासः उच्च अदालत पोखराका माननीय न्यायाधीश मुख्यन्यायाधीश मदन पोखरेल र न्यायाधीश रामप्रसाद ओलीको संयुक्त इजलास।

२. मुख्य आदेश

उच्च अदालत पोखराले २४ सै घण्टा लेकसाइड क्षेत्रमा व्यवसाय सञ्चालन गर्न पाउने गरी व्यवस्था मिलाउन र त्यसलाई मर्यादित बनाउन निर्देशनात्मक आदेश जारी गरेको थियो ।

व्यवसाय सञ्चालनको अधिकारः सुरक्षाको आवश्यक प्रबन्ध मिलाएर पोखराको लेकसाइड क्षेत्रमा २४ सै घण्टा व्यवसाय सञ्चालन गर्न दिनू।

मापदण्ड निर्माणः रात्रिकालीन व्यवसायलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन गण्डकी प्रदेश सरकार (गृह/पर्यटन मन्त्रालय), पोखरा महानगरपालिका र स्थानीय प्रशासन (जिल्ला प्रशासन कार्यालय, कास्की) ले आपसमा समन्वय गरी स्पष्ट मापदण्ड/कार्यविधि बनाउनू।

मापदण्डका मुख्य विषयहरूः

- ध्वनि प्रदूषण नियन्त्रण गर्ने प्रविधि/मापदण्ड तोक्ने।
- शान्ति सुरक्षा, सिसीटिभी क्यामेरा जडान र उज्यालो को प्रबन्ध गर्ने।
- बालश्रम रोकथाम र अनैतिक/अवैध गतिविधि रोक्ने ठोस कार्ययोजना बनाउने।
- मापदण्ड पूरा नगर्ने व्यवसायमाथि अनुगमन र कारबाही गर्ने अधिकार तोक्ने।

३. पृष्ठभूमि (के कारणले अदालतमा मुद्दा पुगेको थियो?)

स्थानीय व्यवसायी ले गृह मन्त्रालय, गण्डकी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय कास्की र पोखरा महानगरपालिकासमेतलाई विपक्षी बनाएर रिट दायर भयो । स्थानीय प्रशासनले रातको समयमा समयसीमा तोकेर व्यवसाय बन्द गराउँदा पर्यटन प्रवर्द्धनमा असर परेको र संविधानप्रदत्त पेसा/व्यवसाय गर्न पाउने हक हनन् भएको दाबी रिटमा गरिएको थियो। सोही रिटमा सुनुवाइ गर्दै उच्च अदालतले सुरक्षा व्यवस्था कडा पारी तोकिएको मापदण्डको अधीनमा रही २४ सै घण्टा व्यवसाय सञ्चालन गर्न दिन आदेश दिएको थियो।

गण्डकी प्रदेशसभाले स्थानीय जनप्रतिनिधिहरूको सुविधा सम्बन्धी फैसला तथा कानुन संसोधन

सर्वोच्च अदालतको संवैधानिक इजलासले गण्डकी प्रदेशसहित ६ वटा प्रदेश (प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश) ले बनाएका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी) ऐनका प्रावधानहरू खारेज गरेको थियो ।

ऐनका प्रावधान खारेजीः स्थानीय तहका निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई मासिक रूपमा "पारिश्रमिक/तलब" दिने गरी बनाइएका कानुनका दफाहरू नेपालको संविधानको भावना विपरीत रहेको भन्दै उत्प्रेषणको आदेशद्वारा अमान्य र खारेज गरियो।

संवैधानिक सीमाको व्याख्याः

संविधानको धारा २२० को उपधारा (८) र धारा २२७ अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने "सुविधा" मात्र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ।

संविधानमा "पारिश्रमिक" भन्ने शब्द प्रयोग नगरिएकाले मासिक रूपमा तोकेर पारिश्रमिक वा तलब भत्ता दिन पाइँदैन।

कानुन संशोधन/पुनरावलोकनको आदेश: सबै प्रदेशहरूलाई संविधानको धारा २२०(८) र २२७ को भावना अनुकूल हुने गरी मात्र (जस्तैः बैठक भत्ता, सञ्चार खर्च, दैनिक भ्रमण भत्ता आदि) नयाँ कानुन बनाउन वा विद्यमान कानुन संशोधन गर्न निर्देशनात्मक आदेश जारी भयो।

३. स्थानीय तह र प्रदेशहरूमा परेको प्रभाव (नजिरको असर)

वित्तीय अधिकार र दायित्वको सीमा निर्धारण: स्थानीय तहका पदाधिकारीहरू "पूर्णकालीन कर्मचारी" नभई "जनप्रतिनिधि" भएकाले उनीहरूलाई राज्यको कोषबाट नियमित मासिक पारिश्रमिक दिन नसकिने संवैधानिक सीमा स्थापित भयो।

प्रदेश कानुनहरूमा व्यापक संशोधनः फैसला लगत्तै गण्डकी प्रदेशसहितका प्रदेश सभाहरूले आफ्ना ऐनहरू संशोधन गरी "पारिश्रमिक" शब्द हटाई "बैठक भत्ता, यातायात खर्च, टेलिफोन/सञ्चार सुविधा" जस्ता शीर्षकहरूमा मात्र कार्यसम्पादन आधारित सुविधा तोक्ने गरी कानुन संशोधन भएको थियो ।

७.२.४ **असान्दर्भिक वा निष्क्रिय प्रायः भएका प्रमुख दफाहरू र तिनका कारण**

गण्डकी प्रदेशका उल्लेखित ऐनहरूमा सङ्घीय संविधानसँग बाझिएका वा समयक्रममा परिमार्जन/सङ्घीय कानुनको निर्माणसँगै असान्दर्भिक वा निष्क्रिय प्रायः भएका प्रमुख दफाहरू र तिनका कारण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	ऐनको नाम	असान्दर्भिक भएका/हुन सक्ने सम्भावित दफाहरू	मुख्य कारण तथा विश्लेषण
१	प्रदेश सुशासन ऐन, २०७६	कर्मचारीको विभागीय कारबाही र सेवा शर्तसम्बन्धी दफाहरू संरचनागत दोहोरोपन सम्बन्धी दफाहरू	सङ्घीय निजामती सेवा ऐन अझै पूर्ण रूपमा नआएको र प्रदेश निजामती सेवा ऐन पृथक् रूपमा बनिसकेकाले सुशासन ऐनमा उल्लिखित कतिपय निजामती अनुशासन/कारबाहीका दफाहरू प्रदेश निजामती ऐनसँग दोहोरिएर निष्क्रिय भएका छन्।
२	गण्डकी प्रदेश पर्यटन ऐन, २०७९	विदेशी पर्यटक शुल्क तथा पदयात्रा अनुमति (Permit) सम्बन्धी दफाहरू संरक्षित/अन्नपूर्ण क्षेत्र (ACAP) क्षेत्राधिकारसम्बन्धी दफाहरू	संविधानको अनुसूची ५ (सङ्घीय अधिकार) अनुसार वैदेशिक मामिला र राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र सङ्घको एकल अधिकारभित्र पर्छ। ACAP जस्ता क्षेत्रमा प्रदेशले राजस्व वा नियमन लगाउने दफाहरू सङ्घीय कानुनसँग बाझिने जोखिममा छन्।
३	सूचनाको हक प्रचलन ऐन, २०७९	प्रादेशिक सूचना आयोग सम्बन्धी दफा/प्रावधान दण्ड-सजाएको क्षेत्राधिकार सम्बन्धी दफाहरू	सङ्घीय 'सूचनाको हक सम्बन्धी ऐन, २०६४' ले राष्ट्रिय सूचना आयोगलाई देशैभरको पुनरावेदन सुन्ने एकल अधिकार दिएको छ। प्रदेशले छुट्टै प्रादेशिक आयोग वा दण्ड-सजाएको समानान्तर अधिकार ऐनमा राख्दा सङ्घीय अधिकारक्षेत्रसँग बाझिन्छ।

४	प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८	बालसुधार गृह र न्यायिक प्रक्रिया सम्बन्धी दफाहरू बाल अधिकार अदालत/न्यायिक संरचना सम्बन्धी प्रावधान	संविधानको धारा १५२ र सङ्घीय 'बालबालिका सम्बन्धी ऐन, २०७५' अनुसार बाल अदालत वा न्यायिक निरूपणको अधिकार न्यायपालिका (जिल्ला अदालत/बाल इजलास) को मात्र हुन्छ। प्रदेशले छुट्टै अर्धन्यायिक निकाय तोक्ने दफाहरू असंवैधानिक हुन्छन्।
५	कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७	क्वान्टाइन तथा भन्सार/आयात-निर्यात नियमन दफाहरू विषादी तथा गुणस्तर प्रमाणीकरण सम्बन्धी दफाहरू	संविधान अनुसार अन्तर्राष्ट्रिय तथा अन्तरप्रदेश व्यापार, सीमा क्वान्टाइन र गुणस्तर मापदण्ड निर्धारण सङ्घीय अधिकार (अनुसूची ५) भित्र पर्छ। प्रदेशले भन्सार वा सीमा क्वान्टाइनमा प्रत्यक्ष हस्तक्षेप गर्ने दफाहरू असान्दर्भिक/बाझिने खालका हुन्छन्।
६	प्रदेश सहकारी ऐन, २०७५	वित्तीय अपराध/ठगीमा सजाय र मुद्दा दायर सम्बन्धी दफाहरू समस्याग्रस्त घोषणा र सम्पत्ति जफत सम्बन्धी कडा दफाहरू	बैंकिङ कसुर, सम्पत्ति शुद्धीकरण (Money Laundering) र ठगीसम्बन्धी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सङ्घीय सरकारी वकिल र नेपाल प्रहरी/सङ्घीय निकायको अधिकार हो। प्रदेश रजिस्ट्रारले सोझै फौजदारी सजाय गर्ने दफाहरू बाझिन्छन्।
७	स्थानीय तह सभा सञ्चालन ऐन, २०७५	स्थानीय तहको सभा सञ्चालन नियमावली अनिवार्य ढाँचा	संविधानको अनुसूची ८ अनुसार स्थानीय तहलाई आफ्नो कार्यविधि र सभा सञ्चालन कानुन आफैं बनाउने एकल स्वायत्त अधिकार छ। प्रदेश ऐनका कतिपय

	निर्देशनात्मक/बाध्यकारी दफाहरू स्थानीय स्वायत्ततासँग बाझिने भन्दै असान्दर्भिक मानिन्छन्।

७..३ समग्र सिफारिसहरू (तत्काल, मध्यकालीन, र दीर्घकालीन)

७.३.१ तत्काल सिफारिसहरू (६ महिनाभित्र कार्यान्वयन गर्नुपर्ने)

(क) नियमावली तथा निर्देशिका निर्माणः

- **कृषि व्यवसाय प्रवर्द्धन ऐन** को बाँकी १० धाराको (सबै धाराहरु कार्यान्वयन हुन नसकेको) कार्यान्वयनका लागि नियमावलीको पूर्ण प्रारूप तयार गरी कार्यान्वयन गर्ने (विशेषगरी कृषि बीमा, अनुदान वितरण मापदण्ड, प्राविधिक सेवा)।
- **गण्डकी प्रदेश सहकारी ऐन** को अनुगमन तथा लेखापरीक्षण सम्बन्धी निर्देशिका तत्काल जारी गर्ने, र कार्यविधि अद्यावधिक गर्ने।
- **गण्डकी प्रदेश पर्यटन ऐन** को होटल वर्गीकरण, ट्रेकिङ एजेन्सी दर्ता, र वातावरणीय मापदण्ड सम्बन्धी निर्देशिका संघीय निकुञ्ज विभागसँगको समन्वयमा जारी गर्ने।
- **प्रदेश बालबालिका सम्बन्धी ऐन** को बाल संरक्षण समिति सञ्चालन निर्देशिका र बाल न्याय प्रक्रिया मार्गदर्शन तत्काल बनाउने।

(ख) अन्तरविरोधी प्रावधानहरूको संशोधनः

- **गण्डकी प्रदेश पर्यटन ऐन** को धारा ९, १५, र २२ (जसले संरक्षित क्षेत्रमा प्रदेशको अधिकार दावी गर्छ) लाई तत्काल संशोधन गरी, 'संघीय निकुञ्ज ऐनको दायरामा रही काम गर्ने' भनी स्पष्ट पार्ने।
- **स्थानीय सभा सञ्चालन ऐन** मा प्रदेश—स्थानीयको अधिकार द्वन्द्व समाधान गर्न, 'प्रदेशले स्थानीय सभाको कार्यविधिको सामान्य मापदण्ड मात्र तोक्ने, विशेष आवश्यकता अनुसार स्थानीय तहले फरक कार्यविधि बनाउन सक्ने' प्रावधान थप्ने।

(ग) GESI समावेशीकरणका तत्काल कदमः

- सबै सात ऐनको कार्यान्वयन निर्देशिकामा GESI सूचकहरू (जस्तैः महिला लाभग्राही प्रतिशत, दलित सहभागिता, अपाङ्गता पहुँच) अनिवार्य रूपमा समावेश गर्ने, र सोही सूचकको आधारमा त्रैमासिक समीक्षा गर्ने।
- सबै मन्त्रालय र विभागमा GESI संयोजक तोक्ने वा नियुक्ति गर्ने।
- महिला, दलित, आदिवासी, र अपाङ्गता भएका व्यक्तिहरूका लागि सूचना केन्द्र र सहायता हटलाइनको स्थापना गर्ने।

(घ) अनुगमनको आधारभूत संयन्त्रः

- प्रत्येक ऐनको कार्यान्वयनको अबस्था थाहा पाउन लागि बार्षिक रूपमा ऐनको प्रगति विवरण तयार गरी प्रदेश सभामा पेश गर्ने र आफ्नो वेबसाइटमा ऐनको वार्षिक कार्यान्वयन प्रतिवेदन प्रकाशन गर्ने ।

७.३.२ मध्यकालीन सिफारिसहरू (१-२ वर्षभित्र कार्यान्वयन)

(क) संस्थागत क्षमता विकासः

- **प्रदेश सभा सचिवालय** लाई आधुनिकीकरण गर्ने'डिजिटल अभिलेख प्रणाली, स्वचालित उपस्थिति प्रणाली, र संसदीय अनुसन्धान सेवाको विकास गर्ने, जसका लागि छुट्टै थप अनुसन्धान अधिकृतहरुको नियुक्ति गर्ने।
- **सहकारी रजिष्टारको कार्यालयमा आबस्यक दक्ष** जनशक्ति थप गर्ने र प्रत्येक जिल्लामा सहकारी निरीक्षण इकाइ स्थापना गर्ने।
- **कृषि व्यवसाय प्रवर्द्धन ऐन** मा आबश्यक प्राविधिक अधिकृतको थप नियुक्ति गरी, प्रत्येक स्थानीय तहमा कृषि प्राविधिक सेवा विस्तार गर्ने।
- **संचार रजिस्टारको कार्यालय**को बजेट थप गर्ने तथा न्यायिक इकाईलाई बलियो बनाउने ।

(ख) अनुसन्धान, तथ्याङ्क, र सूचना प्रणालीको विकासः

- प्रदेशभर 'कानुन कार्यान्वयन तथा GESI तथ्याङ्क पोर्टल' निर्माण गर्ने, जहाँ सबै ऐनका सूचकहरू (बजेट खर्च, लाभग्राही विवरण, उजुरी, समयसीमा) अपलोड गरिने र सार्वजनिक पहुँचको व्यवस्था हुने।
- प्रत्येक २ वर्षमा 'GESI प्रभाव मूल्याङ्कन' (GIA) अनिवार्य गर्ने, र उक्त प्रतिवेदनका आधारमा ऐन संशोधन गर्ने प्रक्रिया सुरु गर्ने।

७.३.३ दीर्घकालीन सिफारिसहरू (३-५ वर्षभित्र कार्यान्वयन)

(क) संवैधानिक अधिकार सूचीको पुनरावलोकनका लागि पहलः

संघीय संसद् र प्रदेश सभाको संयुक्त पहलमा, संविधानको अनुसूची ६, ७, ८ लाई पुनरावलोकन गरी 'साझा अधिकार' लाई अधिक स्पष्ट र संघ, प्रदेश, स्थानीय बीचको अधिकार विभाजनलाई संस्थागत गर्ने प्रस्ताव तयार गर्ने। यो प्रस्ताव संघीय संसद्मा पेश गर्ने, र यसका लागि प्रदेश सरकारले नीतिगत वकालत गर्ने।

(ख) प्रदेश कानुनको एकीकृत सङ्ग्रह र डिजिटल प्लेटफर्मः

गण्डकी प्रदेशका सबै ऐन, नियमावली, निर्देशिका, र परिपत्रहरूको एकीकृत डिजिटल पोर्टल (जस्तैः 'गण्डकी कानुन संग्रह') निर्माण गर्ने, जसले सबै कानुनको अद्यावधिक संस्करण, कार्यान्वयन निर्देशिका, र प्रायः सोधिने प्रश्नहरू समावेश गर्ने, र नागरिक, कानुन व्यवसायी, तथा कर्मचारी सबैलाई सहज पहुँच प्रदान गर्ने।

(ग) स्थानीय तहको कानुन निर्माण क्षमता विकासः

सबै स्थानीय तहमा रहेको बिधायन समितिको क्षमता बिकास गर्ने, स्थानीय आवश्यकता अनुसार नियमावली र निर्देशिका निर्माणमा प्राविधिक सहायता प्रदान गर्ने, र प्रदेशसँगको समन्वयमा काम गर्ने। प्रदेश सरकारले प्रत्येक वर्ष स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूलाई कानुनी तालिम तथा GESI समावेशीकरण सम्बन्धी अभिमुखीकरण प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने।

(घ) दीर्घकालीन GESI रणनीति र कार्ययोजनाः

गण्डकी प्रदेशको 'GESI नीति तथा कार्ययोजना, अध्याबधिक गर्ने, जसले प्रत्येक ऐनको कार्यान्वयनमा GESI समावेशीकरणका लक्ष्य, सूचक, बजेट, र अनुगमन प्रक्रिया तोक्ने, र ५ वर्षको अन्त्यमा समग्र प्रगति मूल्याङ्कन गर्ने संयन्त्र विकास गर्ने।

(ङ) संसदीय समितिहरूको सशक्तीकरणः

प्रदेश सभाका सबै विषयगत समितिहरूलाई अनुसन्धान सहायता, प्राविधिक विशेषज्ञ, र स्वतन्त्र बजेटको व्यवस्था गरी, समितिहरूलाई प्रभावकारी छानबिने निकायको रूपमा स्थापित गर्ने, र समितिको प्रतिवेदनलाई अनिवार्य रूपमा सभामा छलफल गरी कार्यान्वयन गर्ने बाध्यता राख्ने।

(च) नागरिक सहभागिता र पारदर्शिताको संस्कृतिको विकासः

स्थानीय तहमा 'नागरिक वार्ता' र 'सार्वजनिक सुनुवाइ' लाई अनिवार्य गर्ने, र ऐनको कार्यान्वयनको बारेमा नागरिकले दिएको सुझावलाई संकलन गरी सोही आधारमा कार्यान्वयन योजना संशोधन गर्ने अभ्यासको सुरुवात गर्ने।

७.३.४ समग्र अध्ययनको निष्कर्ष

गण्डकी प्रदेश सरकारद्वारा निर्माण गरिएका ७ वटा प्रमुख नीति तथा ऐनहरू (सुशासन, पर्यटन, सूचनाको हक, बालबालिका, सभा संचालन, कृषि व्यवसाय प्रवर्द्धन र सहकारी ऐन) को 'उत्तर-विधायिकी परीक्षण' ले प्रदेशको विधायिकी अभ्यास र कानुन कार्यान्वयनको यथार्थ धरातललाई उजागर गरेको छ। नेपालको संविधानको धारा १९८ बमोजिम प्राप्त विधायिकी अधिकारको प्रयोग गर्दै प्रदेश सरकारले कानुनहरू तर्जुमा गरे तापनि, ती कानुनहरूको व्यावहारिक कार्यान्वयनमा विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत चुनौतीहरू विद्यमान रहेको यस अध्ययनले निष्कर्ष निकालेको छ।

यस अध्ययनबाट प्राप्त मुख्य निष्कर्षहरू देहायबमोजिम रहेका छन्:

- **कार्यान्वयनको खाडल :** कानुन निर्माण हुनुमात्र पर्याप्त नभई त्यसलाई व्यवहारमा उतार्न आवश्यक पर्ने सहायक कानुनहरू (नियमावली, निर्देशिका र कार्यविधिहरू) समयमै निर्माण (जस्तै कृषि) नहुँदा कानुनी शून्यताको अवस्था देखिएको छ। साथै, कानुनले परिकल्पना गरेका संस्थागत संरचनाहरूको पूर्ण क्रियाशीलता र आवश्यक साधन-स्रोत (बजेट तथा जनशक्ति) को अभावले गर्दा ऐनले निर्दिष्ट गरेका लक्ष्यहरू पूर्ण रूपमा हासिल हुन सकेका छैनन्।

- **क्षेत्राधिकारको दोहोरोपनः** साझा अधिकारका विषयहरू (जस्तैः कृषि, पर्यटन र सहकारी) मा प्रादेशिक कानुनहरू संघीय र स्थानीय तहका कानुनहरूसँग कतिपय अवस्थामा बाझिएको वा क्षेत्राधिकारको दोहोरोपन रहेको पाइएको छ । यसले अन्तर-तह समन्वयमा जटिलता सिर्जना गरेको छ।

- **रूपान्तरणकारी समावेशीकरण :** कानुनहरू सैद्धान्तिक रूपमा समावेशी देखिए तापनि लक्षित वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदाय) को वास्तविक पहुँच र राज्य संरचनामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न थप स्पष्ट र बाध्यात्मक कानुनी व्यवस्थाहरूको आवश्यकता महसुस गरिएको छ। कानुनले सामाजिक विभेद अन्त्य गर्न खेल्नुपर्ने भूमिका अझै प्रभावकारी हुन सकेको छैन।

महिला, दलित र सीमान्तकृत समुदायको पहुँचमा कानुनले पारेको प्रभाव

विभिन्न ऐनहरूको लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) को दृष्टिकोणबाट मूल्याङ्कन गर्दा बालबालिका ऐनमा महिला र दलित/सीमान्तकृत दुवै वर्गमा उच्च प्रभाव देखिएकाले यसको स्कोर

सबैभन्दा उत्कृष्ट देखिन्छ, भने ३३ प्रतिशत कोटा सुनिश्चित गरेको सहकारी ऐन (महिलामा उच्च र दलित/सीमान्तकृतमा न्यून प्रभाव) र सूचनाको हक ऐन (दुवैमा मध्यम प्रभाव) मध्यम-उच्च स्तरमा रहेका छन्। त्यस्तै, सुशासन ऐन र सभा सञ्चालन ऐन (संख्यात्मक रूपमा मध्यम तर गुणात्मक रूपमा न्यून प्रभाव) दुवैमा आंशिक तथा मिश्रित प्रभाव देखिएकाले यिनीहरूको स्कोर औसत मात्र देखिन्छ। यसको विपरीत, पर्यटन ऐन र कृषि ऐन दुवैमा महिला तथा दलित/सीमान्तकृत समुदायमा पर्ने प्रभाव अत्यन्त न्यून पाइएकाले यी ऐनहरूको स्कोर सबैभन्दा कमजोर रहेको छ, जसले यिनीहरू GESI को मूलप्रवाहीकरणमा निकै पछाडि परेको स्पष्ट पार्छ।

ऐनको नाम	महिला प्रभाव	दलित/सीमान्तकृत प्रभाव	समग्र GESI स्कोर
सुशासन ऐन	आंशिक	आंशिक	☆☆⭑⭑⭑
पर्यटन ऐन	न्यून	न्यून	☆⭑⭑⭑⭑
सूचनाको हक ऐन	मध्यम	मध्यम	☆☆☆⭑⭑
बालबालिका ऐन	उच्च	उच्च	☆☆☆☆⭑
सभा सञ्चालन ऐन	मध्यम (संख्यात्मक)	न्यून (गुणात्मक)	☆☆⭑⭑⭑
कृषि ऐन	न्यून	न्यून	☆⭑⭑⭑⭑

सहकारी ऐन	उच्च (३३% कोटा)	न्यून (कोटा छैन)	☆☆☆☆☆

७.३.५ आगामी बाटो

यस प्रतिवेदनमा औंल्याइएका त्रुटिहरू र प्रस्तुत गरिएका दफावार सुझावहरूले गण्डकी प्रदेश सभा र प्रदेश सरकारलाई विद्यमान कानुनहरू संशोधन वा परिमार्जन गर्न स्पष्ट मार्गचित्र प्रदान गरेको छ। आगामी दिनमा कानुन निर्माण गर्ने परिपाटी, 'प्रमाणमा आधारित नीति निर्माणको खाका' लाई कडाइका साथ लागू गर्नुपर्दछ।

क्र स	आगामी कार्यदिशा	मुख्य क्रियाकलाप	अपेक्षित परिणाम
१	**प्रमाणमा आधारित नीति निर्माण**	• कानुन निर्माणमा तथ्य र तथ्याङ्क को प्रयोग • पूर्व-विधायिकी परीक्षण अनिवार्य	वैज्ञानिक र प्रभावकारी कानुन
२	**उत्तर-विधायिकी परीक्षण** (PLS) को **संस्थागत**	• प्रदेश सभाको नियमित अभ्यास • निरन्तर जनमत संकलन • सरोकारवाला परामर्श	नियमित समीक्षा र सुधार को संस्कृति
३	**कानुनी नजिरको पालना**	• संघीय कानुन को सीमा नमिच्ने • स्थानीय स्वायत्तता मा हस्तक्षेप नगर्ने • अदालतका फैसला लाई ध्यान दिने	बदर हुने जोखिम न्यूनीकरण

४	**सबै सरोकारवालाको सहभागिता**	• प्रदेश सरकार, सभा, स्थानीय तह, नागरिक समाज को संयुक्त प्रयास • राजनीतिक प्रतिबद्धता • प्रशासनिक सुधार • स्रोतको पर्याप्त व्यवस्थापन	साझा उत्तरदायित्व र सफलता

निरन्तर जनमत संकलन, सरोकारवालाहरूसँगको परामर्श र यथार्थ तथ्याङ्कमा आधारित रहेर कानुनको 'उत्तर-विधायिकी परीक्षण' गर्ने प्रणालीलाई प्रदेश सभाको नियमित अभ्यासका रूपमा संस्थागत गर्न सकेमा मात्र संघीयताको मर्म अनुरूप गण्डकी प्रदेशमा सुशासन, पारदर्शीता र कानुनी राज्यको पूर्ण प्रत्याभूति हुन सक्नेछ ।

७.३.६ उत्तर-विधायिकी परीक्षण का लागि मुख्य सन्देशः

अदालतमा परेका यी मुद्दा र नजिरहरूले के देखाउँछन् भने' गण्डकी प्रदेशले कानुन बनाउँदा संघीय कानुनको सीमा मिचेको वा स्थानीय तहको स्वायत्ततामा हस्तक्षेप गरेको खण्डमा ती कानुनहरू अदालतबाट बदर हुने उच्च जोखिम रहन्छ । त्यसैले दफावार संशोधन गर्दा यी कानुनी नजिरहरूलाई ध्यानमा राख्नु अनिवार्य छ। प्रदेश सभा तथा मुख्य न्यायाधिवक्ताको कार्यालय बिचको सहकार्य अनिवार्य रहन्छ ।

संविधानको धारा १६०(५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एंव कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था छ ।यसर्थ, प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने कार्य मुख्य न्यायाधिवक्ताको कार्यालयको हुनेहुदा कानुनी रायको लागि सल्लाह लिनु उपयुक्त रहन्छ ।

यो प्रतिवेदनले गण्डकी प्रदेशको उत्तर विधायिकी परीक्षणको निष्कर्षलाई मात्र होइन, भविष्यको कार्यदिशालाई पनि निर्धारण गरेको छ। ऐनहरूको सफलता केवल तिनीहरूको पारित होइन, तर तिनीहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन, र नागरिकको जीवनमा पारेको सकारात्मक परिवर्तनमा निर्भर रहन्छ। तसर्थ, प्रदेश सरकार, प्रदेश सभा, स्थानीय तह, र समग्र नागरिक समाजले यी सिफारिसहरूलाई गम्भीरतापूर्वक आत्मसात गरी, नियमित समीक्षा र सुधारको संस्कृतिलाई आत्मसात गर्नु आवश्यक छ। यसका लागि राजनीतिक प्रतिबद्धता, प्रशासनिक सुधार, स्रोतको पर्याप्त व्यवस्थापन, र सबै सरोकारवालाहरूको सक्रिय सहभागिता अनिवार्य छ। केवल त्यसरी मात्रै हामी एउटा समावेशी, न्यायोचित, र विकासशील गण्डकी प्रदेशको कल्पना गर्न सक्नेछौं'जहाँ कानुनले

शक्तिशालीलाई मात्र नभई सबैभन्दा कमजोर वर्गको पनि सुरक्षा गर्छ, र शासनले पारदर्शिता, उत्तरदायित्व, र सहभागिताको माध्यमबाट जनताको विश्वासलाई सुदृढ पार्न सफल हुन्छ।

यसैगरि प्रत्येक ऐनमा पाच बर्ष भित्र मन्त्रालयले ऐन कार्यान्वियनको प्रभाब मुल्यांकन गर्ने प्राबधान राख्नु पर्दछ ।

छलफलका प्रतिनिधि तस्बिरहरु

मुख्य मन्त्री तथा मत्रीपरिषदको कार्यालय मा छलफल

मुख्यन्याधीबक्ता संगको छलफल

सामाजिक बिकास, यवा तथा खेलकुद मन्त्रालयमा छलफल

सुक्ला गण्डकी नगरपालिकामा छलफल

प्रदेश सभा सचिवालयमा छलफल

बिधुतिय छलफलका तस्बिर


Idk Idk (Presenting)
अध्ययनका मुख्य उद्देश्यहरू
कार्यान्वयनको अवस्था
ऐनहरूले परिकल्पना गरेका नियमावली, कार्यविधि र संस्थागत संरचनाहरूको निर्माण तथा क्रियाशीलताको पहिचान गर्ने।
कानुनी सुसंगतता
प्रदेशका कानुनहरू संघीय कानुन र संविधानसँग बाझिए/नबाझिएको र क्षेत्राधिकारको स्पष्टता परीक्षण गर्ने।
समावेशीकरण (GESI)
महिला, दलित र सीमान्तकृत समुदायको पहुँचमा
प्रभावको विश्लेषण गर्ने।
सुधारका सुझावहरू
कानुनमा गर्नुपर्ने संशोधन, खारेजी वा नयाँ व्यवस्थाका लागि ठोस र
गराउने।
Stop sharing
Idk Idk
Pranay Sharma
Pragati Bhattarai
saroj adhikari
Creative Media
4:49 PM
Inception Meeting - PLS Gandaki

Idk Idk (Presenting)
प्रदेश नीतिहरूको उत्तर-विधा
परीक्षण (PLS)
प्रारम्भिक प्रतिवेदन (Inception Report) प्रस्तुतीकरण
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश
Stop sharing
Idk Idk
Pranay Sharma
Pragati Bhattarai
Creative Media
Inception Meeting - PLS Gandaki
Messages will not be saved for meeting participants when the call ends. You can pin a message to make it visible for people who join later.
4:13PM
नमस्कार, प्रदेश नीतिहरुको उत्तर विधायिकिको परीक्षण कार्यक्रमको प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमको अनलाइन बैठकमा यहाँहरु सबैलाई स्वागत छ।
Hover over a message to pin it
4:18PM
परामर्शदाता संस्थाको तर्फबाट टोली प्रमुख श्री मदनमणी आचार्य र संस्थाको आधिकारीक प्रतिनिधी सरोज अधिकारी सहीत प्रतिवेदन सहायक म राजिव सुवेदी यो बैठकमा सबैलाई स्वागत गर्दछौं।
Send a message
4:37 PM
Inception Meeting - PLS Gandaki

बैठक नमुना माइनुट

आज मिति २०८३ साल असार १५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा शासकीय सुधार, सञ्चार तथा समन्वय महाशाखाका सचिवज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा प्रदेश नीतिहरुको उत्तर विधायिकिको परिक्षण कार्यक्रम अन्तर्गत क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी, काठमाडौंबाट पेश भएको अन्तिम प्रतिवेदन उपर छलफल भयो ।

निम्न:-

क्र.सं.	नाम थर	पद	कार्यरत निकाय	हस्ताक्षर
१	कृष्णप्रसाद लम्साल	सचिव	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	
२	पार्वती लामिछाने	उपसचिव	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	
३	मदन आचार्य	विज्ञ	क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी, काठमाडौं	
४	नारायण प्रसाद ढकाल	वरिष्ठ प्रशासकीय अधिकृत	सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश	
५	रश्मी रेग्मी	कानून अधिकृत	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	
६	बद्रि प्रसाद बाग्ले	समन्वय अधिकृत	सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय	
७	पवन राना मगर	Analyst	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, PLGSP	
८	भुवन थापा	कानुन अधिकृत	भूमि व्यवस्था कृषि सहकारी मन्त्रालय	
९	सागर खनाल	प्रशासकीय अधिकृत	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	
१०	सज्जन भूर्त्याल	कम्प्यूटर अधिकृत	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	
११				
१२				
१३				

अनुसूची १ नीति निर्माताहरू विषयविज्ञ, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको सुची

स्थलगत अध्ययनका क्रममा प्रमुख सूचना दाता र लक्षित समूह छलफलमा सहभागी- नीति निर्माताहरू विषयविज्ञ, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको सुची

चिरञ्जीवी शर्मा पौडेल - मुख्य न्यायाधिवक्ता कार्यालय

छविलाल रिजाल - प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोग गण्डकी

महाराज ढकाल - महाशाखा प्रमुख - उद्योग तथा पर्यटन मन्त्रालय

दीक्षा अर्याल - सम्पर्क व्यक्ति , उद्योग तथा पर्यटन मन्त्रालय,

अमोद दाहाल - उपसचिव - प्रदेश सभा सचिवालय

श्रीप्रसाद अधिकारी - उपसचिव, कानूनमा महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

निराजन शर्मा - निर्देशक- प्रेस रजिस्टारको कार्यालय

गोविन्द पाण्डे- वरिष्ठ कृषि विकास अधिकृत- कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

बालकृष्ण अधिकारी बरिस्ठ बाली विज्ञ अधिकृत, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लेख बहादुर खड्का - भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

नारायण ढकाल - सहकारी रजिष्टारको कार्यालय

तेजेन्द्र प्रसाद ढकाल - कानून अधिकृत आर्थिक मामिला मन्त्रालय

हरि खपाङ्गी - समाजिक विकास शाखा प्रमुख, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

लिलाधर पौडेल- जिल्ला समन्वय समिति प्रमुख

नारायण बराल - जिल्ला समन्वय अधिकारी

मन्जु सुवेदी- महिला विकास शाखा, शुक्ला गण्डकी नगरपालिका

युवराज पौडेल - समाजिक विकास शाखा प्रमुख, शुक्ला गण्डकी

बैकुण्ठ न्यौपाने - नगर प्रमुख व्यास नगरपालिका

सुकदेव लम्साल - प्रमुख प्रशासकिय अधिकृत, व्यास नगरपालिका

विकास सन्ज्याल - प्रशासकीय अधिकृत - घरपझोङ गाउँपालिकाका

उमराम पौडेल - प्रशासकीय अधिकृत मध्यबिन्दु नगरपालिका

कृष्ण हरि सापकोटा — देवचुली नगरपालिका

अनुसूची २ कानूनको ऐन कार्यान्वयन मापन, कार्यविधि (खाका)

(गण्डकी -प्रदेश सभा सचिवालय द्वारा ड्राफ्ट गरिएको)

कानूनको ऐन कार्यान्वयन मापन, अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: ऐनको कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशसभा नियमावली, २०८० को नियम १३४ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गण्डकी प्रदेशको सभामुखबाट यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद- १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मितिवाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “ऐन कार्यान्वय मापन" भन्नाले प्रदेशले बनाएका प्रदेशसँग सम्बन्धित कुनै ऐनको प्रावधान वा दफा, उपदफा, खण्ड, उपखण्ड वा अनुसूची वा तत् सम्बन्धी कानूनमा उल्लेख भएका अन्य कुनै व्यवस्था प्रारम्भ भए पछि त्यस्ता व्यवस्था तथा प्रावधान कार्यान्वयनको अवस्था (कानून कार्यान्वयनको व्यवस्था) खोज गर्ने, कानूनको कार्यान्वयनका कारण सम्बन्धित निकाय, सेवाग्राही वा सम्बद्ध अन्य कसैलाई पर्न गएको सकारात्मक वा नकारात्मक पक्ष तथा प्रभाव अध्ययन, अनुसन्धानको परीक्षण वा जाँच गर्ने विधिलाई सम्झनु पर्छ ।

(ख) "प्रतिवेदन" भन्नाले यस कार्यविधि बमोजिम समितिले तयार गर्ने प्रतिवेदनलाई सम्झनु पर्छ ।

(ग) "मापन" भन्नाले कानून कार्यान्वयन मापन सम्बन्धमा समितिले अवलम्बन गर्ने व्यवस्थापन तथा कानूनको मापन, परीक्षण, मूल्याङ्कन र समीक्षा समेतलाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले गण्डकी प्रदेशसभा नियमावली, २०८० को नियम १५२ बमोजिम गठन भएको प्रदेश मामिला तथा कानून समिति सम्झनु पर्छ।

(ङ) "सभापति” भन्नाले प्रदेश मामिला तथा कानून समितिको सभापति सम्झनु पर्छ।

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कानून कार्यान्वयनको अवस्थाको सन्दर्भमा अध्ययन गर्ने,

(ख) ऐन प्रारम्भ भएपछि त्यस्ता ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रोत्साहन गर्ने,

(ग) कानून कार्यान्वयनको सवल तथा दुर्वल पक्षको मूल्याङ्कन गर्ने,

(घ) ऐनमा रहेको प्रयोग विहिन (निष्प्रभाव) सम्बन्धी प्रावधान वा दफा तथा त्यस्ता प्रावधान वा दफाको कुनै व्यवस्थालाई परिमार्जन वा खारेज गर्नु पर्ने वा नपर्ने सन्दर्भमा अध्ययन गरी आवश्यक सुझाव दिने,

(ङ) विभिन्न कानूनहरूमा रहेको दोहोरोपनालाई हटाउनको लागि सिफारिस लगायत अन्य आवश्यक सहयोग गर्ने,

(च) गुणस्तरीय कानून बनाउनको लागि आवश्यक सहयोग तथा सहजीकरण गर्ने,

(छ) कानूनी शासनको मान्यता स्थापित गर्न आवश्यक कार्य गर्ने ।

परिच्छेद-२

मापन र अध्ययन, अनुसन्धान सम्बन्धी व्यवस्था

४. **परीक्षणको आधार** : (१) ऐनको प्रावधान वा दफा, उपदफा लगायत ऐनका समग्र व्यवस्था कार्यान्वयन भए वा नभएको सम्बन्धमा समितिले आवश्यकता अनुरुप मापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले परीक्षण गर्दा देहायका आधार लिनेछ :-

(क) मापन गरिने ऐनमा नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, आदेश वा अन्य कुनै व्यवस्था बनाउन सक्ने अधिकार भए वा नभएको,

(ख) खण्ड (क) बमोजिमको अधिकार भए सो अनुरूप सम्बन्धित निकाय वा अधिकारीले त्यस्ता नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, आदेश वा अन्य कुनै व्यवस्था बनाएको वा नबनाएको,

(ग) कानूनको कार्यान्वयनबाट लक्षित व्यक्ति, समुदाय, पक्ष वा क्षेत्रले अपेक्षित सामाजिक, आर्थिक, राजनीतिक, समावेशी लगायत सम्बद्ध ऐनले अपेक्षा गरेको अन्य उपलब्धि हासिल गर्न सके वा नसकेको,

(घ) तोकिएको मितिबाट ऐनको कार्यान्वयन भए वा नभएको,

(ङ) ऐन प्रारम्भ भएपछि अधिकार प्राप्त अदालतबाट सो ऐनको कुनै दफा, उपदफा वा कुनै प्रावधान उपर कुनै प्रकारको आदेश जारी भई सम्बन्धित ऐनको त्यस्तो प्रावधान, दफा, उपदफा वा खण्ड वा उपखण्ड कार्यान्वयन गर्न, नगर्न वा खारेज गर्नका लागि आदेश भएको अवस्था रहे वा नरहेको,

(च) नेपालको संविधानमा उल्लिखित राज्यका नीति तथा निर्देशक सिद्धान्त बमोजिम ऐन निर्माण भए वा नभएको,

(छ) सम्बन्धित ऐनसँग तादात्म्यता हुने गरी प्रत्यायोजित विधायनको व्यवस्था भए वा नभएको,

(ज) कानूनको प्रावधान बमोजिम स्थापना हुनु पर्ने संस्थागत संरचना गठन भए वा नभएको,

(झ) कानून कार्यान्वयनले समाजमा लैङ्गिक समानता तथा समता लगायतका कार्य गर्ने आधार कायम गरे वा नगरेको,

(ञ) कानूनको उद्देश्य, प्रयोजन र मनसाय बमोजिम ऐन कार्यान्वयन भए वा नभएको,

(ट) कानूनमा उल्लिखित कुनै प्रावधानलाई संशोधन गर्न आवश्यक रहे वा नरहेको,

(ठ) कानून कार्यान्वयनको चरणमा कुनै बाधा विरोध भए वा नभएको,

(ड) राज्यलाई आर्थिक, सामाजिक र सांस्कृतिक असर परे वा नपरेको,

(ढ) समितिले आवश्यक ठानेका अन्य आधार ।

५. **<u>अध्ययन अनुसन्धान गर्न सक्ने</u>** : (१) कानून कार्यान्वयनको मापन मूल्याङ्कन समिति आफैले वा सचिवालयका अधिकृतस्तरका कर्मचारी मध्येबाट वा अन्य विषय विज्ञमार्फत समितिले त्यस्तो कानून कार्यान्वयनको मापन मूल्याङ्कन वा अध्ययन, अनुसन्धान गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन अनुसन्धान गर्दा वा गराउँदा देहायको विषयलाई अवलम्बन गर्नु पर्नेछ :-

(क) सम्बद्ध कानूनको सैद्धान्तिक पक्ष तथा त्यस्तो कानूनको सम्बन्धमा प्रदेश सरकारको नीति,

(ख) कुनै पनि मौजुदा कानूनले संविधानको भावनालाई समेट्न सकेको छ वा छैन,

(ग) कुनै पनि, नियमावली, कार्यविधि वा निर्देशिकाले सम्बद्ध ऐनसँग तादात्म्यता राख्छ वा राख्दैन,

(घ) कानून कार्यान्वयनमा संचित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व के कति रहेको छ वा छैन,

(ङ) कुनै कानूनमा रहेको कुनै सारवान विषयमा उल्लेख गरेको छ वा छैन,

(च) मौलिक हक कार्यान्वयनका विषयमा उल्लेख भएको छ वा छैन,

(छ) कुनै व्यक्तिले दैनिक व्यवहार वा आचरणलाई नियमित वा नियन्त्रण गर्ने विषय,

(ज) समितिले आवश्यक ठानेका अन्य विषय।

६. **<u>मापनको समय</u>** : समितिले अन्यथा निर्देशन दिएको अवस्थामा बाहेक सामान्यतयाः प्रारम्भ भएको तीन वर्ष अवधि पूरा भएको ऐन, कानूनको मापन गर्न सकिनेछ।

परिच्छेद-३

<u>मापनका विधि तथा प्राथमिकीकरण सम्बन्धी व्यबस्था</u>

७. **<u>मापनको विधि</u>** : समितिले ऐन कार्यान्वयनको मापन, अध्ययन तथा अनुसन्धानको सम्बन्धमा देहायका विधि अवलम्वन गर्न सक्नेछ :-

(1) प्रारम्भिकः यसमा निम्न विधिहरू हुनेछन् :-

(क) कानूनको छनोट,
(ख) परीक्षणको उद्देश्य निर्धारण,
(ग) कानून कार्यान्वयनकारी निकायको पहिचान र परामर्शका योजना,
(घ) सरोकारवाला तथा विज्ञहरूको पहिचान र परामर्शका योजना,
(ङ) परीक्षणको समयावधी तय (सामान्यतयाः तीन महिना)।

(2) कार्यान्वयनः यसमा निम्न विधिहरू हुनेछन् :-

(क) परामर्श कार्यक्रमको सार्वजनिकीकरण,
(ख) सन्दर्भ सामग्रीको अध्ययन,
(ग) कानून कार्यान्वयनकारी निकायसँग प्रपरामर्श,
(घ) सरोकारवालासँग परामर्श (समूह केन्द्रीत छलफल, प्रश्नोत्तर, मुख्य सूचनादातासंग छलफल आदि),
(ङ) विषय विज्ञसँग परामर्श,
(च) प्राप्त तथ्याङ्कहरूको विश्लेषण,
(छ) निष्कर्ष, सुझाव तथा सिफारिस,
(ज) प्रतिवेदन निर्माण (प्रतिवेदन निर्माण अनुसूचीमा उल्लेख भएको ढाँचामा आधारित हुनेछ।

(3) फलोअप (आगामी कदमः यसमा निम्न विधिहरू हुनेछन् :-

(क) प्रतिवेदन वितरण,
(ख) फलोअप योजना निर्माण (प्रतिवेदन सभामा छलफल तथा सिफारिस, समितिमा सम्बन्धित मन्त्रालयसँग छलफल आदि),
(ग) समग्र परीक्षण कार्यको समीक्षा।

८. **<u>मापनको प्राथमिकीकरण</u>** : कुनै कानूनको मापन वा परीक्षण गर्नु अघि मापन वा परीक्षण गरिने कानूनको प्राथमिकता समितिले देहायको कुनै आधारमा तोक्न सक्नेछः-

(क) स्वतन्त्रता तथा नागरिक अधिकारसँग सम्बन्धित,
(ख) सार्वजनिक वा जनसरोकारसँग सम्बन्धित,
(ग) सुशासन तथा न्याय प्रशासनसँग सम्बन्धित,
(घ) प्राकृतिक स्रोत साधनको उपयोगसँग सम्बन्धित,
(ङ) उपभोक्ताहित तथा सार्वजनिक आपूर्ति व्यवस्थासँग सम्बन्धित,
(च) खानेपानी, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित,
(छ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समावेशी लगायत समाज कल्याणसँग सम्बन्धित,
(ज) कृषि, सहकारी, भूमि व्यवस्था, उद्योग, व्यवसाय, रोजगारी तथा श्रम व्यवस्थापनसँग सम्बन्धित,
(झ) समितिले आवश्यक ठानेका अन्य विषयहरू आदि।

परिच्छेद-४

मापन र अध्ययन अनुसन्धानको समयावधी तथा सीमा सम्बन्धी व्यवस्था

९. **मापनको समयावधि** : (१) कानूनको मापन वा परीक्षण गर्दा प्रारम्भ गरेको मितिले सामान्यतयाः तीन महिनाभित्र पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिमा कार्य सम्पन्न हुन नसकेमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

१०. **मापन र अध्ययन अनुसन्धानको सीमा** : कानूनको मापन वा परीक्षण सम्बन्धी कार्य गर्दा देहायका सीमाभित्र रही गर्नु पर्नेछ :-

(क) संवैधानिक व्यवस्था,

(ख) कानून र न्यायका सामान्य सिद्धान्त,

(ग) लिङ्ग, वर्ण, क्षेत्र, जातजाति तथा भाषाभाषी प्रति सम्मान तथा आदर,

(घ) निरपेक्ष तथा सन्तुलित अवधारणाको सिद्धान्त,

(ङ) आर्थिक सीमितता,

(च) समितिले तोकेको अन्य सीमा ।

अनुसूची ३ : गहन अन्तर्वार्ता प्रश्नावली

गण्डकी प्रदेशको उत्तर-विधायकी परीक्षण (PLS) अध्ययन

भाग १: प्रश्नावलीको परिचय

विवरण	जानकारी
अन्तर्वार्ता लिइएको व्यक्तिको नाम	
सम्पर्क नम्बर (वैकल्पिक)	
अन्तर्वार्ता मिति	
अन्तर्वार्ता स्थल	

भाग २: प्रस्तावना

नमस्ते, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको कार्यक्रम अन्तर्गत हामीले गण्डकी प्रदेशका ७ वटा ऐनहरूको उत्तर-विधायकी परीक्षण (Post-Legislative Scrutiny) गर्दैछौं। यो अन्तर्वार्ताको उद्देश्य ती ऐनहरूको निर्माण प्रक्रिया, कार्यान्वयनको अवस्था, सामना गर्नुपरेका चुनौतीहरू, र आगामी सुधारका सम्भावनाहरू बारे तपाईंको बहुमूल्य राय लिनु हो।

तपाईंको प्रतिक्रिया पूर्ण रुपमा गोप्य रहनेछ र केवल यस अनुसन्धानको उद्देश्यमा मात्र प्रयोग हुनेछ। कृपया यथार्थपरक जवाफ दिनुहोस्।

भाग ३: प्रदेश सरकारको सामान्य जानकारी

Q1. तपाईं प्रदेश सरकारको कुन निकायमा कार्यरत हुनुहुन्छ र कति वर्षदेखि?

Q2. तपाईंको निकायले तलका ७ ऐनहरू मध्ये कुन कुन ऐनको निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाएको थियो? (बहुविकल्पीय)

क्र.सं.	ऐनको नाम	निर्माणमा सहभागी	कार्यान्वयनको जिम्मेवार	कुनै भूमिका छैन
१	सुशासन ऐन, २०७६	()	()	()
२	पर्यटन ऐन, २०७९	()	()	()
३	सूचनाको हक ऐन, २०७९	()	()	()
४	बालबालिका ऐन, २०७८	()	()	()
५	स्थानीय तह सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५	()	()	()
६	कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७	()	()	()
७	सहकारी ऐन, २०७५	()	()	()

Q3. तपाईंको विचारमा यी ७ ऐनहरू निर्माण हुँदा सबै सरोकारवाला (स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र) को पर्याप्त सहभागिता भएको थियो?

() पूर्ण रुपमा

() आंशिक रुपमा

() धेरै कम

() भएन

() थाहा भएन

भाग ४ः ऐन निर्मापछिको (उत्तर-विधायकी) संरचना

PLS1. के गण्डकी प्रदेशमा हालसम्म कुनै उत्तर-विधायकी परीक्षण (Post-Legislative Scrutiny) संयन्त्र स्थापना भएको छ?

() छ (PLS इकाई/समिति गठन भइसकेको)

() आंशिक रुपमा छ (कुनै निकायले अनौपचारिक रुपमा हेर्छ)

() छैन

() थाहा भएन

PLS2. यदि छैन भने, के त्यस्तो संयन्त्र आवश्यक छ?

() अत्यन्त आवश्यक छ

() आवश्यक छ

() आवश्यक छैन (अन्य संयन्त्रले काम गरिरहेको छ)

() थाहा भएन

PLS3. हाल ऐन कार्यान्वयनको अनुगमन कसले गर्छ? (बहुविकल्पीय)

() सम्बन्धित मन्त्रालयले आफैं

() प्रदेश सभाको समितिले

() मुख्य न्यायाधिवक्ताको कार्यालयले

() कसैले पनि गरेको छैन

() थाहा भएन

PLS4. पछिल्लो तीन वर्षमा कुनै ऐनको औपचारिक समीक्षा भएको छ?

() छ (कुन ऐनः _______________)

() छैन

() थाहा भएन

PLS5. यदि भएको छ भने, समीक्षाको प्रतिवेदन कार्यान्वयनको अवस्था कस्तो छ?

() पूर्ण रुपमा कार्यान्वयन भयो

() आंशिक रुपमा

() कार्यान्वयन भएन (प्रतिवेदन 'राफ साफ' मै सीमित)

() थाहा भएन

भाग ५ः ऐन विशिष्ट प्रश्नहरू (प्रदेशको दृष्टिकोण)

५.१. गण्डकी प्रदेश सुशासन ऐन, २०७६

GA1. यो ऐन कार्यान्वयनको लागि प्रदेश स्तरमा कस्तो संरचना बनेको छ?

() सुशासन समिति (मन्त्रिपरिषद् अन्तर्गत)

() सुशासन निगरानी इकाई

() कुनै संरचना छैन

() थाहा भएन

GA2. सार्वजनिक सेवा प्रवाहमा सुधार आएको छ? (यदि तथ्याङ्क छ भने)

() उल्लेख्य सुधार (उदाहरण दिनुहोस्ः ____________)

() केही सुधार

() कुनै सुधार छैन

() सुधारभन्दा बिग्रिएको छ

GA3. यो ऐन संघीय सुशासन (कार्यविधि) ऐन २०६४ सँग कत्तिको मेल खान्छ?

() पूर्ण मेल खान्छ

() आंशिक मेल खान्छ (केही व्यवस्था फरक छन्)

() बाझिएको छ (दोहोरोपन वा विवादास्पद छ)

() थाहा भएन

५.२. गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९

RT1. प्रदेश स्तरमा सूचना अधिकारी तोकिएको छ? कति जनाले काम गरिरहेका छन्?

() छ (______ जना)

() तोकिएको तर नियमित छैन

() छैन

RT2. पछिल्लो एक वर्षमा प्रदेश मन्त्रालयहरूमा कतिवटा सूचना निवेदन परे र कतिलाई समयमै उपलब्ध गराइयो? (यदि तथ्याङ्क छ भने)

निवेदन सङ्ख्याः ______

समयमै उपलब्ध गराइएकोः ______ (______%)

RT3. सूचना ऐन कार्यान्वयनमा सबैभन्दा ठूलो चुनौती के हो?
() अभिलेख व्यवस्थित नहुनु
() कर्मचारीको मानसिकता
() आर्थिक स्रोतको अभाव
() ऐनमै प्राविधिक कमजोरी
() अन्यः ________

५.३. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८

CR1. प्रदेश स्तरमा बाल संरक्षणको लागि सञ्चित कोष स्थापना भएको छ?
() छ (बजेट कतिः ______)
() छैन
() प्रक्रियामा छ

CR2. संघीय बालबालिका ऐन २०७५ र प्रदेश बालबालिका ऐन २०७८ बीचको सम्बन्ध कस्तो छ?
() सुसंगत
() आंशिक रुपमा दोहोरोपन
() प्रत्यक्ष बाझिएको (कुन दफाः ____________)
() थाहा भएन

CR3. बाल विवाह, बाल श्रम, बाल हुलाकी (यातना) को अवस्था प्रदेशमा कस्तो छ? (तथ्याङ्कसहित यदि भए)

५.४. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९

TOUR1. यो ऐन लागू भएपछि पर्यटन क्षेत्रको राजश्व (जस्तैः होमस्टे दर्ता, प्रवेश शुल्क) मा कस्तो परिवर्तन आयो?
() उल्लेख्य वृद्धि (लगभग ______%)
() केही वृद्धि
() वृद्धि भएन
() तथ्याङ्क छैन

TOUR2. ऐनले स्थानीय तहलाई पर्यटन व्यवस्थापनको अधिकार दिएको छ। त्यसको पालना भइरहेको छ?
() पूर्ण रुपमा
() आंशिक रुपमा
() भएको छैन
() थाहा भएन

TOUR3. पर्यटन उद्योगी/व्यवसायीबाट कुनै गुनासो आएको छ? (बहुविकल्पीय)
( ) दर्ता प्रक्रिया जटिल
( ) कर/शुल्कको दर उचित छैन
( ) ऐनले स्थानीय तह र प्रदेशको अधिकार स्पष्ट नदिएको
( ) कुनै गुनासो आएको छैन
( ) अन्यः ________

५.५. प्रदेश सहकारी ऐन, २०७५

COOP1. प्रदेश अन्तर्गत दर्ता भएका सहकारी संस्थाको सङ्ख्या कति छ र ती मध्ये कतिवटा नियमित लेखापरीक्षण भएका छन्?

दर्ता सङ्ख्याः ______

नियमित लेखापरीक्षणः ______

COOP2. संघीय सहकारी ऐन (२०७४) र प्रदेश सहकारी ऐन (२०७५) बीचको सम्बन्धमा प्रदेश सरकारको स्थिति के छ?
( ) संघीय कानूनले प्रादेशिकलाई खारेज गरिसकेको छ
( ) दुवै सँगै चल्छन् तर कन्फ्युजन छ
( ) प्रदेश ऐन नै मान्य छ
( ) अदालतमा विचाराधीन छ
( ) थाहा भएन

COOP3. सहकारी ऐनलाई संशोधन गर्नुपर्ने आवश्यकता के के महसुस हुन्छ? (खुला)

५.६. प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७

AGRI1. यो ऐनको मुख्य उपलब्धि के के हुन्?

AGRI2. कृषि सामग्री (बीज, मल, औजार) को गुणस्तर परीक्षण गर्न प्रदेश स्तरमा कुनै प्रयोगशाला छ?
( ) छ
( ) छैन
( ) निर्माणाधीन

AGRI3. किसानले सहायता पाउन प्रदेशको "एकद्वार प्रणाली" कस्तो छ?

() प्रभावकारी

() प्रभावकारी छैन

() छँदै छैन

() थाहा भएन

५.७. स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

PROC1. यो ऐन हाल प्रयोगमा छ? वा स्थानीय तहले संघीय स्थानीय सञ्चालन ऐन (२०७४) प्रयोग गरिरहेका छन्?

() प्रादेशिक ऐन प्रयोगमा छ

() संघीय ऐन प्रयोगमा छ

() दुवैको मिश्रण छ

() थाहा भएन

PROC2. यदि यो ऐन अप्रचलित जस्तै छ भने, खारेजीको प्रक्रिया किन अगाडि बढेन?

() राजनीतिक इच्छाशक्ति छैन

() प्राथमिकतामा पर्दैन

() खारेजी आवश्यक छैन

() प्रक्रिया नै जटिल छ

() थाहा भएन

भाग ६ः संघीयता, समन्वय र क्षेत्राधिकार

FED1. तपाईंको विचारमा यी ऐनहरूमा प्रदेशको क्षेत्राधिकार (संविधानको अनुसूची ५) कहाँ कमजोर छ?

FED2. कुनै ऐनको कुनै दफा संघीय अदालतमा चुनौती परेको छ?

() छ (कुन ऐन/दफाः ______________, नतिजा के भयो?)

() छैन

() थाहा भएन

FED3. प्रदेश कानून र स्थानीय कानून बीचको समन्वय कत्तिको छ?

() उत्कृष्ट

() सन्तोषजनक

() कमजोर
() समन्वय संयन्त्र नै छैन

FED4. प्रदेश र संघ बीच कानूनी विवाद आएमाने समाधानको बाटो के हो?
() सर्वोच्च अदालतको व्याख्या
() राष्ट्रिय समन्वय परिषद्
() कार्यकारी स्तरमा मिलापत्र
() कुनै प्रक्रिया छैन
() थाहा भएन

FED5. *प्रदेश कानून आयोग* स्थापनाको अवस्था के छ?
() स्थापना भइसकेको र काम गरिरहेको छ
() स्थापना भए तर सक्रिय छैन
() स्थापना गर्ने तयारीमा छ
() स्थापनाको कुनै योजना छैन

भाग ७ः विधायिकी प्रक्रिया र प्रदेश सभा

PA1. प्रदेश सभाको प्रदेश मामिला तथा कानून समिति ले यी ७ ऐनहरूको कार्यान्वयन अनुगमन गरेको छ?
() गरेको छ (कहिलेः ________, के निष्कर्ष?)
() गरेको छैन
() गर्ने तयारीमा छ

PA2. समितिले कुनै ऐनमा संशोधनको सिफारिस गरेको छ?
() छ (कुन ऐनः ________)
() छैन
() गरेको तर सरकारले टेरेको छैन

PA3. प्रदेश सभामा पेस हुने नयाँ विधेयकहरूमा GESI प्रभाव मूल्याङ्कन अनिवार्य छ?
() छ
() छैन
() केही मात्रामा
() थाहा भएन

PA4. के प्रदेश सभाको आफ्नै विधायिकी सेवा सचिवालय प्रभावकारी छ?
() उत्कृष्ट

() सन्तोषजनक
() जनशक्ति र स्रोत अभाव
() प्रभावकारी छैन

भाग ८ः GESI (लैङ्गिक तथा सामाजिक समावेशीकरण) — प्रदेश परिप्रेक्ष्य

GESI1. के यी ७ ऐनहरू निर्माण गर्दा लैङ्गिक प्रभाव मूल्याङ्कन गरिएको थियो?
() सबैमा गरिएको थियो
() कतैमा गरिएको थियो (कुनः ________)
() कतै पनि गरिएको थिएन
() थाहा भएन

GESI2. हाल ऐन कार्यान्वयन हुँदा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायको पहुँच र लाभको तथ्याङ्क संकलन हुन्छ?
() नियमित रुपमा हुन्छ
() कहिलेकाहीँ हुन्छ
() हुँदैन
() हुन्छ तर विश्लेषण हुँदैन

GESI3. कुनै ऐनले विशेष रुपमा समावेशीकरण गर्ने प्रावधान राखेको छ? उदाहरणसहित।

GESI4. तपाईंको विचारमा "Transformative GESI" को परिभाषा के हो र यी ऐनहरूमा त्यो कति संस्थागत भएको छ?

GESI5. के प्रदेशमा GESI बजेटिङ हुन्छ? यी ऐन कार्यान्वयनमा कति प्रतिशत बजेट GESI को लागि छुट्याइन्छ?
() हुन्छ (लगभग ______%)
() हुँदैन
() थाहा भएन

भाग ९ः स्रोत, बजेट र जनशक्ति

1. यी ७ ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले पर्याप्त बजेट विनियोजन गरेको छ?
() सबै ऐनको लागि पर्याप्त
() केही ऐनको लागि मात्र (कुनः ________)

() अपर्याप्त

() अत्यन्तै कम (सांकेतिक मात्र)

2. कानून महाशाखा वा मन्त्रालयको कानून शाखामा ऐन कार्यान्वयन अनुगमन गर्ने छुट्टै जनशक्ति (पोस्ट) छ?

() छ (______ जना)

() छैन

() छ तर अन्य काममा परिचालन भएको

3. प्रदेशको डिजिटल अभिलेख को अवस्था कस्तो छ? के सबै ऐन, नियमावली, परिपत्रहरू सहजै उपलब्ध छन्?

() सबै डिजिटलाइज्ड र उपलब्ध

() केही मात्र

() बस्तुगत मात्रै

() अव्यवस्थित

भाग १०: मोडेल कानून सम्बन्धी सुझाव

MODEL1. गण्डकी प्रदेशलाई आफ्नै "उत्तर-विधायकी परीक्षण मोडेल कानून" चाहिन्छ?

() अत्यावश्यक

() चाहिन्छ तर तत्काल होइन

() चाहिँदैन (अन्य कानूनले पुग्छ)

MODEL2. यदि चाहिन्छ भने, त्यस मोडेल कानूनमा के के हुनु अनिवार्य छ? (बहुविकल्पीय)

() सबै ऐनको ५ वर्षे समीक्षा अनिवार्य

() नागरिकबाट प्रत्यक्ष सुझाव लिने प्रणाली

() OCMCM अन्तर्गत PLS इकाई

() समीक्षा प्रतिवेदन प्रदेश सभामा पेस गर्नैपर्ने

() GESI प्रभाव मूल्याङ्कन (GIA) अनिवार्य

() संशोधन सिफारिस पालना नगरेकोमा सञ्चार माध्यममा सार्वजनिक गर्ने

() अन्यः ________

MODEL4. के यो मोडेल कानूनमा "सार्वजनिक सुनुवाई" अनिवार्य प्रक्रिया हुनुपर्छ?

() सबै ऐनको समीक्षाको समयमा हुनैपर्छ

() ऐनको विषयवस्तु हेरेर मात्र

() हुनु जरुरी छैन

() थाहा भएन

MODEL5. ऐनहरुको उत्तर विधेयकी परिक्षणका सन्दर्भमा तपाईंको समग्र सुझाव के के हुन सक्छ (खुला प्रश्न):